पुस - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २५, अङ्क १८ | २०७३, पुस १६–२९ | पूर्णाङ्क ५८८





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ४ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ९ | २ |
| जम्मा | ४० |

| | |
|---|---|
| इजलास नं. १० | ५ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | १ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ४ |
| इजलास नं. १६ | ५ |
| इजलास नं. १७ | १ |
| एकल इजलास | ६ |
| जम्मा | २८ |

**कूल जम्मा ४० + २८ = ६८**

नेपाल कानून पत्रिकामा
२०१५ सालदेखि २०६९ साल असोजसम्म
प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, पुस – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| पूर्ण इजलास | | | १ |
| १. | लुटपिट | रमेशप्रसाद पुडासैनी वि. ज्ञानुदेवी राय यादवसमेत | |
| संयुक्त इजलास | | | २ - ६ |
| २. | नकबजनी चोरी | नेपाल सरकार वि. जीवन श्रेष्ठसमेत | |
| ३. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. बुद्धि तामाङसमेत | |
| ४. | डाँका | नेपाल सरकार वि. समिम अन्सारी मियाँसमेत | |
| ५. | जग्गा खिचोला चलन | गोपालबहादुर खड्का वि. शुकमान लिम्बु | |
| ६. | परमादेश | चम्पा रिजाल वि. बसन्तऋतु मा.वि. समेत | |
| ७. | भ्रष्टाचार | नेपाल सरकार वि. माधवराज शर्मा | |
| ८. | निषेधाज्ञा / परमादेश | केशव घिमिरे वि. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर रूपन्देहीसमेत | |

| इजलास नं.१ | | | ६ - ९ |
|---|---|---|---|
| ९. | उत्प्रेषण | देवेन्द्रबहादुर हमाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | निर्मल प्रधानसमेत वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, धर्मपथ, काठमाडौंसमेत | |
| ११. | उत्प्रेषण | पशुपतिप्रसाद जयसवाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत | |
| १२. | उत्प्रेषण / प्रतिषेध | विनिता थापासमेत वि. निर्धन उत्थान बैंक लिमिटेड केन्द्रीय कार्यालय, सहयोग मार्ग नागार्जुन मार्ग गल्लीघर नं. १९ अनामनगर, काठमाडौंसमेत | |
| इजलास नं. २ | | | ९ - १५ |
| १३. | उत्प्रेषण / परमादेश | डा. मन्जुरत्न शाक्य वि. पत्रपत्रिका वितरण, सम्परीक्षण समिति, नेपाल प्रेस काउन्सिल, सञ्चारग्राम काठमाडौंसमेत | |
| १४. | झुठा वा नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार | गणेशबहादुर रावल वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| १५. | भ्रष्टाचार (नक्कली प्रमाण पत्र) | सत्यओम दुवाल श्रेष्ठ वि. नेपाल सरकार |
| १६. | भ्रष्टाचार (नक्कली प्रमाण पत्र) | उजुरबहादुर बुढाथोकी वि. नेपाल सरकार |
| १७. | भ्रष्टाचार | रामनारायण सरदार थारू वि. नेपाल सरकार |
| १८. | भ्रष्टाचार | रामाशिष बैठा वि. नेपाल सरकार |
| १९. | उत्प्रेषण | श्रीकृष्ण सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २०. | भ्रष्टाचार | जयबहादुर चन्द वि. नेपाल सरकार |
| **इजलास नं. ३** | | **१५ - २०** |
| २१. | दर्ता बदर | शेरबहादुर भट्टराईसमेत वि. कृष्ण श्रेष्ठ भन्ने कृष्णलाल श्रेष्ठ |
| २२. | कर्तव्य ज्यान | बुद्धबहादुर डिम्डुङ्गसमेत वि. नेपाल सरकार |
| २३. | कर्तव्य ज्यान | नन्दु बस्नेतसमेत वि. नेपाल सरकार |
| २४. | मानव बेचबिखन | नेपाल सरकार वि. कुसुमराज अधिकारीसमेत |
| २५. | कर्तव्य ज्यान | दानबिक्रम थापा वि. नेपाल सरकार |
| २६. | कर्तव्य ज्यान | समला राई वि. नेपाल सरकार |
| **इजलास नं. ४** | | **२० - २२** |
| २७. | परमादेश | विक्रम सिंह थापा वि. चनरजीत धोबी |
| २८. | उत्प्रेषण | हरिप्रसाद शर्मा आचार्य वि. ज्ञानेन्द्र सिपाईसमेत |
| २९. | उत्प्रेषण / परमादेश | चिरञ्जिवी कोइराला वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| **इजलास नं. ५** | | **२२ - २४** |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लक्षीराम जैसी |
| ३१. | कर्तव्य ज्यान | शुकबहादुर श्रेष्ठ वि. नेपाल सरकार |
| ३२. | कर्तव्य ज्यान | धर्मेन्द्रकुमार यादव वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **२४ - २६** |
| ३३. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. तुलसीप्रसाद गिरी |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. इलताफ हुसेन अन्सारी |

| | | |
|---|---|---|
| ३५. | निषेधाज्ञा / परमादेश | ताहिर धुनिया वि. इलाका प्रहरी कार्यालय बुटवल, रूपन्देहीसमेत |
| **इजलास नं.७** | | **२६ - २९** |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर लुहारसमेत |
| ३७. | बन्दी प्रत्यक्षीकरण | विनोद भण्डारी वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंसमेत |
| **इजलास नं.९** | | **२९ - ३०** |
| ३८. | लागु औषध कोरेक्स | मुन्ना भन्ने मुकेश साह सोनार वि. नेपाल सरकार |
| ३९. | कर्तव्य ज्यान | गङ्गादत्त खनालसमेत वि. नेपाल सरकार |
| **इजलास नं.१०** | | **३० - ३२** |
| ४०. | अंश हक कायम दर्ता | सागरदेवीसमेत वि. सुसिला देवी |
| ४१. | उत्प्रेषण | चन्द्रा श्रेष्ठसमेत वि. तिला भन्ने तिलरूपा दवाडीसमेत |
| ४२. | उत्प्रेषण | दुलारीदेवी वि. सम्पत्ति शुद्धिकरण विभाग, केशरमहल, काठमाडौंसमेत |
| **इजलास नं.११** | | **३२ - ३४** |
| ४३. | जबरजस्ती करणी | बालकृष्ण खड्का वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ४४. | फैसला बदर | ठगा राय यादव वि. मु.स. गर्ने निजको श्रीमती कुसमी देवी |
| **इजलास नं.१२** | | **३४ - ३६** |
| ४५. | निर्देशन बदर | बीरभद्र विक्रम शाह वि. चौधरी हाउस सानेपामा कार्यालय रहेको चौधरी डेभलपर्स प्रा.लि. |
| **इजलास नं.१३** | | **३६ - ३७** |
| ४६. | निषेधाज्ञा / परमादेश | विनोद रोक्कासमेत वि. का.जि. का.म.न.पा.वडा नं. १३ स्थित पुरानो कालीमाटी उपभोक्ता समितिसमेत |
| ४७. | निषेधाज्ञा / उत्प्रेषण / परमादेश / प्रतिषेध | गणेशमाया त्वायनाबासुसमेत वि. मा.न्या.श्री लेखनाथ ढकालसमेत |
| **इजलास नं.१४** | | **३७ - ३८** |
| ४८. | उत्प्रेषण / परमादेश | रानुसिंह डंगोलसमेत वि. मालपोत कार्यालय, चाबहिल, काठमाडौंसमेत |
| ४९. | उत्प्रेषण / परमादेश | पशुपतिनाथ शर्मा वि. शशिल शर्मासमेत |

| इजलास नं. १५ | | | ३८ - ४५ |
|---|---|---|---|
| ५०. | मानव बेचविखन तथा ओसारपसार जबरजस्ती करणी | लाक्पा शेर्पा वि. नेपाल सरकार | |
| ५१. | अपुताली हक कायमसमेत | रमा अर्याल वि. हिरण्यसिंह ढुङ्गानासमेत | |
| ५२. | उत्प्रेषण / परमादेश | सुवास थापासमेत वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत | |
| इजलास नं. १६ | | | ४५ - ४६ |
| ५३. | परमादेश | सृजन खरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |

| इजलास नं. १७ | | | ४६ - ४७ |
|---|---|---|---|
| ५४. | उत्प्रेषण / परमादेश | अब्दुल हक वि. बिमलादेवी गुरूघरानासमेत | |
| एकल इजलास | | | ४७ - ४८ |
| ५५. | उत्प्रेषण | अधिवक्ता राजेश्वरी महर्जनसमेत वि. श्रम तथा यातायात मन्त्रालयसमेत | |
| ५६. | उत्प्रेषण / परमादेश | प्रमोद शमशेर ज.ब.रा. वि. आन्तरिक राजस्व विभाग, काठमाडौंसमेत | |
| ५७. | उत्प्रेषण / परमादेश | माधवेन्द्र विष्ट वि. मालपोत कार्यालय, लगनखेल, ललितपुरसमेत | |
| अदालत गतिविधि | | | ४९ - ५२ |

## पूर्ण इजलास

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CF-०००१, लुटपिट, *भीमदत्त नगरपालिका तर्फबाट कार्यकारी अधिकृत रमेशप्रसाद पुडासैनी वि. झानुदेवी राय यादवसमेत*

वादीले मापदण्डविपरीत घर निर्माण गरेको कारणबाट महेन्द्रनगर नगरपालिकाबाट मिति २०५८।९।१९ मा घर भत्काउन आदेश दिएको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम घरलगायतका स्थायी संरचनाहरू निर्माण गर्नुपूर्व स्वीकृत लिनुपर्ने बाध्यात्मक कानूनी शर्तहरू पालना नगरी उल्लङ्घन गरेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) ले दिएको अधिकार प्रयोग गरी मापदण्डविपरीत निर्माण भएको घर भत्काउने आदेश जारी गरी घर भत्काएको कार्यलाई कानूनविपरीतको कार्य भन्न नमिल्ने।

नगरपालिकाको निर्णयमा चित्त नबुझेमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन गर्ने कानूनी मार्ग भएकोमा वादीले उक्त मार्ग अनुशरण नगरी बसेको पाइन्छ। नगरपालिकाको उक्त आदेश बदर नभएसम्म सो आदेशबमोजिम भए गरेका कामकारवाहीहरू कानूनसम्मत मान्नु पर्ने।

नक्सा पासका लागि २० दिनको समय पाउँ भनी वादीले मिति २०५८।७।१४ मा साविक महेन्द्र नगरपालिका हाल भीमदत्त नगरपालिकामा निवेदन गरेको देखिन्छ ।यसरी नक्सापासको लागि समय मागगरेको अवधिभित्र आफूले बनाएको घरको नियमानुसार नक्सापास गराउने पर्याप्त समय र मौका पाएका वादीले त्यसको सदुपयोग गर्न सकेको देखिँदैन । यसरी महेन्द्रनगर नगर विकास समितिको मिति २०५४।३।१६ को पत्र र वादीले समय माग गरी मिति २०५८।७।१४ मा गरेको कबुलियत समेतबाट वादीले प्रतिरक्षार्थ मौका नै नपाएको भन्न नमिल्ने।

कानून कार्यान्वयनको सिलसिलामा आफूलाई प्राप्त अधिकारको दुरूपयोग गरी कुनै कार्य गर्दा कसैलाई क्षति हुन गएमा क्षतिको परिपूरण त्यस्तो निकायले बहन गर्ने अलग विषय हो। कानून उल्लङ्घन गरी कसैले मापदण्डविपरीत घर बनाएको छ भने त्यसरी घर बनाउने व्यक्ति स्वयम्ले त्यस्ता संरचना हटाउनु पर्ने हुन्छ । मापदण्डविपरीत बनाएको घर आफैँले उठाई लैजानु पर्ने वादीको कानूनी दायित्व भएकोमा वादीले सो दायित्व पूरा नगरेबाट नगरपालिकाले कानूनबमोजिम गरेको कार्यलाई लुटपिटको दायराभित्र पारी दायित्व बहन गराउनु सर्वथा अनुचित हुनजाने हुन्छ। यसकारण नगरपालिकाले कानूनबमोजिम घर भत्काएको कार्यलाई लुटपिट भन्न नमिल्ने हुँदा वादी दाबी पुग्न सक्ने नदेखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तोकेको कानूनी दायराभित्र रही महेन्द्रनगर नगरपालिकाले वादी दाबीको घर भत्काएको कार्य लुटपिटअन्तर्गत नपर्ने अवस्थामा लुटपिट गरेको भनी वादीले लुटपिटको बिगो भरी पाउने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६५।१२।१० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६४।३।७ को फैसला सदर हुने भनी संयुक्त इजलासका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायबाट व्यक्त राय मनासिब हुँदा उक्त राय सदर हुने ठहर्छ। वादी दाबीको घर नगरपालिकाले भत्काई लुटपिट गरेको भनी रू.८,९७,५५०।- वादीले महेन्द्रनगर नगरपालिका कार्यालयबाट भराई पाउने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सदर गरी माननीय न्यायाधीश श्री दीपकराज जोशीबाट व्यक्त राय मिलेको नदेखिँदा उक्त राय कायम नरहने।

इति संवत् २०७२ साल पुस ९ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय**, ०६८-CR-०७७७, नकबजनी चोरी, *नेपाल सरकार वि. जीवन श्रेष्ठसमेत*

प्रतिवादी सन्नी शाहलाई सफाइ दिएको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको जिकिरसम्बन्धमा हेर्दा प्रतिवादी सन्नी शाहले अदालतमा बयान गर्दा प्रतिवादी जीवन श्रेष्ठले चोरी गर्न जाँदा आफूलाई नसोधी आफ्नो मोटरसाइकल लिएर गएको र आफू चोरी गर्ने कार्यमा संलग्न नभएको भन्ने जिकिर लिएको पाइन्छ। सहअभियुक्तहरू जीवन श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दासमेत यी प्रतिवादी सन्नी शाहलाई पोल गरेको देखिँदैन। अर्का प्रतिवादी सुशील शर्माले पनि अदालतमा बयान गर्दा जीवन श्रेष्ठ र सुशील शर्माले जाहेरवालाको घरमा चोरी गरेको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको छ। वस्तुतः यी प्रतिवादी सन्नी शाहको मोटरसाइकल चढी प्रतिवादीहरू जीवन श्रेष्ठ र सुशील शर्मा चोरी गर्न गएको भन्ने कुरा मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा देखिए पनि निज प्रतिवादीको मन्जुरी वा सहमतिमा मोटरसाइकल प्रयोग गर्न दिएको भन्ने नदेखिएको र निज चोरी गर्ने कार्यमा संलग्न रहेको भन्ने पनि देखिन नआएकाले निज प्रतिवादी सन्नी शाहलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

यस अदालतबाट प्रस्तुत मुद्दा दोहोर्‍याउने निस्सा प्रदान गर्ने आदेशतर्फ हेर्दा प्रस्तुत वारदात नकबजनी चोरी भएको अवस्थामा साधारण चोरीतर्फ सजाय गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने आधारमा प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको पाइन्छ। वस्तुतः प्रतिवादीहरूले नकबजनी चोरीको रीतले जाहेरवालाको घरमा चोरी गरेको मिसिल संलग्न कागजातबाट देखिएको छैन। प्रतिवादी जीवन श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दासमेत चोरी गरेको कुरामा संलग्न रहेकोमा निज नकबजनीतर्फ मात्र इन्कार हुनु पर्ने अवस्था रहँदैन। प्रतिवादीहरूले जाहेरवालाको घरमा नकबजनी चोरीको रीतसँग चोरी गरेको नदेखिई साधारण चोरीको रीतसँग चोरी गरेको देखिएको अवस्थामा साधारण चोरीतर्फ सजाय गरेको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न प्रदान गरिएको आदेशसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी जीवन श्रेष्ठबाट बरामद भएको चोरीको बिगो रू.२८,७७५।- बराबरको धनमाल चोरी गरेको ठहर्‍याई निजलाई बिगोबमोजिम जरिवाना गरी एक महिना कैदको सजाय गर्ने, प्रतिवादी सुशील शर्मालाई रू.५००।- र एक महिना कैद सजाय गर्ने एवम् प्रतिवादी सन्नी शाह चोरी गर्ने कार्यमा संलग्न रहेको नदेखिएकोले निजलाई सफाइ दिने ठहर्‍याएको सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।५।२८ को फैसला मिलेको देखिएकाले सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-११३०, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. बुद्धि तामाङसमेत*

प्रतिवादीमध्येका जयन्ती गुरूङले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा रन्जीता कौर भन्ने व्यक्तिसँग आफ्नो दाजुमार्फत चिनजान भई आफ्नो कोठामा केही समयसँगै बसेको भन्नेसम्म तथ्यमा साबित रहेको देखिए पनि निजले रन्जीता कौरलाई नक्कली कागजात तयार गर्न सहयोग गरेको वा उक्त कार्य गर्न आफ्नोसमेत संलग्नता रहेको भन्ने कुरामा मौकामा र अदालतमा समेत इन्कार

रहेको देखिन्छ । अभियोगपत्रमा यी प्रतिवादी जयन्ती गुरूङको राहदानी किर्ते गर्ने कार्यमा संलग्नता रहेको भन्ने दाबी लिइएको भए पनि निज प्रतिवादीको उक्त कसुरमा के कस्तो संलग्नता रहेको हो भन्ने देखिने तथ्ययुक्त सबुद प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको देखिँदैन । निज रन्जीता कौर यी प्रतिवादी जयन्ती गुरूङको डेरामा केही समय बसेको भन्ने आधारमा मात्र निजले कसुर गरेको भन्ने अनुमानको आधारमा कसुरदार रहेको भनी निष्कर्षमा पुग्न मिल्ने हुँदैन । अर्का सफाइ पाएका प्रतिवादी बुद्धि तामाङको हकमा हेर्दा निजको नाममा राहदानी नं. २५४१२३६ को राहदानी जारी भएकोमा सोही नम्बरको राहदानी किर्ते गरी रन्जीता कौरको नाममा राहदानी बनाएकोले यी प्रतिवादीको समेत उक्त कार्यमा संलग्नता रहेको भन्ने वादी पक्षको अभियोग दाबी रहेको पाइन्छ । बुद्धि तामाङको नाममा जारी भएको राहदानीको नम्बर नै उक्त किर्ते गरिएको भनिएको राहदानीमा उल्लेख भएको भन्ने वादीको जिकिर देखिए पनि सो कार्यमा यी प्रतिवादीको के कस्तो संलग्नता रहेको भन्ने कुरा वादी पक्षले वस्तुनिष्ठ आधारमा पुष्टि गर्न सकेको छैन। केवल राहदानीको सि.नं. मिलेको भन्ने आधारमा राहदानी किर्ते गर्न परिपन्च मिलाएको भनी अर्थ गर्न मिल्ने हुँदैन । यस अवस्थामा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिबै देखिन आउने।

उपर्युक्त आधार र कारणसमेतबाट वादी पक्षबाट प्रतिवादीहरू राहदानी किर्ते गर्ने कार्यमा संलग्न रहेको भन्ने कुरा तथ्ययुक्त सबुद प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।१।७ को फैसला मिलेको देखिँदा सदर हुने

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-११३१, डाँका, *नेपाल सरकार वि. समिम अन्सारी मियाँसमेत*

वस्तुतः प्रतिवादी समिम अन्सारी र इस्लाम अन्सारीको साथबाट जाहेरवालाको डाँका चोरी भएको दुई थान गोरू बरामद भएको भन्ने तथ्यलाई यी प्रतिवादीहरूले अदालतमा भएको बयानमा समेत स्वीकार गरी उक्त साबिती बयानलाई प्रतिवेदकहरूको बकपत्रबाट समेत पुष्टि भएकाले उल्लिखित प्रतिवादीहरूले दाबीबमोजिमको कसुर गरेको देखिए पनि अन्य प्रतिवादीहरू इलियास मियाँ, सलिल महमद मियाँ र कवरूल मियाँसमेत जाहेरवालाको गोरू डाँका चोरी गर्ने कार्यमा सलग्न रहेको मान्न मिल्ने देखिँदैन। जाहेरवालाले आफ्नो जाहेरी दरखास्तमा नगद, सुन, चाँदिका गहना र गोरूसमेत डाँका भएको भन्ने उल्लेख गरेको देखिए पनि दुई थान गोरूसम्म प्रतिवादीहरू ससिम अन्सारी र इस्लाम अन्सारीबाट बरामद भएकाले बरामद नै नभएको बिगोभन्दा बढी धनमाल डाँका भएको भन्न मिल्ने अवस्था पनि नदेखिने।

प्रतिवादीहरू कवरूल मियाँ, सलिम महमद मियाँ र इलियास मियाँले अदालतसमक्ष बयान गर्दा जाहेरवालाको घरमा डाँका गर्न गएको अभियोग दाबीलाई इन्कार गरी बयान गरेको पाइन्छ । यी प्रतिवादीहरूको साथबाट डाँका गरेको भनेको धनमाल बरामद भएको अवस्था छैन । डाँका गरेको धनमालसहित पक्राउ गरेका प्रतिवादीहरूले गरेको पोलको आधारमा प्रतिवादी बनाइएका यी कवरूल मियाँ, सलिम महमद मियाँ र इलियासउपरको पोललाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको देखिएको छैन। प्रतिवादीहरू समिम अन्सारी र इसलाम अन्सारीले जेहरवालाको गोरू डाँका चोरी गरेको तथ्यलाई स्वीकार गरी निजहरूबाट दसी प्रमाणसमेत बरामद भएको अवस्थामा निजहरूले आरोपित कसुर गरेको पुष्टि भएको र अन्य प्रतिवादीहरूबाट डाँका गरेको भनेको धनमाल बरामद नभएको र आरोपित

कसुर गरेको तथ्यमा इन्कार रहेको अवस्थामा सबै प्रतिवादीको कसुरको हैसियत समान रहेको भन्न मिल्ने हुँदैन । प्रतिवादीको विरूद्धमा संकलन भएका सबुद प्रमाणका आधारमा कसुरदार देखिएकोलाई कसुरदार ठहर गरी निर्दोष देखिएकालाई सफाइ दिएको अवस्थामा प्रतिवादी बनाइएका सबैलाई एउटै सजाय गर्नुपर्ने भन्न नमिल्ने ।

वादी नेपाल सरकारले यस अदालतमा मुद्दा दोहोर्‍याई पाउन गरेको निवेदनपत्रमा प्रतिवादीहरूले रू.२००००।– को गोरू डाँका गरेको ठहर भएको अवस्थामा चोरीको महलको १४(४) नं. बमोजिम डेढी बढाई जरिवाना गर्नुपर्नेमा बिगोको रकम बराबर मात्र जरिवाना गरेको सुरू र पुनरावेदन अदालतको फैसला नमिलेको भन्ने जिकिर लिई सोही कारण उल्लेख गरी प्रस्तुत मुद्दामा यस अदालतबाट दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको देखिन्छ । वादी नेपाल सरकारले यस अदालतमा दोहोर्‍याई हेर्न निवेदन गर्दा उक्त कुराको जिकिर लिएको देखिए पनि सुरू सुनसरी जिल्ला अदालतको फैसलाउपर पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन गर्दा चोरीको महलको १४(४) नं. बमोजिम डेढी बढाई जरिवानाको माग नै नगरी अहिले यस अदालतमा मुद्दा दोहोर्‍याई हेरी पाउने निवेदनमा मात्र उपर्युक्त कुराको जिकिर लिएको देखिएकाले वादीको जिकिर मनासिब नदेखिँदा यस अदालतको मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरेको आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ उपयुक्त आधार र कारणसमेतबाट प्रतिवादीहरू समिम अन्सारी र इसलाम अन्सारीले जाहेरवालाको धनमाल चोरी गरेको पुष्टि भई अन्य प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि नभएकाले कसुरदार ठहरिएका प्रतिवादीहरू समिम अन्सारी मियाँ र इस्लाम अन्सारीलाई सजाय गरी अन्य प्रतिवादीहरू कवरूल मियाँ, सलिम महमद मियाँ र इलियास मियाँलाई सफाइ दिने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।३।९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७२ साल साउन ३१ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CI-१२२८, जग्गा खिचोला चलन, *गोपालबहादुर खड्का वि. शुकमान लिम्बु*

वादीको फिराद हदम्याद नाघी दायर भएको अवस्थामा मुद्दाको अन्य तथ्यभित्र प्रवेश गरी इन्साफ गर्नुपर्ने अवस्था नहुँदा अ.बं. १८० नं. बमोजिम फिराद खारेज हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको फैसला मनासिब देखिएकोले यस अवस्थामा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्न प्रदान भएको आदेशसँग सहमत हुन सकिएन । हदम्यादको अभावमा वादी दाबी अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६३।३।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६७-WO-०५९१, परमादेश, *चम्पा रिजाल वि. बसन्तऋतु मा.वि. समेत*

कानूनले नै स्पष्टरूपमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्दा अन्तर्वार्ताको लागि छुट्याइएको कूल २५ अङ्कमध्ये अनुभवबापत प्रत्येक वर्षको एक अङ्कका दरले बढीमा दश अङ्क प्रदान गर्ने गरी तोकेको अवस्थामा विपक्षीमध्येकी विमलाकुमारी माझीलाई अनुभवबापतको अङ्क प्रदान गरेको भन्ने देखियो । यी निवेदिकालाई नियुक्तिपत्र नदिएको

सम्बन्धमा पुनरावेदन अदालत, विराटनगरमा यीनै निवेदिकाले निषेधाज्ञायुक्त परमादेशको रिट निवेदन दिएकामा सो रिट खारेज गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।९।५ मा भएको आदेशउपर रिट निवेदिकाले पुनरावेदन नगरी अन्तिम भई बसेको भन्ने देखिन्छ । यसरी एउटै विषयमा एउटा अदालतबाट निर्णय भई अन्तिम भएर रहेको विषयमा असाधारण अधिकारक्षेत्रको माध्यमबाट प्रवेश गरी पर्न आएका निवेदनमा सुनुवाई गरी मागबमोजिम आदेश गर्दै जाने हो भने कुनै पनि विवादको अन्त हुनै नसक्ने अवस्था सिर्जना हुन जाने भई फैसला अन्तिमताको सिद्धान्तसमेतको विपरीत हुन जाने ।

तसर्थ प्रस्तुत विषयमा पुनरावेदन अदालत, विराटनगरमा यीनै निवेदिकाले दिएको रिट खारेज हुने ठहरी भएको आदेशउपर पुनरावेदन नगरी अन्तिम भएर रहेको हुँदा मागबमोजिम आदेश जारी गर्न मिल्ने देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७२ साल चैत २ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७०-CR-१६१३, भ्रष्टाचार, *नेपाल सरकार वि. माधवराज शर्मा*

प्रतिवादीलाई जिल्ला भू-संरक्षण कार्यालय, काभ्रेपलान्चोकबाट दिएको रमाना पत्रमा समेत यी प्रतिवादीको पदमा अस्थायी भूसंरक्षण अधिकृत नै उल्लेख गरी रमानापत्र दिएको देखिँदा यी प्रतिवादी अस्थायी पदमा नै कार्यरत रहेको भन्ने देखिन आउँछ । यी प्रतिवादीले झुट्टा विवरण देखाई स्थायी कर्मचारी भएको भन्ने देखिने कुनै लिखत मिसिलबाट देखिँदैन । वादी पक्षले अभियोजन गर्दा प्रतिवादीले झुट्टा कागजात पेस गरी सरकारी सेवामा प्रवेश गरेको भन्ने दाबी लिए पनि यी प्रतिवादीले सोबमोजिम नियुक्ति पाउँ भनी दिएको निवेदकसहितको फायल वादी पक्षले पेस गर्न सकेको देखिँदैन । पेस भएका कामकाज गर्न तोकिएको भन्ने पत्रमा समेत यी प्रतिवादी फाजिलमा परेको भनी उल्लेख भएको देखिँदैन । अस्थायी पदमा तलबभत्ता तहाँ कार्यालयवाटै खाने गरी भनी कामकाज गर्न तोकेको वन तथा भूसंरक्षण मन्त्रालय तथा बागमती एकीकृत जलाधार व्यवस्थापन आयोजनाको पत्रबाट लेखिएको देखिँदा यी प्रतिवादी अस्थायीरूपमा कार्यरत रहेको भन्ने देखिने ।

मुद्दाको मिसिल संलग्न पत्रहरू हेर्दा प्रतिवादीलाई अस्थायी नै जनाई रमाना एवम् पदस्थापन गरिएको देखिएको छ । प्रतिवादीले स्थायीसरह सुविधा लिएको भन्ने कुराका हकमा उक्त विषय कार्यालयकै मुख्य जिम्मेवारी रहने कुरा हो । कार्यालयको काममा लगाएको बखत पारिश्रमिक पाउनु स्वभाविक पनि हो । वादी नेपाल सरकारले प्रतिवादीउपर अभियोग दायर गर्दा निज प्रतिवादीलाई अस्थायी वा करारमा पनि नियुक्ति गरिएको होइन भनी भन्न सकेको छैन । त्यसका अतिरिक्त प्रतिवादीले आफू स्थायी कर्मचारी भएको भनी जिकिर लिएको वा स्थायी नियुक्त गरिएको पत्र पनि पेस गरेको भन्ने देखिएको छैन । स्थायी कर्मचारी सरह सुविधा एवम् सञ्चय कोषको रकम प्रतिवादीले लिन नपाउने भए वा बेरूजु भए कानूनबमोजिम असुल गर्न नसक्ने हुँदैन । त्यस प्रयोजनका लागि भ्रष्टाचारमा नै कारवाही गर्न पनि अनिवार्यता नदेखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीउपर मात्र कारवाही चली प्रतिवादीलाई नियुक्त गर्ने, काममा लगाउने एवम् तलब र सुविधा प्रदान गर्ने अन्य पदाधिकारीउपर कारवाही चलाइएको पाइँदैन । वस्तुतः सरकारी कार्यालयको कर्मचारी प्रशासन गर्ने प्रत्येक निकायले कानूनद्वारा तोकिएको आफ्नो जिम्मेवारी र कर्तव्य पालन गर्नुपर्ने कुरामा विवाद हुन सक्दैन । यी प्रतिवादीले सरकारी कार्यालयमा वर्षौंसम्म बिना अख्तियारी कामकाज गरेको र सञ्चय कोषसमेत कट्टा भएको भन्ने कुरामा नियुक्ति गर्ने कर्मचारीले र कर्मचारी सञ्चय कोषको प्रशासनले देखाउनु पर्ने होसियारी सोही निकायबाट पूरा गर्नुपर्ने हुन्छ । प्रतिवादीले आफैँले सञ्चय कोषलगायतका सुविधा प्राप्त गर्न भनी नक्कली कागजात बनाएको भन्ने पनि नदेखिएको

अवस्थामा अस्थायी कर्मचारीको रूपमा कार्य गरी काम गरेबापतको पारिश्रमिक लिएको कार्यलाई भ्रष्टाचार गरेको भन्न मिल्ने अवस्था नहुँदा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको विशेष अदालतको फैसला मनासिब देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट सम्बन्धित अख्तियारवालाले नियुक्ति दिई पटकपटक सरूवासमेत गरेको पत्रहरूका आधारमा कामकाज गरी आएको प्रतिवादीलाई नियुक्ति गर्ने, सरूवा गर्ने व्यक्तिउपर अनुसन्धान र छानबिन नै नगरी प्रतिवादीले कामकाज गरी उपभोग गरेको तलब भत्ता सुविधालाई बिगो कायम गरी लिएको दाबीअनुसार प्रतिवादी माधवराज शर्माले कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट प्रमाणित भएको नदेखिएकोले निजउपरको आरोपपत्रको दाबी पुग्न नसकी निजले सफाइ पाउने ठहर्‍याएको विशेष अदालतको मिति २०७०।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल साउन ३२ गते रोज २ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०७०-WO-०९८२, निषेधाज्ञा / परमादेश, *केशव घिमिरे वि. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर रूपन्देहीसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अवलोकन गरी हेर्दा विपक्षी सिद्धार्थनगर नगरपालिकाले निवेदकलाई निवेदकको घर सडक सीमाभित्र पर्ने देखिएकोले सबुद प्रमाणसहित ७ दिनभित्र उपस्थित हुनु भनी मिति २०६९।९।७ मा पत्र पठाएको देखिन्छ । तत्पश्चात् मिति २०६९।१०।७ मा निवेदकको घर ४ फिट ३ इन्च सडकभित्र परेकोले पत्र पाएको २१ दिनभित्र हटाउन जानकारी गराइएको भनी निवेदकलाई पत्र दिइएको देखिन्छ । तर रिट निवेदकले उक्त आदेशउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन गर्नसक्ने सामान्य कानूनको उपचार रहेकोमा निवेदकले सो उपचारको मार्ग अवलम्बन गरेको देखिन आएन । नगरपालिकाको कार्यकारी अधिकृतले गरेको आदेशउपर निवेदकले वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी सो आदेशउपर निषेधाज्ञा र परमादेशको दाबी लिई प्रस्तुत निवेदन दायर गरेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउँदा विपक्षी नगरपालिकाको कार्यकारी अधिकृतले गरेको आदेशउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन नगरी सो आदेशउपर निषेधाज्ञा परमादेशको निवेदन दायर गरेको देखिएको अवस्थामा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।१० को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६५-WO-०८६८, उत्प्रेषण, *देवेन्द्रबहादुर हमाल वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत*

रिट निवेदकले दाबी लिएका विवादित जग्गाहरू फिल्डबुकमा पर्ति भन्ने व्यहोरा उल्लेख भएको, स्थलगत सर्जमिन मुचुल्का हुँदा मसानघाट र सार्वजनिक चौतारो रहेको कुरासमेत खुली आएको, विवादित जग्गा २०३२ सालमा सर्भे नापी हुँदा फिल्डबुकमा मुक्तिनाथ गुठी र मोहीमा कसैको नामसमेत उल्लेख भएको नदेखिएसमेतबाट सो

जग्गा जग्गा नाप जाँच ऐन, २०१९ को दफा २(च) र मालपोत ऐन, २०३४ को दफा २(ख३) मा उल्लेख भएको सार्वजनिक जग्गाको परिभाषाभित्रकै जग्गाहरू रहेको देखिन आउने।

निवेदकले दाबी लिएका कि.नं. २९१, २९३ र ३१२ का जग्गाहरू निवेदकका नाममा दर्ता हुने भनी मिति २०४२।१०।४ मा मालपोत कार्यालय, म्याग्दीले निर्णय गरेपश्चात् उक्त जग्गाको दर्ता सम्बन्धमा पटकपटक अदालतमा समेत मुद्दा परेको अवस्था रहेको देखिन्छ। साथै उक्त जग्गा सार्वजनिक कायम गरिपाउँ भनी स्थानीय व्यक्तिहरूले भूमिसुधार मन्त्रालयमा निवेदन दिई भूमिसुधार तथा व्यवस्थापन विभाग हुँदै सो निवेदन मालपोत, कार्यालय म्याग्दीमा कारवाहीका लागि पठाइएको अवस्था मिसिलबाट देखिन्छ। मालपोत कार्यालय, म्याग्दीले सो जग्गाको दर्ता बदर गर्ने कारवाही गर्दा यी रिट निवेदकलाई समेत बुझी कारवाहीमा सामेल गराई सुनुवाइको मौका प्रदान गरेको देखिन्छ। साथै स्थलगत सर्जमिनसमेत गरी उचित कानूनी प्रक्रिया पुर्‍याई मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिमको अधिकार प्रयोग गरी उक्त कि.नं.का ३ कित्ता जग्गाको निजका नामको दर्ता बदर गरी सार्वजनिक कायम गरेको देखिन आयो। मालपोत कार्यालय, म्याग्दीले आफैँले मिति २०४२।१०।४ मा व्यक्तिका नाममा दर्ता गर्ने गरेको निर्णयलाई पुन: मिति २०६५।१०।२ मा दर्ता बदर गरी सार्वजनिक कायम गर्ने गरेको निर्णय कानूनसम्मत् छैन भनी लिएको जिकिर मालपोत ऐन, २०३४ को दफा २४(२) अनुरूप देखिन आएन। सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता भएको भए त्यस्तो दर्ता स्वत: बदर हुने र मालपोत कार्यालयले व्यक्तिका नामको दर्ता लगत नै कट्टा गर्नसक्ने कानूनी अधिकार मालपोत कार्यालयलाई रहे भएकै देखिँदा मालपोत कार्यालय, म्याग्दीले यी रिट निवेदकका नाममा दर्ता कायम रहेको कि.नं. २९१, २९३ र ३१२ का पुरै ३ कित्ता जग्गाहरू मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम दर्ता बदर गरी सार्वजनिक कायम गर्ने गरेको निर्णय मालपोत कार्यालयको क्षेत्राधिकारभित्रकै रहेको हुँदा सो निर्णय कानूनसम्मत नै रहेको देखिन आउँदा निवेदकले दाबी लिएको कि.नं. २९१, २९३ र ३१२ का मसानघाट, बाँझो र पर्ती जग्गाहरू जग्गा नापजाँच ऐन, २०१९ को दफा २(च) एवम् मालपोत ऐन, २०३४ को दफा २ (ख३) अनुसार सार्वजनिक जग्गा देखिएको हुनाले मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम निवेदकका नामको दर्ता बदर गरी सार्वजनिक कायम गरेको मालपोत कार्यालय, म्याग्दीको मिति २०६५।१०।२ को निर्णयमा कुनै कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्र कालाखेली

कम्प्युटर : सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७१ साल फागुन १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-१२१६, उत्प्रेषण / परमादेश, *निर्मल प्रधानसमेत वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, धर्मपथ, काठमाडौंसमेत*

सेयर धितो सुरक्षणको रूपमा ग्रहण गर्ने नेपाल बङ्गलादेश बैङ्क लिमिटेडले कानूनबमोजिम आफ्नो ऋण असुल गर्न सेयर लिलाम गराएको देखिन्छ। लिलामको प्रक्रिया र कारवाही सम्बन्धमा विपक्षी नेपाल बैङ्क लिमिटेडले कुनै आपत्ति जनाएको देखिँदैन। लिलामको प्रक्रियालाई बैङ्कले स्वीकारै गरी सेयरको लिलाम नहुनु पर्ने वा सेयरमा आफ्नो हक रहेको अवस्था भए लिलामको प्रक्रियालाई चुनौती गर्नुपर्नेमा सोसमेत गरेको पाइँदैन। विपक्षी बैङ्कले लिलामको प्रक्रियालाई चुनौती नगरी स्वीकार गरेको र लिलामबाट खरिद गरी निवेदकले रकमसमेत बङ्गलादेश बैङ्कमा दाखेल गरिसकेको अवस्थाबाट गंगा अमात्यका नामका रू.१००।- दरका ३६,२३१ सेयरहरूमा निवेदकको हक स्थापित भएको अवस्थालाई अन्यथा भन्न मिलेन। सेयरमा हक समाप्त भइसकेकी गंगा अमात्यले गरिदिएको व्यक्तिगत जमानीको कागजको आधारमा

सेयरमा गंगा अमात्यको कुनै पनि हक सृष्टि हुन सक्ने अवस्थासमेत रहँदैन । तसर्थ, विपक्षी बैङ्कबाट मिति २०७०।१।२६ सम्म सेयरधनि कायम भएका सेयरधनीहरूका लागि हकप्रद सेयर निष्काशन गरेको र यी निवेदकले मिति २०६३।३।३० मा लिलाम सकार गरी उक्त सेयर खरिद गरेको देखिएकोले उक्त लिलाम सकारकै मितिबाट सेयरधनी कायम भएको मान्नुपर्ने हुँदा अन्य सेयरधनीहरू सरह हकप्रद सेयर लिन पाउने अधिकार निवेदकको समेत रहेको देखिने।

विपक्षी नेपाल बैङ्क लिमिटेडले आफ्नो लिखित जवाफसमेतमा हाल वित्तीय सुधार कार्यक्रमअन्तर्गत बैङ्कको पुँजी वृद्धि योजनालाई नेपाल सरकार तथा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत भएबमोजिम यस बैङ्कको सेयर धितोपत्र विनिमय बजारमा मिति २०६९।८।१७ देखि बैङ्कको सेयर पुनः सूचीकरण भई धितोपत्र बजारमा बैङ्कको सेयर बजारमा सुचारू भइसकेको भनी उल्लेख गरेको अवस्थामा रिट निवेदक निर्मल प्रधानले लिलामबाट खरिद गरेका गंगा अमात्यको नामका रू.१००।- दरका ३६,२३१ कित्ताहरू निज निवेदकका नाममा नामसारी दाखेल खारेज गर्न इन्कार गरेको विपक्षीको उक्त निर्णय कानूनसम्मत नदेखिने।

उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधार र कारणबाट रिट निवेदक निर्मल प्रधानका नाममा सेयर नामसारी दाखेल खारेज गर्न नमिल्ने भनी विपक्षी नेपाल बैङ्क लिमिटेडको व्यवस्थापन समितिबाट मिति २०६९।१२।१८ मा भएको भनिएको निर्णय, विपक्षी बैङ्कबाट लेखिएको मिति २०६९।१२।२९ को पत्रलगायत सो सम्बन्धमा विपक्षीहरूबाट भए गरिएका टिप्पणी, आदेश, निर्णय, पत्र र पत्राचारलगायतका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। अब कानूनबमोजिमको लिलाम प्रक्रियाबाट खरिद गरेका निवेदकको हक स्थापित भएका सेयरहरू निवेदकको नाममा दाखेल खारेज गर्नु, गराउनु र हकप्रद सेयर निष्काशनको सूचनामा उल्लेख भएको अवधिमा निवेदक सेयरधनी कायम भएको मानी सूचनाबमोजिमको हक प्रद सेयरबापतको रकम निवेदकसँग लिई निवेदकलाई दिनु, दिलाउनु भनी विपक्षी नेपाल बैङ्क लिमिटेड, प्रधान कार्यालयसमेतका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : तिर्थराज भट्ट
कम्प्युटर : अभिषेककुमार राय
इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०४६१, उत्प्रेषण, *पशुपतिप्रसाद जयसवाल वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमेत*

नागरिकसँग प्रत्यक्ष सरोकार भएको बिरामीको उपचार गर्नुपर्ने संवेदनशील विषयलाई विचार गर्दा यदि दूर्गम क्षेत्रमा गई स्वास्थ्य सेवातर्फका जिम्मेवार पदाधिकारीहरूले सेवा नगर्ने हो र सुगम क्षेत्रमा मात्रै बस्ने हो भने प्रत्येक व्यक्तिको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यबाट दूर्गम क्षेत्रमा बस्ने असहाय, असक्त, गरिब व्यक्तिहरू र सुत्केरी महिलाहरूलाई ठूलो मर्का पर्न जाने देखिएकाले कानूनको रीत र प्रक्रिया पुर्‍याई स्वास्थ्य सेवा विभागले मिति २०७१।८।२५ मा निज रिट निवेदकलाई गरेको सरूवालाई अन्यथा गरेको भन्न मिल्ने अवस्था नदेखिने।

एउटै कार्यालयमा ८ वर्ष अघिदेखि कार्यरत रही बसिरहेको अवधिमा आफूलाई ५० वर्ष उमेर पुगिसकेको समेत जानकारी हुँदाहुँदै आफू पायक पर्ने स्थान चयन गरी कुन स्थानमा जाने भनी यी रिट निवेदकले स्थान चयन गरी सरूवा माग गर्न सकेको अवस्थासमेत देखिँदैन भने अर्कोतर्फ कानूनमा व्यवस्था भएबमोजिम उमेरको हदको आधारमा कुन ठाउँमा सरूवा भई जाने हो भन्ने कुरासमेत खुलाउन नसकेको तथा अधिकार प्राप्त अधिकारीबाट कानूनबमोजिम निवेदकलाई सरूवा गरेको मिसिल संलग्न प्रमाणबाट प्रष्ट देखिएको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। साथै निवेदकको रिट निवेदन खारेज हुने

ठहरेकाले यस अदालतबाट मिति २०७१।९।८ मा भएको अन्तरिम आदेश स्वतः निष्क्रिय हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

इति संवत् २०७२ साल मङ्सिर ९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०३०५, उत्प्रेषण / प्रतिषेध, *विनिता थापासमेत वि. निर्धन उत्थान बैंक लिमिटेड केन्द्रीय कार्यालय, सहयोग मार्ग नागार्जुन मार्ग गल्लीघर नं. १९ अनामनगर, काठमाडौंसमेत*

निवेदकले विपक्षी बैंकको कर्मचारीहरूबाट तालाबन्दी भई कारोबार सञ्चालन नभई ग्राहकहरूलाई असुविधा उत्पन्न हुन गई अत्यावश्यक सेवा ऐन, २०१४ बमोजिम तालाबन्दी गर्न नपाउने भनी जिकिर लिएकोमा निर्धन उत्थान बैंकबाट कर्मचारीहरूको मागको सम्बन्धमा उठाएको विषयवस्तुहरूलाई बैंकको सञ्चालक समितिबाट छलफल भई अदालतबाट मितिमा २०६९।६।२ मा जारी भएको अन्तरिम आदेशपछि सेवा सुचारू रहेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिएबाट बैंकको कामकारवाही सुचारू भइरहेको भन्ने देखिएकोले निवेदकले भनेजस्तो बैंकमा तालाबन्दी अवस्थाको अन्त्य भएको देखिई रिट निवेदनको औचित्य पूरा भएको देखिन आएकोले निवेदन माग दाबीबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-WO-०२५८, उत्प्रेषण / परमादेश, *डा. मन्जुरत्न शाक्य वि. पत्रपत्रिका वितरण, सम्परीक्षण समिति, नेपाल प्रेस काउन्सिल, सञ्चारग्राम काठमाडौंसमेत*

निवेदकको पत्रिका “अर्पण साप्ताहिक” लाई आ.वं. ०६९/७० को लागि “घ” वर्गमा र आ.व. ०७०/७१ को लागि “ग” वर्गमा वर्गीकृत गर्ने गरी प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११(१)(ख) बमोजिम निर्णय भएको देखियो। उक्त निर्णय पुनरावलोकनको लागि रिट निवेदकले प्रेस काउन्सिलसमक्ष निवेदन दिएको र सो निर्णय पुनरावलोकन गरी प्रेस काउन्सिल नेपालको मिति २०७२।३।३० मा “अर्पण साप्ताहिक” पत्रिकाको आ.व.०६९/७० को लागि “घ” वर्गमा राख्ने निर्णय सदर गरी आ.व. ०७०/७१ को हकमा “ग” वर्गमा वर्गीकरण गर्ने गरी निर्णय भएको देखियो। उपरोक्त उल्लिखित पत्रपत्रिका वितरण सम्परीक्षण मापदण्ड, २०६६ लाई आधार बनाई सबै पत्रपत्रिकाको वर्गीकरण भएको देखिएबाट निवेदकले दाबी गरे झै हचुवाको भरमा बिना आधार प्रमाण पत्रिकाको वर्गीकरण भएको भन्ने दाबी कुनै तथ्य र प्रमाणमा आधार लिई गरेको देखिएन। अर्कोतर्फ रिट निवेदकले जुन मितिमा वर्गीकरणसम्बन्धी निर्णय भएको र सो निर्णय बदरको दाबी लिई रिट निवेदन दायर भएको हो, सो मितिमा प्रेस काउन्सिलबाट पत्रपत्रिकाको वर्गीकरण सम्बन्धमा कुनै निर्णय भएको नभई आ.व. ०६९/७० र ७०/७१ को पत्रपत्रिकाको वर्गीकरणसम्बन्धी निर्णय मिति २०७२।३।३ मा भएको देखिन्छ भने उक्त निर्णयउपर दिइएका उजुरीको छानबिन गरी अन्तिम निर्णय मिति २०७२।६।१ मा भए गरेको देखिने।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण तथा संपरीक्षण समितिले मिति २०७२।३।३ मा निवेदक अर्पण साप्ताहिकले दिएको निवेदनमा आ.व. २०६९/७० र आ.व. २०७०/७१ को लागि भएको पत्रपत्रिकाको वर्गीकरणउपर पुनर्योग तथा पुनरावलोकनको लागि निवेदन दिन मिति २०७२।४।१७ गते सूचना प्रकाशन भएको र सो सूचनाबमोजिम यी निवेदकले मिति २०७२।४।१७ मा दुवै आर्थिक वर्षको वर्गीकरण नतिजा पुनरावलोकनको लागि प्रेस काउन्सिल नेपालका अध्यक्षसमक्ष निवेदन दिएको देखियो।

यसरी पुनरावलोकनको लागि दिएको निवेदनउपर प्रेस काउन्सिलबाट मिति २०७२।६।१ मा आ.व. २०६९/७० को हकमा निवेदकको पत्रिकालाई घ वर्गमा र आ.व. २०७०/७१ को हकमा ग वर्गमा रहने गरी निर्णय गरेको देखियो । यसरी निर्णय गर्दा पत्रपत्रिकाको छपाई सङ्ख्या, वितरण, निरन्तरता, आचार संहिता, विषयवस्तु, भाषा प्रस्तुति, साजसज्जा, क्षेत्रगत समाचारलगायतका मापदण्डहरूको आधारमा निवेदक पत्रिकाले तत्तत् शिर्षकमा प्राप्त गरेको प्राप्ताङ्कसहित पुनरावलोकनको निर्णय भएको देखिन्छ । यसरी पत्रपत्रिकाको कुनै एउटा अङ्क लाई आधार बनाएर मुल्याङ्कन गरिने नभई वार्षिकरूपबाट विभिन्न शिर्षकमा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मुल्याङ्कनलाई गरिएको देखिँदा भूलवश हुबहु छापिन गएको भन्ने निवेदन जिकिर विश्वासयोग्य नदेखिने ।

प्रेस काउन्सिलका अध्यक्षसमक्ष पुनरावलोकनको लागि निवेदन दिई निजको पुनरावलोकन गर्ने क्षेत्राधिकारलाई निवेदकले स्वीकार गरी सो पुनरावलोकनको निर्णयसमेत बदरको माग गरेको अवस्था देखिन्छ । तर रिट निवेदन दिँदा निजलाई विपक्षी बनाई दायर भएको देखिँदैन । यसरी जुन निकायले गरेको निर्णय बदरको लागि रिट दायर भएको हो, सो निर्णयकर्तालाई विपक्षी नै नबनाई दायर भएको रिट निवेदनबाट त्यस्तो निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी हुन सक्ने नदेखिने ।

इजलास अधिकृत: तीर्थराज भट्टराई

इति संवत् २०७२ साल मङ्सिर २० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-००५१, झुठा वा नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार, *गणेशबहादुर रावल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीबाट नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेस गर्ने कार्य अर्थात् आपराधिक कार्य भएको तथ्यमा कुनै विवाद छैन । पेस भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेस गरेको होइन भन्ने भएकोमा पेस गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेस गर्ने कार्यपछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाणपत्र पेस गर्ने कार्यमा आपराधिक कार्य र आपराधिक मन समेतका दुवै तत्त्व समावेश भएको देखिन आउने ।

अत: प्रतिवादी गणेशबहादुर रावलले हाइस्कूल तहको परीक्षा पास गरेको भनी झुठा सर्टिफिकेट पेस गरेको देखिन आएकोले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेकोले निजलाई सोही ऐनको दफा १२ र दफा २९(२) ले रू. ५००।- जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७०।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकनाथ पराजुली

इति संवत् २०७२ साल मङ्सिर २९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०२३४, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *सत्यओम दुवाल श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदकले विशेष अदालतसमक्ष त्रि.वि. मार्फत प्रमाणीकरण भएको क्रमाङ्क नं. २७१५ को प्रमाणीकरणमा भुलबस Not Found लेखिएको भनी "Found in T.R. as per university record" लेखिएको २८/७/११ को अर्को प्रमाणीकरणको फोटोकपी पेस गरी पुन: प्रमाणीकरणको लागि निवेदन दिएको देखिन्छ । पुनरावेदकको मागअनुरूप पुनः त्रि.वि. मार्फत सम्बन्धित भारतको विश्व विद्यालयमा पत्राचार हुँदा Roll No.2715, Registration No.13532 प्रतिवादीको नामको सद्दे होइन किर्ते हो भनी VER/22/2/11 मिति 12/11/011 मा उल्लेख भई आएको मिसिल संलग्न सक्कलै पत्रमा उल्लेख भएको देखिएको छ । उक्त VER/22/2/11 को प्रमाणीकरणमा उल्लिखित Roll No. 2715 Registration No.13532 मिसिल संलग्न प्रतिवादीको व्यक्तिगत

विवरणमा उल्लिखित लब्धाङ्कपत्रसँग मिल्न भिड्न आउँछ । यसप्रकार पटकपटक प्रमाणीकरण भई प्राप्त भएका लब्धाङ्कपत्र र सोको जवाफबाट प्रतिवादीले प्रहरी निरीक्षक पदको परीक्षाका लागि पेस गरेको भारतस्थित ललितनारायण मिथिला विश्व विद्यालयको क्रमाङ्क 2715 को लब्धाङ्कपत्र सक्कली नभई झुट्टा रहेको भन्ने विषय पुष्टि भएको पाइन्छ । एउटै विश्व विद्यालयबाट फरकफरक मितिमा फरक व्यहोरा आएको कारण एकिन भएन भन्ने प्रतिवादीले पुनरावेदनमा जिकिर लिए पनि विशेष अदालतबाट संस्थागतरूपमा त्रिभुवन विश्व विद्यालयमार्फत पत्राचार गर्दा प्रमाणीकरण नभिडेको देखिन्छ । तर, प्रतिवादी आफैँले व्यक्तिगत तवरबाट बयानका क्रममा र निवेदनसाथ दाखिल गरेका प्रमाणीकरणका प्रतिमा भिडेको भनी लेखिएको भए पनि आधिकारिक निकायबाट संस्थागतरूपमा प्रमाणीकरण भएर आएको तथ्यलाई व्यक्तिगतरूपमा दाखिल गरेका प्रमाणले खण्डन गर्छ भनी अदालतले अनुमान गर्न न्यायोचित नहुने ।

विशेष अदालतबाट प्रहरी निरीक्षक पदका लागि पेस गरेको शैक्षिक योग्यता सम्बन्धमा प्रतिवादीले पटकपटक लिएका जिकिरहरूलाई आधिकारिक निकायबाट सद्दे हो, होइन भन्ने सम्बन्धमा सम्बन्धित विश्व विद्यालयमा बुझी अभिलेखबाट समर्थित हुन नगएको भनी झुट्टा ठहर गरी तत्काल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) अनुरूप सजाय गरेको फैसला कानूनसम्मत रहेको देखिन्छ । प्रतिवादीको जिकिरअनुरूप सम्बन्धित निकायबाट प्रमाणीकरण गरी फैसला भएको अवस्थामा एकिन नबुझी भ्रष्टाचारको कसुरमा सजाय गरेको मिलेन भन्ने पुनरावेदन जिकिर एवम् विद्वान् वरिष्ठ अधिवक्तासमेतले बहसका क्रममा लिनुभएको जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक प्रतिवादी सत्यओम दुवाल श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अनुरूपको कसुरदार ठहर गरी ऐ. ऐनको दफा २९ (२) बमोजिम रू.५००।- जरिवाना हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०६९।२।१० मा भएको फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणि गौताम

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०५२३, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *उजुरबहादुर बुढाथोकी वि. नेपाल सरकार*

जिल्ला प्रहरी कार्यालय, खोटाङबाट प्राप्त प्रहरी कर्मचारीको तीन पुस्ते अभिलेखको शैक्षिक योग्यता महलमा "S.L.C. पास (नेपाल)" भनी उल्लेख भएको देखिन्छ । अनुसन्धानका क्रममा प्रहरी प्रधान कार्यालयबाट प्राप्त निजले पेस गरेको एस.एल.सी. पासको लब्धाङ्कपत्र हेर्दा नाम लेखिएको ठाउँमा पहेँलो रङ्गको टिपेक्समाथि The Mark Secured by UJIR BAHADUR BUDHATHOKI नाम लेखिएको देखिन्छ । उक्त प्रमाणपत्र प्रतिवादीको हो, होइन भन्ने सम्बन्धमा अनुसन्धानका क्रममा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरमा प्रमाणीकरण गर्न पठाउँदा सो प्रमाणपत्र २०५६ सालमा सिम्बोल नं.००४५१९७"आई" मा नाम उजीरबहादुर बुढाथोकी नभई हरिप्रसाद बुढाथोकी रहेको भनी प्रमाणीकरण भई आउँदा नमिलेको देखिने ।

प्रतिवादीले एस.एल.सी. पास नगरेको भनी जिकिर लिए पनि व्यक्तिगत विवरणअनुरूप पेस गरेको शैक्षिक योग्यताको लब्धाङ्कपत्रमा नाम निजको नरही अर्कै व्यक्ति हरिप्रसादको रहेकोमा नाम सच्याई आफ्नो नाम उल्लेख गरेको मिसिल संलग्न तथ्यले प्रमाणित गरेको अवस्था छ । आफूले हासिल नगरेको एस.एल. सी. पास गरेको प्रमाणपत्रका आधारमा बढुवा भएको होइन भनी जिकिर लिए पनि मिसिल संलग्न प्रहरी प्रधान कार्यालयको च.नं. १०९६ मिति २०६७।१।२९ को पत्रमा "प्र.ह.उजीर बहादुर बुढाथोकी स.प्र.से. खोटाङमा कार्यरत रहेको अवस्थामा निजको तीन

पुस्ते अभिलेखमा शैक्षिक योग्यताको महलमा एस.एल.सी. पास लेखी सोही अभिलेख" का आधारमा एक तह बढुवा भएको र खोटाङमा कार्यरत रहँदा आफ्नो तीन पुस्ते विवरणको शैक्षिक योग्यता महलमा आफैँ एस.एल.सी. जनाएको भनी किटानी उल्लेख भएको पाइन्छ। जिल्ला प्रहरी कार्यालय खोटाङको तीन पुस्ते अभिलेख विषयको पत्रमा हातैले लेखिएका सबै अक्षर र नमुना अक्षर राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा समकालिन हस्ताक्षर नमुनाको अभावमा एकिन गर्न नसकिए पनि हस्ताक्षर तुलना गर्दा अक्षरको बनावट जु, र, ढ, त्रि, स, ल, ०५९, १, ३, ४ आदि अक्षरमा समानता रहेको पाइन्छ भनी विशेषज्ञको रायमा उल्लेख भएको देखिने।

विशेषज्ञले दिएको रायसमेतबाट प्रतिवादीको कार्यक्षेत्र खोटाङमा रहँदा निजले प्रहरी हवल्दारको पदमा बढुवा पाउने उद्देश्यले हासिल नगरेको शैक्षिक योग्यता हासिल गरेको छु भनी झुट्टा शैक्षिक योग्यताको लब्धाङ्कपत्र राख्ने, व्यक्तिगत विवरण सच्याउनेसमेतका कार्य गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी उजुरबहादुर बुढाथोकीलाई नक्कली प्रमाणपत्र भ्रष्टाचारको कसुरमा तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(२) अनुसार सजाय गरी विशेष अदालत काठमाडौंबाट मिति २०६८।३।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कपिलमणि गौताम

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०१९०, भ्रष्टाचार, *रामनारायण सरदार थारू वि. नेपाल सरकार*

प्रतिवादीले मौका र अदालतमा गरेको बयानमा विवादित शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्राइभेटरूपमा अध्ययन गरी प्राप्त गरेको हुँ। पेस भएका प्रमाणपत्रहरू नक्कली नभई सक्कली नै हुन् भनी उल्लेख गर्दै पुनः प्रमाणीकरणको माग गरेको पाइन्छ। प्रतिवादीको अनुरोधबमोजिम निजले अध्ययन गरेको शैक्षिक संस्था विहार विद्यालय परीक्षा समिति पटनामा पुनः परीक्षणको लागि पठाइएकोमा "रोल कोड ३८०२, क्रमाङ्क १७०, परीक्षा वर्ष १९८७ समिति अभिलेख मे व्यवहार नही किया गया हैं" भनी लेखी आएको मिसिलबाट देखिन्छ। प्रतिवादीको मागबमोजिम निजले पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू पुनः प्रमाणीकरणको लागि पठाउँदा पनि पुनरावेदकले अध्ययन गरेको भनिएको शैक्षिक संस्थाबाट नै पुनरावेदकको अध्ययन गरेको सम्बन्धमा कुनै अभिलेख छैन भनी लेखी आएको पाइन्छ। पुनरावेदकले प्राइभेटरूपमा अध्ययन गरी परीक्षामा सामेल भई उत्तीर्णसमेत गरेको भनी दाबी लिए तापनि सो विद्यालयमा पुनरावेदकसँग सम्बन्धित अभिलेख नै नभएको अवस्थामा पुनरावेदकले पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरू सक्कली रहेको भन्न सकिने आधार देखिएन। यसप्रकार पुनरावेदकले नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेस गरी शिक्षक पदमा नियुक्ति लिएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकोले विशेष अदालत, काठमाडौंको फैसला मिलेकै देखिन आउने।

इजलास अधिकृत : लोकनाथ पराजुली

इति संवत् २०७२ साल मङ्सिर २९ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०३१७, भ्रष्टाचार, *रामाशिष बैठा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफूप्रति लगाएको आरोप शङ्कारहित तवरले पुष्टि हुन सकेको छैन भनी पुनरावेदन जिकिर लिएको पाइन्छ। पुनरावेदकले आफूले लिएको अध्यापन अनुमतिपत्रका आधारमा शिक्षक पदमा अस्थायी नियुक्ति लिएको र उक्त अध्यापन अनुमतिपत्रमा तत्कालीन जि.शि.अ. बलबहादुर परियारले दस्तखत गरेका हुन् भनी बयानमा

उल्लेख गरेका छन्। जि.शि.अ. बलबहादुर परियारले प्रतिवादीले पेस गरेको अध्यापन अनुमति पत्रमा र सरकारी कार्यालयमा अभिलेख रहेको प्रतिवादीको फोटोमा पर्ने गरी गरिएको दस्तखत आफ्नो नभएको भनी कागज गरेको मिसिलबाट देखिन्छ। कार्यालयको अभिलेखमा रहेको पुनरावेदकको फोटोमा पर्ने गरी गरिएको दस्तखत र विवादित अध्यापन अनुमति पत्रमा लगाएको दस्तखतहरू तत्कालीन जिल्ला शिक्षा अधिकारीको दस्तखतसँग पूर्णरूपमा भिन्न देखिन्छ भनी विधिविज्ञान प्रयोगशालाबाट लेखी आएको पाइन्छ । अध्यापन अनुमति पत्रमा सही गर्ने अधिकारीबाट विवादित प्रमाणपत्रमा भएको दस्तखत आफ्नो होइन भनी गरेको कागज विधिविज्ञान प्रयोगशालाबाट समेत शङ्कारहित तबरबाट पुष्टि भएको अवस्थामा विवादित अध्यापन अनुमति पत्र सक्कली र यथार्थ हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीले झुट्टा नक्कली अध्यापन अनुमतिपत्र पेस गरी ज्ञानसागर दलित प्रा.वि. को शिक्षक पदमा अस्थायी नियुक्ति लिई अध्यापन गराएको तथ्य पुष्टि भएकोले प्रतिवादी रामाशिष बैठालाई भ्रष्टाचार ऐन, २०५९ को दफा १६(१) बमोजिम ६(छ) महिना कैद र रू.१०,०००।- (दस हजार) जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०७१।१।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर २९ गते रोज ३ शुभम्।

७

**मा.न्या. श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१२२७, उत्प्रेषण, *श्रीकृष्ण सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रेस काउन्सिलबाट प्रकाशित हुने पत्रिका “संहिता” मा निवेदकका सम्बन्धमा भएको प्रकाशनबाट निवेदकहरूको मान मर्दन भएको छ छैन भनी विचार गर्नुपर्ने देखियो। निवेदकहरू विरूद्धको छापा देखाई “अखबार कि बदला लिने हतियार” भनी सम्प्रेषण गरेका कुराले निवेदक विरूद्ध छापिएका कुराहरू त्यो छाप्ने अखबारवालाले पत्रकारिता गरेको हो की निवेदकहरूसँग बदला लिन अखबारलाई हतियार बनाएको हो भन्ने पश्न उठाएको देखियो । कसैले पनि आफ्नो अखबारको जरियाबाट कसैसँग बदला लिने दुराषयबाट ग्रसित भई प्रकाशन गर्नु हुँदैन । अखबार जनतालाई सही सूचना प्रवाह गर्ने पवित्र माध्यम हो । व्यक्ति विशेषले कसैप्रति पुर्वाग्रही भई बदला लिने नियतले हतियारको रूपमा अखबारलाई प्रयोग गरी समाचार सम्प्रेषण गरेमा यसको पवित्रता र गरिमामा आँच आउँछ। त्यसैले अखबारका विषयमा आधिकारिक नियामक निकाय प्रेस काउन्सिल भएको नाताले देशभरका पत्रपत्रिकामा आएका गैह्र समाचार तथा आचारसंहिता उल्लङ्घन भएको सम्बन्धमा चासो लिई त्यस्तो कार्यका विरूद्ध सचेत गराउने सकारात्मक मनसायबाट प्रकाशित सामग्रीलाई अन्यथा भएको वा निवेदकको कुनै संवैधानिक तथा कानूनी हक हनन् भएको भन्न मिल्ने देखिन नआउने।

पुनश्चः प्रकाशित भएका सामग्रीहरू कसरी यी निवेदकहरूका विरूद्ध हुन गएका हुन् ? सोको कुनै पुष्ट्याईं निवेदनमा हुन सकेको देखिँदैन । उक्त समाचारका विरूद्धमा निवेदकले दिएको निवेदनमा कुनै निर्णय भइसकेको अवस्था पनि नभई कारवाहीको प्रक्रियामा नै रहेको भन्ने रिट निवेदन संलग्न फायलबाट देखिन्छ । यसरी तोकिएको कार्यविधि र प्रक्रियाबमोजिम कारवाहीको लागि दिइएको निवेदनमा छानबिन भइरहेको अवस्था संलग्न प्रमाण मिसिलसमेतबाट देखिरहेकोमा सो लाई प्रभावित गर्ने गरी रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्ने नमिल्ने।

क्षतिपूर्तिसमेतको दाबी लिएको तर्फ विचार गर्दा कुनै पत्रिकामा प्रकाशित सामग्रीले कसैको मान प्रतिष्ठा र ख्यातिमा आँच आएमा सोको उचित क्षतिपूर्ति तिर्नु बुझाउनुपर्ने नै हुन्छ। पत्रपत्रिका अति

संवेदनशील व्यवसाय हो। यसले जनताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्दछ । जनताको यो अधिकार कुण्ठित नहोस् भन्ने अभिप्रायबाट व्यवसायलाई संविधान र कानूनले सजगताका साथ सुरक्षित गरेको छ। तर यो अधिकारको प्रयोग गर्दा अनावश्यक तवरबाट आफ्नो व्यक्तिगत फाइदाको लागि वा बदला लिन आत्मसन्तुष्टिको लागि कसैको मान मर्दन गर्नु हुँदैन । प्रकाशनको स्वतन्त्रताको आडमा कुनैपनि पत्रकार स्वच्छन्द हुन सक्दैन । यस्तो गैह्र जिम्मेवारी क्रियाकलाप हुन गएमा त्यो प्रकाशनले पुर्‍याएको क्षतिको न्यायोचित आंकलन गरी क्षतिपूर्ति भराउन अदालतसक्षम रहेको छ। कसुर गर्नेले सजायबाट उन्मुक्ति पाउन सक्दैन। तर विपक्षी प्रेस काउन्सिल नेपालले निवेदकको मानमर्दन वा बेइज्जती गरेको नदेखिई निवेदकसँग बदला लिन कुनै पत्रिकालाई हतियारको रूपमा लिइयो कि भन्नेसम्मको बिचार उक्त संप्रेषणबाट गरी जनतालाई सुसूचित गरेको देखिएको अवस्था छ। प्रेस काउन्सिलको प्रकाशनबाट निवेदकको बेइज्जती नभएको हुँदा प्रेस काउन्सिलले क्षतिपूर्ति व्यहोर्नु पर्ने भन्ने निवेदक दाबीसँग सहमत हुन नसकिने।

निवेदकले आफ्नो प्रतिष्ठामा आँच आएको र क्षतिपूर्तिमा आएको भन्ने निवेदन दाबी छ। अदालतको साधारण अधिकारक्षेत्रको प्रयोग नगरी असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखिन्छ । प्रतिष्ठामा आँच आउने र क्षतिपूर्ति जस्ता विवादहरू प्रचलित कानूनबमोजिम अदालतको साधारण क्षेत्राधिकारबाट नालेस लिई प्रवेश गर्नुपर्ने हुन्छ। अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट उपचार खोजेको हुँदा निवेदकको प्रतिष्ठामा आँच आयो आएन, क्षतिपूर्ति कति हुनुपर्ने हो आदि सबुत प्रमाणको मूल्याङ्कन हुनसक्ने अवस्था रहेन । तसर्थ निवेदकको मागबमोजिम रिट जारी हुन सक्ने अवस्था नरहने।

इजलास अधिकृत : तीर्थराज भट्टराई

इति संवत् २०७२ साल पुस ८ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०६१४, भ्रष्टाचार, *जयबहादुर चन्द वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीका शैक्षिक योग्यताका प्रमाणत्रहरूका सम्बन्धमा पुनरावेदकलाई प्रमाणपत्र प्रदान गरेको सम्बन्धित भारतीय शैक्षिक संस्थामा सोधनी गर्दा "हाइस्कूल परीक्षा १९९० मे अनुक्रमाङ्क १२४२९१७ इस कार्यालयकी अनुक्रमाङ्क शृङ्खला से बाहर है। अतः उक्त अनुक्रमाङ्क किसी भी परीक्षार्थीको अनुदानित नही है" भनी उल्लेख भएको पाइन्छ । तर प्रतिवादीले आफ्नो बयानका क्रममा र निवेदनसाथ आफ्ना शैक्षिक योग्यताका प्रमाणपत्रहरू सही साँचो भएको व्यहोरा उल्लेख गरी प्रमाणीकरणको पत्र पेस गरेको देखियो। प्रतिवादीले पेस गरेको प्रमाणीकरणको पत्रको व्यहोरामा "प्राथी के प्राथना पत्रके आधार पर निवेदन है की प्राथी यू.पी. बोर्ड से हाइस्कूल १९९० अनुक्रमाङ्क १२४२९१७ अनुदानित के आधार पर परीक्षा उत्तीर्ण की है प्राथी के परीक्षाफल के सम्बन्धमे नेपाल से सत्यापन हेतु पत्र परिषद् कार्यालय मे भेजा था परिषद् कार्यालय से पत्राङ्क १०४४ दिनाङ्क २०-०३-२०१० द्वारा से सत्यापन पत्र निर्गत किया था वहा लिपिकीय त्रुटि के कारण गलत अंकित हो गया। अब प्रार्थी के सम्बन्धमे परिषद् के अभिलेखानुसार पुन: विवरण अंकित किया जा है जो निम्नवत् है । परीक्षा वर्ष हाइस्कूल १९९० अनुक्रमाङ्क १२४२९१७ परीक्षार्थी का नाम जयबहादुर पिताका नाम करन चन्द्र जन्मतिथी १०-०५-१९७५ योग २९४/६०० परीक्षा द्वितीय उत्तीर्ण" भनी उल्लेख भएको पाइन्छ। एउटै शैक्षिक संस्थाले वादी पक्षलाई एक प्रकारको व्यहोरा र प्रतिवादीलाई त्यसको ठीकविपरीत हुने गरी प्रमाणीकरण व्यहोरा उल्लेख गरी दिएको अवस्थामा कुन प्रमाणीकरण व्यहोरा सही साँचो हो भन्ने प्रश्न निर्णयकर्तासमक्ष खडा हुनु स्वभाविकै हुन आउने।

प्रतिवादी जयबहादुर चन्दले प्रमाणको रूपमा पेस गरेको कागजमा नै सम्बन्धित शैक्षिक संस्थाले आफ्नो कार्यालयबाट पठाएको होइन भनी लेखेको व्यहोरालाई प्रतिवादीले अन्यथा हो भनी प्रमाणित गर्न सकेको पाइँदैन । प्रतिवादीले नक्कली र झुट्टा शैक्षिक योग्यताका प्रमाणपत्र तयार पारी सोही नक्कली प्रमाणपत्रका आधारमा ओहदा प्राप्त गरेको र निजका विरूद्धमा उजुरी परेपछि पनि पुन: उक्त झुट्टा कुरालाई लुकाउन नक्कली प्रमाणीकरण व्यहोराको पत्र खडा गरी सोही नक्कली प्रमाणीकरण कागजबाट आफूउपर लागेको अभियोगबाट उन्मुक्ति लिन कोसिस गरेको देखिएको अवस्थामा विशेष अदालतबाट पुनरावेदक प्रतिवादीलाई दोषी ठहर गरी सजाय गरेको अन्यथा भएको भन्ने पुनरावेदक प्रतिवादीका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: प्रतिवादी जयबहादुर चन्दले हाईस्कूल (S.L.C.) तहको परीक्षा उत्तीर्ण गरेको भनेको प्रमाणपत्र झुट्टा देखिन आएकोले तत्काल भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र दफा २९(२) ले निजलाई रू.५००।– (पाँच सय) जरिवाना हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-११०५, दर्ता बदर, *शेरबहादुर भट्टराईसमेत वि. कृष्ण श्रेष्ठ भन्ने कृष्णलाल श्रेष्ठ*

विवादित कि.नं.१२१ को जग्गा बिर्ता जग्गा भएको र बिर्तावालाले म्यादभित्र रैकर परिणत नगरेकोले आफ्नो नाउँमा दर्ता गरिपाउँ भनी मोहीका हकवालाले र उक्त जग्गा आफ्नो ह.नं. १/२९ को लगतबाट भिड्ने जग्गा हुँदा आफ्नो नाउँमा दर्ता हुनुपर्ने जग्गा हो भनी जग्गाधनी कान्छा भन्ने कृष्णलाल श्रेष्ठको निवेदन दाबी परी विवादित जग्गा बिर्ता जग्गा हो वा रैकर जग्गा हो र बिर्तावालाले रैकर परिणत नगराएकोले कानूननः मोहीको नाउँमा दर्ता हुने हो वा जग्गाधनीको दाबीअनुसार जग्गाधनीले देखाएको लगतमा भिडी जग्गाधनीको नाउँमा रैकर दर्ता हुने हो भन्ने तेरोमेरोको प्रश्न उपस्थित भएको देखिएको छ । यसरी एउटै जग्गाको विषयमा जग्गाधनी र मोही पक्षबाट रैकर र बिर्ता जग्गा भनी दोहोरो दाबी परेको स्थितिमा आवश्यक प्रमाण बुझी हक बेहकको निरूपण हुनुपर्ने अवस्थामा समितिको सिफारिसको आधारमा मोहीका हकवाला नाउँमा रै.प. दर्ता गर्न ठहऱ्याएको मालपोत कार्यालय, कलङ्कीको निर्णयमा क्षेत्राधिकारको त्रुटि भएको देखिने ।

कि.नं. १२१ समेतको एउटै जग्गामा दुवै पक्षले हक देखाई आ-आफ्नो नाउँमा दर्ता हुनुपर्ने दाबी गरेको अवस्थामा सम्बन्धित अदालतमा गई हक बेहक छुट्याई ल्याउनु भनी सम्बन्धित पक्षहरूलाई सुनाई दिनुपर्नेमा विवादित जग्गा प्रत्यर्थी मोहीका हकदार छोरा शेरबहादुर भट्टराईको नाउँमा रै.प. दर्ता नामसारी हुने ठहऱ्याएको सुरू मालपोत कार्यालय, कलङ्कीको मिति २०६७।१२।२४ को निर्णय मिलेको नदेखिँदा उक्त निर्णय बदर गरी विवादित जग्गाको सम्बन्धमा सम्बन्धित अदालतबाट हक बेहक छुट्याई ल्याउनु भनी दुवै पक्षलाई सुनाई मालपोत कार्यालय, कलङ्कीमा तारिख तोकी सुरू मिसिलसमेत पठाइदिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१४४, ०१४६, ०१४५, ०१२५, कर्तव्य ज्यान, *बुद्धबहादुर डिम्डुङ्ग वि. नेपाल सरकार, आइते सिं डिम्डुङ्ग वि. नेपाल सरकार, आइमान सिं डिम्डुङ्ग वि. नेपाल सरकार, नेपाल सरकार वि. भिममाया न्यासुर*

मृतकको पत्नी भीममाया न्यासुरले बोलाई प्रतिवादीहरू घटनास्थलमा गएकोमा मृतकले यी प्रतिवादीहरू आइते सिंसमेतलाई कुनै रिस आवेशमा ल्याउने कुनै कार्य गरेको भन्ने मिसिलबाट नदेखिएको र मृतकले यी प्रतिवादीहरूउपर कुनै कार्य नगरेकोमा तीन जनाको समुहले पटकपटक पालो पालो हानेको कार्य आवेशप्रेरित हत्यासमेत ठहर गर्न मिल्ने देखिँदैन। मृतकको टाउकोमा जवानी उमेरका तीनजना भई पटकपटक र पालो पालो कुटपिट गरेको कारण मृतकको मृत्यु हुन गएको देखिँदा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको हत्याको कसुर गरेको देखिन आयो । यसरी प्रतिवादीहरू आइमान सिं, आइते सिं र बुद्ध बहादुरले मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) को कसुर गरेको देखिएको र यो यसको चोटको कारणले मृतकको मृत्यु भएको भन्ने नदेखिँदा सोही ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम निज प्रतिवादीहरू आइमान सिं, आइते सिं र बुद्धबहादुर डिम्डुङ्गलाई जन्मकैदको सजाय गरेको सुरू तथा पुनरावेदन अदालतको फैसलालाई कानूनको दृष्टिमा मिलेकै देखिन आउने।

अ.बं. १८८ नं. बमोजिम व्यक्त भएको राय मनासिब हो, होइन भन्नेतर्फ हेर्दा, मृतकले रक्सी सेवन गरी निजकै श्रीमती भिममायालाई बारम्बार कुटपिट गर्ने गरेको र वारदात कै दिन पनि रक्सी सेवन गरी कुटपिट गरेबाट सहन नसकी भीममायाले आफ्नो माइतीमा खबर गरेकोमा सम्झाई बुझाई तथा मिलाउन खोज्दा मृतक स्वयम् आक्रोषित भएबाट निजको भाई तथा भदाहा नाताका यी प्रतिवादीहरूले हात मुक्काले प्रहार गरेको देखिए पनि कुनै घातक हतियार प्रयोग भएको देखिँदैन । पुनरावेदक प्रतिवादीहरूले कुटपिट गरेको कारणबाट पदम बहादुरको मृत्यु हुन गएको देखिए पनि योजनाबद्ध तवरले हानी मारेको नदेखिएको र मार्नुपर्नेसम्मको पुरानो रिसइवी वा मारौँ नै भन्ने दृढ मनसाय रहेकोसमेत नदेखिएको हुँदा जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भई निज प्रतिवादीहरू आइमान सिं डिम्डुङ्ग, आइते सिं डिम्डुङ्ग र बुद्धबहादुर डिम्डुङ्गलाई १० (दश) वर्षको कैदको सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने देखिएकोले सोहीबमोजिम मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय हुनको लागि राय व्यक्त गरिएको सुरू तथा पुनरावेदन अदालतको रायसमेत मनासिब देखिन आउने।

माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू आइमान सिं डिम्डुङ्ग, आइते सिं डिम्डुङ्ग तथा बुद्धबहादुर डिम्डुङ्गले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुर गरेको देखिँदा निजहरूलाई सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गरी कैदको हकमा निज प्रतिवादीहरू आइमान सिं डिम्डुङ्ग, आइते सिं डिम्डुङ्ग तथा बुद्धबहादुर डिम्डुमलाई अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैद हुने र प्रतिवादी भिममाया न्यासुरको हकमा अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६८।३।२९ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।१४ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने ठहर्छ । पुनरावेदक वादी तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१७३, ०२१३ ०२२०, ०३२०, कर्तव्य ज्यान, *नन्दु बस्नेत वि. नेपाल सरकार, नेपाल सरकार वि. नन्दु बस्नेतसमेत, मानबहादुर बस्नेत वि.*

*नेपाल सरकार, सुन्तकली बस्नेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी मानबहादुर बस्नेत र सह-प्रतिवादी रशेम वली राति आफूले कसुर नगरेको भनी बयान गरेको भएता पनि निज प्रतिवादीहरूले मौकामा आपसमा परस्पर एक अर्कालाई कसुरदार देखाई गरेको बयान अन्यथा प्रमाणित हुन सकेको छैन । यस्तो वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ को देहाय ३ नं. अन्तर्गत पर्ने हुँदा पुनरावेदन अदालतले जनही ५ वर्ष कैद सजाय गर्ने गरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिन आयो। तसर्थ, प्रतिवादी पुनरावेदक मानबहादुर बस्नेत र प्रतिवादी रेशम वलीलाई जनही जन्मकैदको सजाय हुने ठहर्छ। पुनरावेदक प्रतिवादी मानबहादुर बस्नेतको सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी नन्दु बस्नेत, मानबहादुर बस्नेत र रेशम वलीलाई जनही जन्म कैदको सजाय हुने ठहरी फैसला भए पनि वारदातको प्रकृति हेर्दा जन्मकैदको सजाय गर्दा न्याय पर्ने देखिन आएन । समग्र घटनाको विवेचनाबाट प्रतिवादी नन्दु बस्नेतको छोरा मानबहादुर बस्नेतको श्रीमती सुन्तकली बस्नेतलाई मृतक दलु वलीले वारदातको दिनभन्दा पहिला पनि पटक-पटक यौन दुर्व्यवहार गरेको भन्ने देखिन्छ । वारदातको दिन पनि मृतक दलु वलीले प्रतिवादी सुन्तकली बस्नेतलाई प्रतिवादी मानबहादुर बस्नेत घरमा नभएको समयमा लछारपछार गरी बारीमा लगी बलात्कार गर्न गरेको प्रयास प्रतिवादी सुन्तकली बस्नेतको प्रतिकारबाट असफलपश्चात् सुन्तकलीलाई मेरो श्रीमती होस् भनी लछारपछार गर्दै मृतककै घरमा लगेको कुरा प्रतिवादी मानबहादुर, सुन्तकली बस्नेत र रेशम वलीको बयानबाट देखिन्छ। यसरी मानबहादुर बस्नेतको श्रीमती प्रतिवादी सुन्तकलीलाई मृतकले गरेको दुर्व्यवहारबाट उत्पन्न जरियाको रिस थाम्न नसकी प्रतिवादी सुन्तकलीका श्रीमान् मानबहादुर, ससुरा नन्दु बस्नेत र भाई रेशम वलीसमेतले कर्तव्य गरेको देखिएको र प्रतिवादी नन्दु बस्नेत अनुसन्धानमा आफूले गरेको कर्तव्यप्रति कुनै क्षमायाचना नगरी अनुसन्धान नै प्रभावित हुने गरी फरार रही असहयोग गरेको भए तापनि प्रतिवादी नन्दु बस्नेत वृद्ध अवस्थाको देखिएको र प्रतिवादी नन्दु र मानबहादुर बस्नेत एकै घर परिवारका बुबा छोरा भएको देखिँदा प्रतिवादी मानबहादुर बस्नेत र रेशम वलीलाई जनही ५/५ वर्ष र प्रतिवादी नन्दु बस्नेतलाई १० वर्ष कैद सजाय निर्धारण गर्दा पनि न्यायोचित हुने र कानूनको मनसाय पूरा हुने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी मानबहादुर बस्नेत र रेशम वलीलाई जनही ५/५ वर्ष र प्रतिवादी नन्दु बस्नेतलाई ८ वर्षको कैद सजाय हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत ३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०५०९, ०७४२, मानव बेचबिखन, *नेपाल सरकार वि. कुसुमराज अधिकारीसमेत, कुसुमराज अधिकारी वि. नेपाल सरकार*

प्रतिवादीहरू अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा आफ्नो कुनै संलग्नता नभएको बताएका छन्। प्रतिवादी मदन विष्ट भारतको दिल्लीमा नोकरी गर्न जान लागेका प्रतिवादी नरेश श्रेष्ठ कुवेतमा नोकरी गर्न जान लागेको र प्रतिवादी कुसुमराज अधिकारीले यी दुईजनासँग पछि भेट भएको हो भन्दै दुवैजनासँग आफ्नो पूर्वपरिचय भएको कारण सम्पर्कमा रहेका भन्ने व्यहोरा लेखाई दिएका छन्। प्रतिवादी कुसुमराज अधिकारीले माइती नेपालको अफिसमा बोलाएको कारणबाट उनीहरू त्यहाँ गएको देखिन्छ। प्रतिवादीहरू नरेश श्रेष्ठ र मदन विष्टका हकमा जाहेरी दरखास्तमा हल्का किसिमबाट पोल गर्न खोजिएको बाहेक अन्य कुनै प्रमाणबाट आरोपित कसुरमा यिनीहरूको संलग्नता रहेको कुरा पुष्टि हुन आएको पाइँदैन। जाहेरी दरखास्तमा उल्लेख भएको व्यहोरा जाहेरवालीहरूसँग परिचयसम्म नभएका व्यक्तिहरू संयोगवश यात्राको समय एउटै परेको र एकजना प्रतिवादी कुसुमराज अधिकारीसँग उनीहरूको

परिचय रहेभएको कुरालाईमात्र आधार बनाएर यी प्रतिवादीहरू नरेश श्रेष्ठ र मदन विष्टलाई कसुरदार ठहर्‍याउनु मिल्ने नदेखिने।

कतारमा गएर रोजगारी गरी पैसा कमाउने सपना मात्र देखेका पीडितहरूले सम्भावित जोखिमको पूर्व अनुमान गर्न नसक्नु स्वाभाविक हो। रोजगारीको लागि विदेश जाँदा के कस्ता औपचारिकता पूरा गर्नुपर्ने हुन्छ भन्ने कुराको पूर्ण जानकारी पीडितहरूलाई भएको भए माइती नेपालमा सोधपुछ गर्दा आफ्ना पासपोर्ट कतार जाने टिकटलगायतका आवश्यक कागजात देखाई उक्त संस्थालाई आश्वस्त गर्न सक्दथे तर त्यस्तो नभई माइती नेपालमा कार्यरत कर्मचारीहरूले भारतमा बेचिन सक्ने सम्भावना बताउनासाथ आफूहरूलाई कतार पठाउने सम्पूर्ण व्यवस्था मिलाउने व्यक्तिहरूउपर एकाएक अविश्वास गर्नुपर्ने थिएन। यी सबै प्रमाण र परिस्थितिबाट प्रतिवादी कुसुमराज अधिकारीलाई निर्दोष मान्न सकिने अवस्था नरहने।

प्रतिवादी कुसुमराज अधिकारीलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उप-दफा (१) को खण्ड (ङ) को उप-खण्ड (१) को कसुर भई नसकेको अवस्था हुँदा सोही उपदफा (१) खण्ड (ज) बमोजिम ५ वर्ष कैद र २५,०००।- (पच्चीस हजार) जरिवाना गर्ने गरेको सुरूको फैसला सदर ठहर्ने गरी भएको र प्रतिवादीहरू मदन विष्ट र नरेश श्रेष्ठको हकमा आरोपित कसुरमा निजहरूको संलग्नता रहे भएको कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूलाई आरोपित कसुरबाट सफाइ पाउने भएकोले सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६६/८/३० को फैसला केही उल्टी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, कञ्चनपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादी कुसुमराज अधिकारीलाई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (ङ) को उप-खण्ड (१) को कसुर भई नसकेको अवस्था हुँदा सोही उपदफा (१) खण्ड (ज) बमोजिम ५ वर्ष कैद र २५,०००।- (पच्चीस हजार) जरिवाना गर्ने गरेको, प्रतिवादीहरू मदन विष्ट र नरेश श्रेष्ठको हकमा आरोपित कसुरमा निजहरूको संलग्नता रहेभएको कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, कञ्चनपुरको मिति २०६७।३।३० को फैसला मिलेकै देखिँदा सदरहुने ठहर्छ। वादी नेपाल सरकार तथा प्रतिवादी कुसुमराज अधिकारीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०६५१, कर्तव्य ज्यान, *दानबिक्रम थापा वि. नेपाल सरकार*

दण्ड सजायको १ नं. अन्तर्गत सजायबाट छुट पाउनका लागि कसुरदार वा प्रतिवादीको मानसिक अवस्था आरोपित आपराधिक कार्य गर्दाको बखत त्यस्तो कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी बिग्रेको हुन अनिवार्य हुन्छ। अन्यथा प्रतिवादीलाई यो प्रावधानअन्तर्गतको सजायमा छुटको सुविधा वा उन्मुक्ति प्राप्त हुन सक्ने नहुने।

अदालतमा बयान गर्दा प्रतिवादीले घटनाबारेमा केही उल्लेख नगरी चुप रहने हक (Right to silence) को उपभोग गरेको देखिन्छ। आफूले दण्ड सजायको १ नं. बमोजिम सजायमा छुट पाउनुपर्ने हो भनी निजले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिमको कुनै जिकिर अदालतसमक्ष लिएको देखिँदैन। निजले वारदातको १३ दिनपछि अनुसन्धान अधिकारीसमक्ष गरेको ६ पृष्ठ लामो बयानमा आफ्नो शारीरिक तथा मानसिक अवस्था ठिक छ भन्दै अनुसन्धान अधिकृतले सोधेका सबै प्रश्नको जवाफ क्रमबद्धरूपले दिई घटनाको पृष्ठभूमि घटना हुँदाको अवस्थासमेत स्पष्ट खुलाई दिएको देखिएको छ। सो बयान ब्यहोराबाट समेत घटनापश्चात् निजको मानसिक

अवस्था आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नहुने गरी बिग्रेको रहेछ भन्ने निष्कर्षमा पुग्न मिल्ने नदेखिने।

मिसिल संलग्न कुनै पनि प्रमाण कागजातहरूबाट प्रस्तुत मुद्दाको घटना हुँदा अर्थात् प्रतिवादीले मृतकउपर छुराको साङ्घातिक चोट प्रहार गर्दा प्रतिवादीको अवस्था निजले उक्त कार्यको प्रकृति र परिणाम थाहा नहुने गरी बिग्रेको रहेछ भन्न मिल्ने अवस्था देखिएन । तसर्थ प्रतिवादीको पुनरावेदन जिकिरअनुसार निजले मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. को उन्मुक्ती वा सुविधा प्राप्त गर्न सक्ने अवस्थाको प्रस्तुत मुद्दा नदेखिएकोले प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अ.बं ११८ नं. अनुसार १२ (बाह्र) वर्ष कैद सजाय गर्ने सुरू तथा पुनरावेदन अदालतको राय मनासिब हो, होइन तर्फ विचार गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा बयान गर्दासमेत आफ्नो मानसिक अवस्था ठिक छ भनी उल्लेख गरेपनि मुद्दा कारवाहीकै क्रममा निजकोतर्फबाट मानसिक जाँचको माग गरी निवेदन पेस भएको, सोअनुसार विशेषज्ञबाट प्रतिवादीको मानसिक अवस्थाको जाँच गराउँदा प्रतिवादी Major depressive disorder with suicidal attempt रोगबाट ग्रस्त रहेको भन्ने देखिएको र पुनरावेदन पत्रसाथ पेस गरेको प्रमाणहरूबाट प्रतिवादीले डा. अनिल एस.शर्मा सिलिगुडी भारतसँग वारदात मितिभन्दा पहिलेदेखिनै डिप्रेसनको उपचार गराइरहनु भएको भन्ने देखिन्छ । माया पिरतीको कुराबाहेक प्रतिवादीले मृतकको ज्यान लिनुपर्नेसम्मको अन्य कुनै कारण देखिएको छैन । मृतकले प्रतिवादीलाई अस्वीकार गरेको भन्ने विषयमा असन्तुलित भई प्रतिवादीले मृतकउपर छुरा प्रहार गरेको र तत्कालै सोही छुराले आफूलाई समेत विभिन्न चोट प्रहार गरेको र सो चोटपटकको कारणबाट प्रतिवादी स्वयम्लाई ११ दिनसम्म अस्पतालमा राखी उपचार गराएको भन्नेसमेत मिसिलबाट देखिँदा, घटना हुँदाको परिस्थिति, घटनाको प्रकृति, प्रतिवादी वारदातभन्दा पहिलेदेखि नै डिप्रेसनमा रहेको, डिप्रेसनको उपचार गराई रहेको र वारदातपश्चात् पनि निजको उक्त मानसिक अवस्थामा सुधार आएको भन्ने नदेखिएको स्थितिसमेतको सन्दर्भमा प्रतिवादीले अपराध गरेको अवस्थालाई विचार गर्दा प्रतिवादीलाई ऐनबमोजिमको अर्थात् सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा सुरू तथा पुनरावेदन अदालतले अ.बं.१८८ नं.अनुसार कम सजाय गर्ने गरी व्यक्त गरेको रायसमेत मनासिब नै देखिन आयो। निज प्रतिवादीलाई कैद वर्ष १२ गरेको हदसम्म केही चर्को पर्ने देखिएकोले निज प्रतिवादी दानबिक्रम थापालाई सोही अ.बं.१८८ नं. अनुसार ११ (एघार) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१११९, कर्तव्य ज्यान, *समला राई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले ज्यानसम्बन्धीको महलको ५ नं. को कसुरमा सोही ६ नं. बमोजिम भवितव्यमा सजाय गर्नुपर्ने भनी लिएको जिकिरको सम्बन्धमा हेर्दा प्रतिवादी मृतक पतिउपर पटकपटक निर्ममतापूर्वक खुकुरी प्रहार गरी ज्यान मारेको देखिँदा ज्यानसम्बन्धीको ५ नं. बमोजिमको मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा केही भई कुनै मानिस मर्न गएको अवस्थाको वारदातसँग प्रस्तुत वारदात तुलनीय नै नदेखिँदा यस्तो कार्यलाई भवितव्यको वारदात भनी मान्न मिल्ने अवस्थासमेत नदेखिने।

मृतक किरण राईलाई पटक-पटक निर्ममतापूर्वक खुकुरी प्रहार गरी मारेको तथ्यमा

प्रतिवादी समला राई अदालतसमेतमा साबित रहेको तथा प्रतिवादीले जिकिर गरेबमोजिम ज्यानसम्बन्धीको महलको ५ र ७ नम्बरको अवस्था प्रस्तुत वारदातमा नदेखिएको एवम् मृतकलाई गम्भीर कुटपिट गर्ने मनसाय र इवी लिई भएको कुटपिटमा पीडितको मृत्यु हुने पूर्वाभास कारणीलाई हुने नै हुँदा यस किसिमका an intention to cause grievous bodily harm वारदात घटनाहरू ज्यानसम्बन्धीको १३ नं. बमोजिमको कानूनी व्यवस्थाअनुरूप कुटपिट गरी हत्या देखिन आउने।

प्रतिवादी समला राईको कार्य मनसाय प्रेरित हत्या देखिन आएको र खुकुरीजस्तो जोखिमी हतियारले गम्भीर चोट पुर्‍याई मृतक किरण राईलाई मारेको देखिँदा अभियोगदाबीको कसुर प्रतिवादीले गरेको पुष्टि हुन आएकोले यी प्रतिवादी समला राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू भोजपुर जिल्ला अदालत र पुनरावेदन अदालत, धनकुटाले गरेको फैसला मिलेकै देखिन आउने।

अ.बं. १८८ नम्बर बमोजिम राय व्यक्त गरेको सुरू तथा पुनरावेदन अदालतको राय मनासिब हो, होइन भनी हेर्दा मृतक किरण राई प्रतिवादीको पति भएको, मृतक प्रतिवादीसँग रक्सी खाई घरमा कुटपिट झै-झगडा गर्ने प्रकृतिको मानिस भएको कारणले प्रतिवादी घर छाडी माइती जान लागेको अवस्थामा मृतक आफैँ गई बाटैबाट पत्नीलाई फर्काई ल्याएको अवस्थामा मृतकले नै प्रतिवादीसँग जंगलमा झै-झगडा गर्न सुरू गरेको, मृतक पतिलाई मार्नेसम्मको रिसइवी मनसाय लिई योजनाबद्ध तवरले प्रतिवादीले मृतकउपर खुकुरी प्रहार गरेको नदेखिएको, जाहेरी दरखास्तको व्यहोराबाट पनि पहिले मृतकले नै श्रीमतीमाथि कुटपिट गर्न थालेपछि प्रतिवादी समला राई आवेशमा आई मृतकले कम्मरमा भिरी राखेको खुकुरी झिकी मृतकमाथि प्रहार गरेको भन्ने देखिएकोले तत्काल उत्पन्न परिस्थितिबाट उक्त घटना घट्न गएको देखिएको, प्रतिवादीले भएको सत्य साँचो व्यहोरा उल्लेख न्याय निरूपणमा सहयोग गरेको र मृतककी ४ वर्षकी छोरीलाई लालन पालन गर्ने दायित्व पनि यी प्रतिवादीको भएकोले सोसमेतलाई विचार गर्दा ऐनबमोजिमको सजाय यी प्रतिवादी समला राईलाई गर्दा चर्को पर्ने भई कम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा सुरू तथा पुनरावेदन अदालतले अ.बं. १८८ नम्बर प्रयोग गरी प्रतिवादी समला राईलाई कैद वर्ष १० (दश) को सजाय हुन भनी व्यक्त गरेको राय मनासिब देखिँदा प्रतिवादी समला राईले जोखिमी हतियार खुकुरी मृतक किरण राईउपर प्रहार गरी अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले यी प्रतिवादी समला राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई कैदको हकमा अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १०(दश) हुन व्यक्त गरेको रायसहितको सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०६९।८।१७ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।३।२६ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार १७ गते रोज ६ शुभम्।

**इजलास नं. ४**

१

**मा.न्या. श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CI-१०७७, परमादेश, *विक्रम सिंह थापा वि. चनरजीत धोबी*

प्रस्तुत घटनाको अवस्था हेर्दा बरामद लास शङ्कास्पद अवस्थामा फेला परेको देखिएको छ। त्यसरी फेला परेपछि के कुन अवस्थामा कसरी मृत्यु भएको हो सो कुराको छानबिन गरी वास्तविकता पत्ता लगाउनु प्रहरीको दायित्वअन्तर्गत पर्नेमा त्यसरी कानूनबमोजिम घटनास्थल मुचुल्का, लास जाँच मुचुल्कासमेत नगरी

मृतककै परिवारले लास सद्‌गत गर्न जबर्जस्ती माग गरी लगेको भनी आफ्नो दायित्वबाट पन्छिन मिल्ने अवस्था रहँदैन । अनुसन्धानको प्रारम्भिक प्रक्रिया सुरू गर्न कानूनले बाधा गरेको अवस्था नभएको र वारदातको सम्बन्धमा जाहेरी दिन प्रत्यर्थी निवेदक तयार नै रहेको अवस्थामा जाहेरी नै नदिएको र कुरियरमार्फत प्राप्त जाहेरी सनाखत गर्न नआएको भन्ने आधारमा अपराध अनुसन्धान गर्ने महत्त्वपूर्ण जिम्मेवारीबाट उन्मुक्ति खोज्नु कानूनसङ्गतसमेत नदेखिने ।

पुनरावेदक स्वयम्‌ले पुनरावेदनपत्रमा उल्लेख गरेअनुसार प्रहरीद्वारा उल्लिखित रामसेवक धोबीको लास फेला परेपछि पनि अनुसन्धान तहकिकात अघि नबढाएको अवस्थालाई कानूनबमोजिम सम्पूर्ण कार्यविधि पालना गर्नुपर्नेमा सो नगरी गैरजिम्मेवारी, गैर व्यावसायिक कार्य गरेको पाइएको भन्ने सो घटना सम्बन्धमा छानबिन गर्न गठित प्रहरी नायब उपरीक्षक तथा प्रहरी उपरीक्षकको अध्यक्षतामा गठित छानबिन समितिहरूले समेत प्रतिवेदन दिएको भन्ने देखिएको छ । यसरी शङ्कास्पदरूपमा लास बरामद भइसकेपछि त्यसको कानूनबमोजिम अनुसन्धान तहकिकात गर्नुको सट्टा लास सद्‌गत गर्न दिएर अनुसन्धान तहकिकात नगरी बसेको देखिएकोले उक्त घटनाका सम्बन्धमा जाहेरी दिन ल्याए दर्ता गरी कानूनबमोजिम आवश्यक अनुसन्धान तहकिकात प्रक्रिया अघि बढाउनु पर्ने अवस्थाको विद्यमानता देखिएको हुँदा पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।८।३० मा परमादेश जारी गर्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल वैशाख ५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०१५७, उत्प्रेषण, *हरिप्रसाद शर्मा आचार्य वि. ज्ञानेन्द्र सिपाईसमेत*

निवेदकले चाइना टाउनमा सटरहरू भाडामा लिई चलाएको भन्ने देखिएकोमा उक्त सटरहरू वहालमा लिँदाको कागज अर्थात् वहालमा लिने दिने कार्यको वैधानिकता एकिन भएपश्चात् निजको व्यापार व्यवसाय गर्नेहरूले मान्यता पाउने नपाउने निर्धारित हुने अवस्था रहन्छ र विपक्षीमध्येका ज्ञानेन्द्र सिपाईले लेखेको भनिएको मिति २०६९।२।३० को पत्र व्यक्तिगत प्रकृतिको देखिएको अवस्था छ । सिद्धान्ततः व्यक्तिगत काम कारोबारका सम्बन्धमा उत्प्रेषण जारी नहुने अवस्था एकातर्फ छ भने सटर पसलको भाडासम्बन्धी विवादसमेत प्रस्तुत मुद्दामा जरियाको रूपमा देखिएको छ । प्रस्तुत अवस्थामा उक्त विवादसमेत निपटारा हुने प्रकृतिको यसै विषयका सम्बन्धमा करार सर्त पूरा गर्न ताला खोली बाटो खोलीपाउँ भन्ने यिनै निवेदक निवेदनकर्ता तथा विष्णुलाल श्रेष्ठसमेत विपक्षी भएको मुद्दमा ०७१-RI-१३८४ को दोहोर्‍याई पाउँ निवेदनमा यसै अदालतबाट दोहोर्‍याउने अनुमति प्रदान भएको र उक्त मुद्दा विचाराधीन अवस्थामा रहेको देखिएकोले उक्त मुद्दाको अन्तिम फैसलाबाट विवादको निक्र्यौल हुने नै हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नु परेन । प्रस्तुत निवेदनपत्र खारेज हुने

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-WO-०९१४, उत्प्रेषण / परमादेश, *चिरञ्जिवी कोइराला वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रहरी नियमावली, २०४९ को नियम २६ को खण्ड (च) र (छ) बमोजिम दिइने अङ्क पक्षपातपूर्णरूपमा दिइएको भन्ने भनाईका सन्दर्भमा विचार गर्दा उल्लिखित खण्ड (च) मा कार्य सम्पादन, वैयक्तिक गुण, चरित्र र क्षमताको मूल्याङ्कनबापत अधिकतम १५० अङ्क र (छ) मा बढुवा समितिले ५० अङ्कसम्म थप अङ्क दिन सक्ने व्यवस्था रहेको देखिएको छ । उक्त अङ्कहरू वैयक्तिक कार्य सम्पादन, क्षमता, चरित्र जस्ता गुणहरूको आधारमा दिइने तथा

समितिले सम्पूर्ण कुराहरूको मूल्याङ्कन गरी दिइने प्रकृतिको नम्बरहरू रहेको देखिएकोले यति नै नम्बर दिइनु पर्छ भन्ने किटानी गर्न वा बाध्य पार्न नसकिने प्रकृतिको देखिएको छ। निवेदकलाई भेदभावपूर्णरूपमा नम्बर दिई बढुवाबाटबाहेक गर्न खोजेको हो कि भन्नलाई पनि निज निवेदकको गृह मन्त्रालयको मिति २०७१।८।५ गतेको निर्णयले प्रहरी निरीक्षकबाट प्रहरी नायव उपरीक्षकमा बढुवा भइसकेको भन्नेसमेत बुझिन आएकोले निजलाई बढुवाबाट बाहेक गराएको भन्न सकिने अवस्थासमेत रहेन। अतः निवेदकलाई बद्नियतपूर्वक बढुवा नदिएको भन्ने देखिन नआएको तथा हाल प्रहरी नायव उपरीक्षक पदमा बढुवासमेत भइसकेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७०-WO-००७६, उत्प्रेषण / परमादेश, *चिरन्जिवी कोइराला वि. गृह मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्षीराम जैसी*

प्रतिवादीले आफ्नी श्रीमतीसँग पहिले पनि झगडा गर्ने गरेको र सो दिन पनि रक्सी खाई आएको र श्रीमती नाङ्गै सुतिरहेको देखी त्यसरी नसुत्न भनी सम्झाउँदा विवाद भई मुक्काले हानेको भनी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गरेकोबाट पहिले पनि झगडा हुने गरेको र आफूले भनेको कुरा श्रीमतीले नमानेको हुँदा रीस उठी श्रीमतीलाई कुटपिट गरेको र सोही चोटबाट मरेको अवस्था देखियो। मालाकाररूपमा आएका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादी लक्षीराम जैसीको कुटाइको कारणबाट देवीसराको मृत्यु भएको पुष्टि भएको छ। साथै मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको नभई अन्य कुनै कारणबाट भएको भनी यी प्रतिवादीले आफू निर्दोष रहेको कुनै ठोस तथ्य प्रमाण प्रस्तुत गर्न सकेकोसमेत देखिँदैन। सो हुँदा देवीसराको मृत्युमा प्रतिवादी लक्षीराम जैसीकै कर्तव्य रहेको देखिन आउने।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा मैले श्रीमतीलाई कुटपिट गरी मारेको होइन। कसरी मरिन मलाई थाहा छैन भनी आफूले कर्तव्य गरी मारेको कुरामा इन्कारी गरेको भए तापनि निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफ्नै सहिछाप रहेको कुरालाई स्वीकार गरेको देखिन्छ। आफूले सहिछाप आफ्नो भनी स्वीकार गरिसकेको अवस्थामा व्यहोरा मेरो आफ्नो होइन भन्न मिल्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(३) मा अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारवाहीको सम्बन्धमा यस्तो धम्की वा विश्वास पर्ने आश्वासन दिएको थिएन जसबाट निजले सो कुरा सत्यरूपमा व्यक्त गर्ने सम्भावना थियो भन्ने अवस्थाबाहेक मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुरा निजका विरूद्धमा प्रमाणमा लिन हुन्छ भन्ने ऐ. दफा ९(१) बमोजिम व्यवस्था रहेको देखिन्छ। जसबाट यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा आफूलाई कुनै डर, धाक, धम्की तथा प्रभावमा पारी बयान गराएको भनी दाबी लिन सकेको र त्यस्तो अवस्था सिर्जना गरेको भनी कुनै तथ्ययुक्त प्रमाणसमेत यी प्रतिवादीले गुजार्न सकेको अवस्था देखिँदैन। सो हुँदा यी प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान निजको विरूद्ध प्रमाणमा लाग्ने नै देखिने।

जाहेरी दरखास्त, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानसमेतका प्रमाणहरूबाट यी प्रतिवादी लक्षीराम जैसीले श्रीमती देवीसरा जैसीको कुटपिट गरी हत्या गरेको पुष्टि हुन आयो। प्रतिवादी

लक्षीराम जैसीलाई ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०७०।१।२४ को फैसला सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।१०।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी लक्षीराम जैसीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हो होइन भनी विचार गर्दा यी प्रतिवादी र मृतकबीच श्रीमान् श्रीमतीको नाता रहेको यी प्रतिवादीले मृतकलाई नाङ्गै नसुत्नभन्दा विवाद भई तत्काल उठेको रीसको कारणबाट मुक्काले हान्दा मृत्यु भएको भन्ने देखिएको छ। यी प्रतिवादीले मृतक श्रीमतीलाई मार्नुपर्ने पूर्वरिसइवी भई योजना बनाएको अवस्थासमेत नदेखिएको र तत्काल उठेको रीसको कारणबाट झगडा भई मुक्काले हान्दा मृत्यु भएको अवस्थामा वारदातमा गम्भीर प्रकृतिको संलग्नता रहेको नदेखिएका यी प्रतिवादी लक्षीराम जैसीलाई अ.बं. १८८ नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्वतिअनुरूप नै हुने।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, सुर्खेतबाट सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला सदर भइसकेको अवस्थामा यी प्रतिवादी र मृतकबीच रक्सीको नसामा सामान्य विवाद भई झगडा हुँदा तत्काल उठेको रीसको कारण मुक्काले हान्दा मृत्यु भएको हुन सक्ने अवस्थालाई विचार गर्दा भवितव्य हो कि भन्ने अवस्थासमेत भएकोले यी प्रतिवादी लक्षीराम जैसीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. अनुसार निजको हकमा १४(चौध) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RC-०१८६, कर्तव्य ज्यान, *शुकबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

आफू अपाङ्ग भएको व्यक्तिले मृतकलाई बचाउनका लागि कहीं लाने अवस्था नरहेको भन्ने यी प्रतिवादीको पुनरावेदन जिकिर देखिन्छ तर यी प्रतिवादीको एउटा हात नरहेको भए पनि सद्दे एउटा हातबाटै रूखमा चढी घाँस काट्ने, साइकल चलाउने, दाह्री काट्ने, राँगा खसी ढाल्ने जस्ता काम सजिलै गर्ने गरेको भन्ने कुरा मृतककै पिता सिरबहादुर, भाइहरू अमृतबहादुर र कमलबहादुर तथा गाउँलेहरू भिमबहादुर श्रेष्ठ, नरबहादुर भन्ने लक्ष्मीप्रसाद श्रेष्ठ, सिद्धिभक्त पण्डित, मेघनाथ भट्ट, शंकरप्रसाद भट्टसमेतका व्यक्तिले मौकामा गरेको कागज तथा भिमबहादुर श्रेष्ठसमेतले अदालतमा गरेको बकपत्रबाट पुष्टि हुन्छ। यी प्रतिवादीले यस अदालतमा गरेको पुनरावेदनमा मृतकले विष खाई पहिले पनि आफूलाई फसाउन खोजेकोले वारदातस्थलमा पनि विष खाएबाट फसाउन खोजेको भन्ठानी जिउँदै धकेलेको भनी स्वीकारोक्ति गरेकै देखिन्छ। मृतकलाई भीरबाट धकेल्ने काम गर्दा ज्यान मार्ने मनसाय थिएन भन्ने प्रतिवादीको जिकिर छैन। त्यस्तो जिकिर लिएको भए पनि सो जिकिर मान्य हुन नसक्ने।

मृतक आफैँले विष खाएकी भए बोतल बन्द अवस्थामा रहनु नपर्ने हुँदा प्रतिवादीले नै विष खुवाएको भन्ने पुनरावेदन अदालतको तर्कमा प्रशस्त बल छ। प्रतिवादीसँग सहजरूपमा बिना कुनै रीसराग हिँडेकी मृतकले विष खानुपर्ने कारणको पनि अभाव छ। त्यस्तो कुनै बाह्य वा प्रतिवादीको व्यवहारसम्बन्धी कारण रहेको भए त्यसलाई प्रतिवादीले स्पष्ट गर्न सक्नुपर्नेमा सो गर्न सकेको देखिँदैन। प्रतिवादीले व्यक्त गरेको कुराको सिलसिला ठाउँठाउँमा फुस्केको देखिन्छ। कुरा लुकाउने प्रतिवादीलाई कानूनले सहयोग गर्न नसक्ने।

प्रतिवादीले मृतकलाई मन नपराउने तर मृतकको शारीरिक शोषण गर्न पछि नपर्ने भन्ने कुरा प्रतिवादी, प्रतिवादी र मृतकका आफन्तहरू एवम् प्रतिवादी र मृतक काम गर्ने संस्थाका अध्यक्ष प्रकाश पन्तसमेतको बकपत्रबाट खुल्न आउँछ। यी सब

प्रमाणबाट यी प्रतिवादीले मृतकको प्रशस्त यौन शोषण गरेपछि मृतकलाई पन्छाउने मौका खोजेका र सो क्रममा भिरसाने जंगलमा मृतकलाई विष ख्वाई भीरबाट धकेली मारी दिएको भन्ने पुनरावेदन अदालतको ठहर एकदम उपयुक्त छ । यस सम्बन्धमा पुनरावेदन अदालतको फैसलामा राम्रो विवेचना भएको देखिन्छ । प्रतिवादीको पुनरावेदनपत्रमा पुनरावेदन अदालतको फैसला उल्टिने किसिमको तात्विक जिकिर रहेको नदेखिएको र प्रतिवादीले लिएको पुनरावेदन जिकिरबाट समेत प्रतिवादीलाई कसुरदार ठहर्‍याएको फैसला अन्यथा हुनसक्ने अवस्था नरहेकोले प्रतिवादी शुकबहादुर श्रेष्ठ विरूद्धको अभियोगदाबी पुग्ने ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(२)(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१२।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल चैत २९ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०९०२, कर्तव्य ज्यान, *धर्मेन्द्रकुमार यादव वि. नेपाल सरकार*

प्रतिवादी धर्मेन्द्रकुमार यादवउपरको किटानी जाहेरी प्रतिवादीले अदालतसमक्षको बयानमा मृतक बबिता देवीलाई दाइजोका कारण विवाद भएको र दाइजो स्वरूपको ३ लाख आफूले फिर्ता गर्ने र निज बबिता देवीलाई माइती पक्षले फिर्ता लिने सहमति गरेका । तत्पश्चात् श्रीमती बबिता देवीको विवाह आफ्ना बाबुका शत्रु उपेन्द्र यादवसँग हुने हल्ला सुनेपछि मिलेर बस्ने, श्रीमतीलाई हेला नगर्ने बहाना गरी घरमा ल्याई मिति २०६४।१।३० गते राती कर्तव्य गरी मारेकोमा साबित भएका छन् । मृतकको शव परीक्षण प्रतिवेदनमा "Cause of death is due to asphyxia caused by throattling" भन्ने उल्लेख भएको स्थितिमा यी प्रतिवादीले सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्न गएको भन्ने जिकिर लिए तापनि प्रतिवादीले पूर्वयोजना र मनसाय पूर्वक नै रातको समयमा श्रीमतीको घाँटी थिची हत्या गरेका र फौजदारी कसुरमा Actus Reus, Mens Rea र Attempt to Crime को महत्त्वपूर्ण स्थान रहन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी धर्मेन्द्रकुमार यादवले ससुरालीबाट आफूलाई पर्याप्त दाइजो नदिएको श्रीमती पनि खासै राम्रो नभएको र नपढेको भनी हिनहेला गरेका र श्रीमतीलाई गरगहनासहित रू. ३ लाखसहित फिर्ता गर्नुपर्ने र माइतीमा लगेर श्रीमतीका बाबुले आफ्ना बाबुका शत्रु उपेन्द्र यादवसँग विवाह गरिदिने टुङ्गो भएपछि बदला लिने मनसायका साथ योजनाबद्ध हिसाबले लगि श्रीमती बबिता देवीको हत्या गरेको देखिएको सन्दर्भमा पुनरावेदन मागबमोजिम अ.बं. १८८ नं. को प्रयोग गरी सजायमा कम गर्नु औचित्यपूर्ण हुने नदेखिँदा, यी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । तसर्थ यी प्रतिवादीउपर पुनरावेदन अदालत, राजविराजबाट ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी भएको सप्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई मिति २०६९।८।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : मुकुन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७३ साल वैशाख ७ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-०२३६, ०७१-CR-०५८०, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. तुलसीप्रसाद गिरी, तुलसीप्रसाद गिरी वि. नेपाल सरकार*

प्रमाण कानूनले लिखत प्रमाणलाई सर्वोत्तम प्रमाण मान्दछ । त्यसैले लिखतमा उल्लेख भएको कुरा अन्यथा प्रमाणित भएमा बाहेक सोमा उल्लेख भएको कुरालाई भरपर्दो र वस्तुपरक प्रमाणको रूपमा अदालतले ग्रहण गर्नुपर्दछ। वादी पक्षले लिखत नै पेस गरी अभियोग दाबीलाई पुष्टि गरेको र सो लिखतमा लागेको सहि र व्यहोरा मेरो हो भनी जाहेरवालाले पेस गरेको लिखतलाई स्वीकार गरेको देखिएकोले यी पुनरावेदकले विदेश अफगानिस्तान पठाइदिन भनी जाहेरवालाहरू रूद्रबहादर थापा, प्रकाश भारती र गजेन्द्रबहादुर वि.क. बाट रकम बुझिलिएको कुरा लिखत प्रमाणबाट प्रमाणित हुन आउने।

प्रतिवादी राजकुमार श्रेष्ठलाई सफाइ दिएको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा जाहेरवालाहरूले निज राजकुमार श्रेष्ठलाई पोल उजुरी गरेको देखिँदैन । जाहेरवाला बिनोद वि.क.ले प्रतिवादी राजकुमार श्रेष्ठलाई चिन्दिन भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाहरूबाट पेस भएको लिखतबाट पनि निज प्रतिवादीले जाहेरवालाहरूबाट रकम बुझेको भन्ने देखिँदैन । यी प्रतिवादी राजकुमार श्रेष्ठलाई पोल गरी वयान गर्ने प्रतिवादी तुलसीप्रसाद श्रेष्ठले पनि निज प्रतिवादीलाई रकम बुझाएको कुनै लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन। यी प्रतिवादी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। तसर्थ मिसिल संलग्न कुनैपनि प्रमाणबाट विदेश पठाइदिन भनी प्रतिवादी राजकुमार श्रेष्ठले जाहेरवालाहरूबाट रकम बुझेको प्रमाणित हुन नआएकोले प्रतिवादी तुलसीप्रसाद गिरीको पोल बयानको आधारमा मात्र निजलाई दोषी ठहर गर्न मिल्ने नदेखिने।

जाहेरवाला कमल गिरीले बकपत्रसाथ प्लेनका टिकटसमेतका कागजात प्रस्तुत गरे पनि निजलाई विदेश पठाउने भनी कुनै रकम नलिएको भनी प्रतिवादी तुलसीप्रसाद गिरीले बयान गरेको देखिन्छ। यी प्रतिवादीले जाहेरवाला कमल गिरीसँग रकम लिएको कुरालाई पुष्ट्याई गर्ने कुनै तथ्ययुक्त प्रमाण पेस हुन नसकेको अवस्था रहेबाट कमल गिरीको हकमा प्रतिवादी तुलसीप्रसाद गिरीलाई कसुरदार ठहर गर्न मिलेन । अन्य जाहेरवालावाट विदेश जान आउन लागेको खर्चको माग दाबीसमेत नदेखिएकोले जाहेरवालाहरू दुबईसम्म पुगी फर्कि आएका रहेछन् भन्न सकिने अवस्था देखिँदैन । तसर्थ प्रतिवादी तुलसीप्रसाद गिरीले उल्लिखित व्यक्तिहरूबाट अफगानिस्तान पठाउन भनी रकम बुझिलिएर सो मुलुकमा नपठाएकोसम्मको अवस्था प्रमाणित हुन आएको देखिएकोले उल्लिखित कानूनी व्यवस्थाअनुसार प्रतिवादी तुलसीप्रसाद गिरीलाई एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।- जरिवाना गर्ने गरी भएको सुरू फैसला कानूनसम्मत देखिने।

प्रतिवादी तुलसीप्रसाद गिरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ अनुसार एक वर्ष आठ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने, कमल गिरीको बिगो भराई पाउँ भन्ने हदसम्मको वादी दाबी पुग्न नसक्ने, अरू जाहेरवालाहरूले वादी दाबीबमोजिमको हर्जानासहितको बिगो यी प्रतिवादी तुलसीप्रसाद गिरीबाट भरिपाउने र प्रतिवादी राजकुमार श्रेष्ठउपरको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।३।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादी तुलसीप्रसाद गिरीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-१४९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इलताफ हुसेन अन्सारी*

वारदात घटनुभन्दा अगावै प्रत्यर्थी / प्रतिवादीले मिति २०५३ सालमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा पनि निजको नाम इलताफ

हुसेन अन्सारी उल्लेख भएको र प्रस्तुत मुद्दा दायर हुनुपूर्व नै यी पुनरावेदकले पुनरावेदन अदालत, हेटौंडामा दायर गरेको संवत् २०६७ सालको रिट नं. ०२१२ को निषेधाज्ञा मुद्दामासमेत निजको नाम इलताफ हुसेन अन्सारी उल्लेख भएको देखिन्छ । यसबाट निजको अदालतको इन्कारी बयान उल्लिखित लिखत प्रमाणबाट समर्थित भएको अवस्था छ। प्रस्तुत वारदात हुनुपूर्व नै लिएको तथा नेपाल सरकारको आधिकारिक निकायबाट जारी गरिएको प्रतिवादीको नेपाली नागरिकताको प्रमाणपत्रलाई अन्यथा प्रमाणित नभएसम्म अदालतले प्रमाणमा लिनु पर्दछ। त्यसैगरी मृतककी श्रीमती मालती पटुवाले यी प्रतिवादीले आफ्नो श्रीमान्को हत्या गरेकोमा शङ्का लाग्दैन भनी गरिदिएको बकपत्रले पनि यी पुनरावेदक प्रतिवादीको प्रस्तुत वारदातमा संलग्न रहेको तथ्यलाई पुष्टि गरेको नदेखिने।

पुनरावेदक प्रतिवादी इलताफ हुसेन अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।७।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : आनन्दराज पन्त

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०६९-CI-०६५६, निषेधाज्ञा / परमादेश, *ताहिर धुनिया वि. इलाका प्रहरी कार्यालय बुटवल, रूपन्देहीसमेत*

मिति २०६८।१२।१७ मा भएको भनिएको सहमति पत्रमा विपक्षीमध्येको ईलाका प्रहरी कार्यालय, बुटवलको प्रतिनिधिको रोहवरमा भए गरेको देखिँदैन। निवेदक ताहिर धुनिया, विपक्षी आसिया खातुन, बुटवल नगरपालिकाका प्रतिनिधि तथा विभिन्न प्रतिनिधिहरू बसी गराएको भनिएको कागजले यी निवेदकको कानूनी दायित्व सिर्जना गरेको वा कानूनी हकको समाप्ती गरेको पाइँदैन। उक्त कागजले यी निवेदकलाई कानूनी दायित्व पूरा गर्नुपर्ने अवस्था भए गरेको पनि देखिँदैन। यस्तो कानूनी हैसियत प्राप्त गर्न नसक्ने कागजले निवेदकको हकाधिकारमा आघात पर्न सक्ने अन्य कुनै पनि कार्य भए गरेको मिसिलबाट देखिँदैन। शान्ति सुरक्षाको सन्दर्भमा निवेदकलाई झिकाई सम्झाई बुझाई गरेको कार्यलाई गैरकानूनी र क्षेत्राधिकारविहीन कार्य भनी भन्न मिल्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन २३ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा**, ०६८-CR-१०९०, ०७१-RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर लुहारसमेत, नेपाल सरकार वि. दिपक विष्ट*

घटना विवरण कागज गर्ने घटनाका प्रत्यक्षदर्शी मृतकका छोरा भरत ओड र फकिरे लुहारले उक्त दिन मृतकसँग आफूसमेतका मानिस ब्रह्मदेवतर्फ गइरहेको अवस्थामा तिल्केनी सामुदायिक जंगलको तारबार माथिबाट तीनवटा ढुंगा हामीहरूतिर हानेकोले मैले ढुंगा हानेतर्फ टर्च लगाई हेर्दा तारबार भन्दा माथि एक जना मानिस लुकीछिपी वसेको र तारबार तल भएको दिपक विष्टले टर्च नलगाउ भनी आमा चाकरी गाली गरेको हो। गाली नगर भनी मामाले भन्दा निज हामी भएको ठाउँमा आई मामा फकिरे लुहारलाई मुक्काले हान्दा मृतक बुबानारायण ओड छुट्याउन जादाँ निजको मुख बन्द गरी पिट्न थालेको हो। सोही समयमा तारबार माथिबाट धनबहादुर विष्ट आई दुवै मिलि बुबालाई कुटपिट गर्न लाग्दा पछि अर्कोसमेत आई तीनैजनाले कुटपिट गरी कर्तव्य गरी मारेका हुन् भनी लेखाए तापनि निजले आफूले प्रतिवादीलाई नचिन्ने भनेको र अर्को ब्यक्ति आई कुटपिट गरेको मात्र भनी सो अर्को व्यक्ति को हो केही भन्न नसकेको देखिन्छ। यसमा पनि

निजहरूले अदालतमा बयान गर्दा ढुंगा हान्ने व्यक्तिलाई आफूले नचिनेको आर्मी जस्ता थिए, मृत्यु माथिबाट आएको ढुंगा लागी भयो वा भाग्न लाग्दा लडेर भयो आफूहरूलाई थाहा नभएको र आफूले अनुसन्धानमा लेखाएको कुरा सत्य नभएको भनी परस्पर विरोधाभाष पूर्ण भनाई लेखाएबाट पनि निजहरूले अनुसन्धानमा गरेको बयानलाई सत्य मान्न सकिँदैन। घटना विवरण कागज गर्ने राजमती देवी ओड, गजी ओड, धनबिर महरसमेतले घटनामा यी प्रतिवादीहरू बीरबहादुर लुहार र धनबहादुर विष्टको संलग्नता सम्बन्धमा केही भन्न सकेको छैन। घटना विवरणका धनविर महर, कल्यान ओडले घटनास्थलमा आफूसँगै बीरबहादुर लुहार पुगेको बताएबाट पनि निज बीरबहादुर लुहार अगाडिदेखिनै घटनास्थलमा रही घटना घटाउने कार्यमा संलग्न रहेको भन्न नसकिने।

मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा यी प्रतिवादीहरू मध्येका बीरबहादुर लुहार र धनबहादुर विष्टको संलग्नता सम्बन्धमा जाहेरी दरखास्तमा उल्लेख भए तापनि उक्त जाहेरी दरखास्त अन्य कुनै प्रमाणबाट समर्थित हुन सकेको देखिँदैन। सुरू र पुनरावेदन तहबाट दोषी ठहर भएका दीपक विष्टले पनि यी प्रतिवादीहरूउपर पोल नगरेको र यी प्रतिवादीहरू जना २ को घटनामा संलग्नता सम्बन्धमा निजको अनुसन्धानको र अदालतको बयान कागजमा एकरूपता नै देखिएको पाइन्छ। साथै यी दुई प्रतिवादीहरूले अनुसन्धान र अदालतको बयानमा इन्कार रही लेखाएको र घटनाका सम्बन्धमा पनि आफ्नो दुवैतर्फको बयानको व्यहोरामा र दिपक बिष्टसमेतको बयान व्यहोरामा एकरूपता नै रहेको देखिएबाट निजहरूको बयानलाई झुट्ठा मानी यी प्रतिवादीहरूको घटनामा संलग्नता रहेको भनी भन्न सकिँदैन। जाहेरवाला स्वयम्ले जाहेरी सुनेको आधारमा मात्र दिएको भनी अदालतमा बकपत्र गर्दा लेखाई दिएको साथै मौकामा कागज गर्ने व्यक्तिहरूले आफूहरूले सुनेको आधारमा मात्र शङ्का गरी निजहरूको संलग्नता रहेको हुनसक्ने लेखाइदिएको पाइन्छ। यस आधारमा मात्र यी प्रतिवादीहरूको संलग्नता रहेको ठहराउनु न्यायोचित नहुने।

सुनि जान्ने प्रमाणको सत्यता जाँच्न नसकिने, भन्ने मानिसले सही भन्यो वा गलत भन्यो एकिन हुन नसक्ने, एउटाले भनेर अर्कोले सुन्दा कुरामा फरक पर्नसक्ने जस्ता कारणबाट सुनिजान्ने प्रमाण प्रमाण होइन भन्ने सिद्धान्त प्रमाण कानूनमा विकास भएको छ। सोहीअनुसार प्रमाण ऐनको दफा ३७ (२) मा मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ अर्थात् देख्ने, सुन्ने वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए सो कुरा प्रत्यक्ष देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ भनी भनेको सन्दर्भमा पनि देख्ने मानिसले नभई बाहिरी हल्लाको आधारमा वारदातमा संलग्नताका सम्बन्धमा बताएको साथै अन्य प्रमाणबाट समेत पुष्टि नभएको उक्त भनाइलाई प्रमाणमा ग्रहण गर्न सकिँदैन। प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी परे तापनि उक्त जाहेरी जाहेरवालाको बकपत्रबाट नै खण्डित भइरहेको अवस्थामा जाहेरी व्यहोरा केवल आवेशमा आई शङ्काका भरमा मात्र दिएको प्रष्ट हुन्छ। त्यसमा पनि जाहेरी आफैँमा प्रमाण हुन सक्दैन। यो घटना भएको, घटनाको सम्भावना रहेको जस्ता अवस्थामा प्रारम्भिकरूपमा सूचित गर्ने (Frist Information Report) का रूपमा मात्र दिइने हो जसलाई सत्य नै हुन्छ भनी भन्न सकिँदैन। यी प्रतिवादीको समेतको संलग्नता रहेको भनी दिएको जाहेरी अन्य कुनै प्रमाणबाट पुष्टि नभएको र स्वयम् जाहेरवालाको बकपत्रबाट समेत समर्थित नभएको अवस्थामा यसको प्रमाणिक मूल्य रहेको मान्न नसकिने। निजहरूको संलग्नता सम्बन्धमा कसैले आफूले देखेको भनी एकिन गरी भन्न सकेको देखिँदैन। वारदातको परिस्थिति हेर्दा पनि यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भन्न नसकिने।

मृतकको मृत्युका सम्बन्धमा शव परीक्षण प्रतिवेदनमा मृत्यु टाउकोको चोटको कारण भएको

हो भनी उल्लेख हुनुका साथै लास प्रकृति मुचुल्कामा मृतकको निधार फुटी रगत निस्केको, टाउकाको पछाडि बायाँ साइडमा अर्ध गोलाकार एक इन्च गहिरो घाउ चोट परेको भन्नेसमेत उल्लेख भएबाट मृतकको मृत्यु ढुंगाको चोटबाट भएको प्रमाणित हुने।

प्रतिवादी दीपक विष्ट स्वयम्ले अनुसन्धानका क्रममा आफूले हानेको ढुंगाको चोटले मृतकको मृत्यु भएको भनी कसुर स्वीकार गरी बयान गरी दिएको पाइन्छ। निजले अदालतको बयानमा मैले ढुंगा हाने वा हानेन थाहा छैन भनेतापनि आफ्नो मृतक पक्षसँग झगडा र हानाहान भएको कुरालाई स्वीकार गरी ढुंगा नहानेको भन्न सकेको देखिँदैन। त्यस्तै वारदात हुँदा मृतकसँगै रहेका प्रत्यक्षदर्शी फकिरे लुहार र भरत ओडले टर्च लगाएको विषयमा दिपक बिष्टलगायतले गाली गरेको र गाली नगर भन्दा उल्टै हामी भएको ठाउँमा आई हामीसँग कुटपिट झगडा गरी ढुंगाले हानी नारायण ओडलाई मारेका हुन् भनी अनुसन्धानका क्रममा लेखाई दिएकाबाट पनि दिपक विष्टले ढुंगाले प्रहार गर्दा मृतकको मृत्यु भएको पुष्टि हुन जाने।

सहअभियुक्तहरू बीरबहादुर लुहार र धनबहादुर बिष्टको बयानबाट पनि प्रतिवादीहरू तीन जना राती मेला हेर्न सँगै गएका, तीनैजनाले रक्सी सेवन गरेका, रक्सी खाई तीनैजना अलग भएका, वारदातपछि हल्ला सुनी हल्ला भएको ठाउँमा आउँदा मृतक पल्टिरहेको देखेको, प्रतिवादी दीपक विष्टको टाउकोमा चोट लागी रगत बगिरहेको देखेको र मृतकलाई दिपक विष्टले ढुंगाले प्रहार गरी मारेको हो भनी लेखाएबाट तथा अन्य मौकामा कागज गर्नेले पनि दिपक विष्ट वारदातस्थलमा रहेको र निजलाई त्यहीँबाट अस्पताल लगेको भनेबाट पनि यी प्रतिवादी दिपक बिष्ट र मृतक पक्षबीच झगडा हानाहान भई झगडाको क्रममा दिपक विष्टले टाउकोमा हानेको ढुंगाको चोटका कारण मृतकको मृत्यु भएको पुष्टि हुन जाने।

प्रतिवादी दिपक बिष्टको कसुरमा साबिती बयान, सहअभियुक्तको बयान, घटनाका प्रत्यक्षदर्शीको मौकाको कागजको व्यहोरालगायतका मिसल संलग्न कागज प्रमाण एकआपसमा समर्थित रही शव परीक्षण प्रतिवेदन, लास जाँच प्रकृति मुचुल्का वारदातस्थलको प्रकृति जस्ता वस्तुगत प्रमाणबाट समेत समर्थित भइरहेको स्थितिमा यी प्रतिवादीका साक्षी र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा के कसरी मृत्यु भयो थाहा भएन भनी लेखाई दिएका आधारमा मात्र यी प्रतिवादी दिपक बिष्टलाई निर्दोष मान्न नसकिने।

प्रतिवादी बीरबहादुर लुहार र धनबहादुर विष्टलाई सफाइ दिने गरी र प्रतिवादी दीपक बिष्टलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अनुसार सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू जिल्ला अदालतले गरेको फैसला सदर हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०६८।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी दिपक विष्टको हकमा प्रस्तुत भएको साधकसमेत सदर हुने।

प्रतिवादी दीपक विष्ट अभियोग दाबीअनुसार कसुरदार ठहरिएपनि निजको मृतकसँग चिनजानसमेत नभएको देखिएको र मृतकलाई मार्नुपर्ने कुनै पूर्वरिसइबी रही मार्नलाई योजना तथा षड्यन्त्र गरेको, मार्नलाई घातक हतियारको प्रयोग गरेकोसमेत मिसिल संलग्न कागजबाट देखिँदैन। रातीको समयमा प्रतिवादीले रक्सी खाई हिँडिरहेको अवस्थामा मृतक पक्षबाट टर्च लगाएको विषयलाई लिएर झगडा भई ढुंगाले हिर्काउँदा टाउकोमा चोट लाग्न गई मृतकको मृत्यु भएकोजस्ता घटनाको परिस्थिति, अवस्था तथा प्रतिवादीको मानसिक स्थितिसमेत हेर्दा यी प्रतिवादी दीपक बिष्टलाई ऐनअनुसारको सजाय गर्दा चर्को पर्ने देखिएकाले कैद वर्ष १० मात्र गर्नु न्यायोचित हुने भनी मुलुकी ऐन, अ. बं. १८८ नं. अनुसार सुरू अदालतबाट व्यक्त राय सदर हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट व्यक्त राय सदर हुन्छ र निजलाई १० (दश) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृतः श्री यदुराज शर्मा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल जेठ २४ गते रोज २ मा शभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७२-WH-००८२, बन्दीप्रत्यक्षीकरण, *विनोद भण्डारी वि. महानगरीय प्रहरी परिसर, टेकु, काठमाडौंसमेत*

ठगी मुद्दा सरकारवादी फौजदारी भई चल्ने मुद्दा हो । ठगी नै हो वा विशुद्ध लेनदेनको विषयलाई ठगी भनिएको हो अर्थात ठगी गरेको ठहर्ने नठहर्ने विषय अदालतको फैसलाबाट निरूपण गरिने विषय हो । तर ठगीमा जाहेरी नै नलिने, सोमा अनुसन्धान नै नगर्ने भन्ने हुँदैन । ठगीमा जाहेरी परी अनुसन्धानका लागि म्याद थप गरिपाउँ भनी आएकोमा अदालतले उपयुक्त देखेमा कानूनको परिधिभित्र रही म्याद थप गर्न पाउने नै हुन्छ । ठगी जस्तो सरकारवादी फौजदारी मुद्दामा पनि निवेदकउपर जाहेरी गर्न, पक्राउ गर्न, थुनामा राख्ने म्याद थप गर्न र सोअनुसार थुनामा राख्न मिल्ने होइन भनी अर्थ गर्न नसकिने ।

निवेदकले लेनदेनकै विषयमा करकाप मुद्दासमेत विचाराधीन रहेको अवस्थामा थुनामा राख्न मिल्ने होइन भनी लिएको आधारतर्फ हेर्दा, बन्दी प्रत्यक्षीकरणको निवेदनबाट थुनाको वैधता मात्र परीक्षण गरिन्छ । यसबाट वादीउपर कुनै मुद्दा चलेको छ, छैन भन्ने सम्बन्धमा कुनै विचार गरिँदैन । करकाप मुद्दामा पछि ठहरेबमोजिम हुने नै हुँदा सोही मुद्दा विचाराधीन रहेकै आधारमा ठगी मुद्दामा अनुसन्धान गर्न नपाउने तथा अनुसन्धानका लागि थुनामा राख्न नपाउने भन्ने नहुने ।

निषेधाज्ञा मुद्दामा आदेश भएको र करकाप मुद्दा विचाराधीन रहेकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने भन्नेबाहेक प्रस्तुत रिट निवेदनमा थुनामा राख्नुपर्ने आधार र कारण नभएको, थुनामा राख्दाको प्रक्रिया नअपनाएको तथा थुनामा पनि कानूनबमोजिमको उचित व्यवहार नगरेको भन्नेजस्ता थुनामा राख्दा संवैधानिक तथा कानूनी प्रावधानको पालना नभएको भनी निवेदकले देखाउन सकेको पाइँदैन । साथै थुना गैरकानूनी भएको भन्ने प्रस्तुत मिसिल र प्रमाणका लागि झिकाइएका मिसिलहरूसमेतबाट नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल साउन १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-१३९७, लागु औषध कोरेक्स, *मुन्ना भन्ने मुकेश साह सोनार वि. नेपाल सरकार*

प्रतिवादीले लागु औषध मोटरसाइकलमा लिई हिँडेकोसम्म देखिएको तर सेवन गर्ने कुरा निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, अदालतमा गरेको बयानलगायतका मिसिल संलग्न अन्य सबुद प्रमाणबाट निजले लागु औषधको कारोबार गरी हिँडेको तथा सेवन नै गरेको भन्ने कुरा प्रमाणित हुन सकेको देखिँदैन । बरामद उक्त लागु औषधको एउटै वारदात घटनाको प्रस्तुत मुद्दा देखिँदा सोमा कारोबार र सेवन दुवै कार्य भएको मान्न सकिने अवस्था देखिएन । तसर्थ पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नसकिने हुँदा प्रतिवादी मुन्ना भन्ने मुकेश साह सोनारलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम दुई वर्ष एक महिना कैद र एकलाख (१,००,०००) रूपैयाँ जरिवाना तथा सोही ऐनको दफा १४(१)(ज) बमोजिम पाँच सय रूपैयाँ जरिवाना हुने तथा बरामद मोटरसाइकल सो ऐनको दफा १८ बमोजिम जफत हुने ठहर्‍याई गरेको सुरू सर्लाही जिल्ला अदालतको मिति २०७१।३।३ को फैसला केही उल्टी गरी पुनरावेदन अदालत, जनकपुरबाट निज प्रतिवादी मुकेश साह सोनारलाई ऐ. ऐनको दफा १४(१)(झ) बमोजिम दुई (२) वर्ष कैद र रू. एकलाख (१,००,०००) जरिवाना

हुने ठहर्‍याएको मिति २०७१।९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०६२३, ०७२-RC-०२०५, कर्तव्य ज्यान, *गङ्गादत्त खनाल वि. नेपाल सरकार, नेपाल सरकार वि. पदमबहादुर मल्लसमेत*

प्रतिवादी गंगादत्त खनालले अदालतमा बयान गर्दा आफू अन्यत्र रहेको भनी Plea of Alibi लिएको देखिएता पनि आफू अन्यत्र रहेको भन्ने कुराको ठोस प्रमाण देखाउन सकेको पाइएन। निजका साक्षीले गरेको बकपत्रबाट निर्दोष रहेको भन्ने तथ्ययुक्त आधार उल्लेख गरेको देखिएन। केवल प्रहरीमा गरेको बयान डर त्रासबाट गरेको भन्नेसम्म उल्लेख गरेको आधारलाई मात्र सही तथ्य मान्न मिल्ने भएन । अधिकारीसमक्ष गरेको प्रतिवादीको बयानलाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनुपर्ने।

सर्वस्वसहित जन्मकैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाअनुरूप प्रतिवादी गंगादत्त खनाल र प्रतिवादी हरि मल्ललाई सुरू अदालतले ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरेको फैसला मिलेको नदेखिएकोले घटनाको अवस्था र प्रतिवादीहरूले मृतक दिलिपकुमारलाई पूर्व रिसईवी कै कारण क्रुर किसिमले हत्या गरी लासलाई डोरीले घाँटीमा बाँधी घिसारी मकैबारीमा लगी फालेको अवस्था देखिन आएबाट सुरू अदालतले गरेको फैसलालाई परिवर्तन गरी ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी भएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेकै देखिँदा सदर हुने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. मा *"जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वरदात भइरहेको ठाउँमा गई मार्नलाई सहयोग पारिदन निमित्त मर्ने मानिसको जीउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ"* भन्ने प्राबधान रहेको देखिन्छ। उक्त ऐनको कानूनी व्यवस्थाअनुरूप प्रतिवादी पदमबहादुर मल्लले घटनास्थलमा दिलीपकुमार रैकामगर आएपछि हानठोक भनी बचन दिई गंगादत्त खनाल र हरि मल्लले हतियार प्रयोग गरेको पुष्टि भई निजको शारीरिक अवस्थाले हतियार समात्न सक्ने अवस्था नदेखिएकोबाट निजलाई ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैदको सजाय गर्ने गरेको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पोखराको ईन्साफ मिलेकै देखिँदा निजको हकमा पेस भएको साधक सदर हुने।

प्रतिवादी गंगादत्त खनाल र प्रतिवादी हरि मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी पदमबहादुर मल्ललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।१२।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी हरि मल्लको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पाँच (५) वर्ष सजाय गर्ने भनी पुनरावेदन अदालत, पोखराबाट व्यक्त भएको राय मनासिब नदेखिँदा कायम रहन नसक्ने ठहर्छ। तसर्थ निज प्रतिवादी हरि मल्ललाई सर्वस्वसहित जन्मकैदको सजाय नै हुने।
इजलास अधिकृतः यज्ञप्रसाद भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदार प्रसाद चालिसे,** ०७०-CI-०२७२, अंश हक कायम दर्ता, *सागरदेवीसमेत वि. सुसिला देवी*

प्रस्तुत मुद्दामा पुनरावेदकले लिएको मूल

जिकिरमा २०४९ सालमा मदन मोहन तिवारीले दिएको अंश मुद्दा र राम एकवाल तिवारीले अंश मुद्दा दिई अन्तिम भएपछि अंश पाउँ भनी अ.बं. ८५ नं. ले पूनः अंश मुद्दा दिन मिल्दैन भनी जिकिर लिएको देखिन्छ। २०३१ सालको दे.नं. २३३९ को वादी रामएकवाल तिवारी र प्रतिवादी सरयुग तिवारीसमेत भएको अंश मुद्दामा २०३५।२।१५ मा बन्डा छुट्याइएको र सोभन्दा अगावै २०३४।८।१५ मा सरयुग तिवारीको मृत्यु भइसकेकोमा ३ भाग अंश छुट्याउनु पर्नेमा ४ भाग छुट्याएको कारण प्रस्तुत विवादको स्थिति जन्म भएको देखिन्छ। अंशवण्डा गर्दा जीवित अंशियारबीचसम्म गर्ने हो र मृत्यु भइसकेका व्यक्तिको समेत बन्डा हुने होइन। यसबाट सरयुग तिवारीको मृत्यु भइसकेपछि जम्मा मूल ३ अंशियार कायम भई सो ३ भागमध्येको १ भाग वादीले पाउने अवस्थामा सो हुन सकेको अवस्था देखिएन। २०३१ सालको दे.नं. २३३९ को अंश मुद्दाबाट नै ३ भागको १ भाग वादीको हक स्थापित भइसकेको र सोही कुराको कार्यान्वयनतर्फ वादीको फिराद परेको प्रस्ट देखिइरहेको अवस्थामा पछि परेका मुद्दाबाट वादीको हक जाने भन्ने प्रश्न नै आउँदैन। अंश मुद्दा परि सो मुद्दाले अन्तिमता नपाउँदै कुनै अंशियारको मृत्यु भएमा बाँकी अंशियारमा भाग लाग्ने निश्चित छ। सो सम्पत्ति प्रतिवादीहरूको निजी आर्जन नभई सगोलका सबै अंशियारको हक लाग्ने पैतृक सम्पत्ति भई त्यस्तो पैतृक सम्पत्ति प्रतिवादीहरूले बढी पाउने र वादीले कम पाउने गरी कानूनको व्याख्या गर्न मिल्दैन। एकपटक हक स्थापित भइसकेको अधिकारमा अतिक्रमण हुने गरी कानूनको व्याख्या गर्नु न्यायको मकसदप्रतिकूल हुने र यस्तोमा अ.बं. ८५ नं. को व्यवस्था आकृष्ट हुनसक्ने अवस्था पनि आउँदैन। पैतृक सम्पत्ति अंशियारले समानरूपमा पाउने निजको नैसर्गिक अधिकार भएकाले त्यस्तो अधिकारबाट अंशियारलाई वञ्चित गर्न पनि नमिल्ने।

अतः वादी दाबीको सम्पत्तिमा मिति २०६३।३।२९ मा प्रतिवादीहरूले मिलापत्रबाट लिनु दिनु गरी भएको प्रतिवादीहरूको नाउँको दर्ता बदर गरी विवादका कि.नं. ५९७,५९४,१६१,४२२,८३, १३६,४४८ र ९६ का जग्गामध्येबाट नरमकरम मिलाई तीन भागको एकभाग जग्गा वादीको अंश हक कायम हुने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१२।१२ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७२-WO-०१९३, उत्प्रेषण, *चन्द्रा श्रेष्ठसमेत वि. तिला भन्ने तिलरूपा दवाडीसमेत*

तिला भन्ने तिलरूपा दवाडी वादी विमला श्रेष्ठसमेत प्रतिवादी भई काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा (२०६९ सालको दु.फौ. नं. ०४२२१) मिति २०७०।६।७ मा वादी दाबी बमोजिम साँवा रू. ७,७७,०००।- र सोको भरी भराउ भएका मितिसम्मको कानूनबमोजिमको व्याज वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहरी फैसला भएको देखिन्छ। उक्त फैसला कार्यान्वयनको सिलसिलामा ईश्वरलाल श्रेष्ठको नाममा दर्ता स्रेस्ता कायम रहेको धनकुटा जिल्ला, धनकुटा नगरपालिका वडा नं. ६ स्थित कि.नं. ३६८ क्षेत्रफल ०-४-३-० जग्गाबाट लेनदेन मुद्दाको बिगो भराउने कार्य भएको देखिन्छ। निवेदकहरूका वारेस सीताशरण मण्डल र विपक्षीमध्ये ईश्वरलाल श्रेष्ठले इजलाससमक्ष उपस्थित भई विवादित जग्गाको लिलामी कार्य सम्पन्न भइसकेको भनी उल्लेख गरेको पाइयो। रिट निवेदन जिकिर सो लिलामी कारवाही रोक्का गरिपाउँ भन्ने हो। विवादको जग्गा नै लिलाम भइसकेको अवस्थामा रिट निवेदनको औचित्य नदेखिने।

काठमाडौं जिल्ला अदालत, तहसिल शाखाले फैसला कार्यान्वयनको सिलसिलामा कारवाही गरी विवादित जग्गाबाट विपक्षी तिला भन्ने तिलरूपा दवाडीको फैसलाबमोजिमको

रकम दिलाई भराई फैसला कार्यान्वयन गर्नु भनी मिति २०७२।२।१० च.नं. ३३०० मा धनकुटा जिल्ला अदालतमा मिसिलसहित पत्र प्रेषित गरी सोहीअनुसार फैसला कार्यान्वयनको लागि लिलाम कार्य सम्पन्न गरेको कार्यमा कुनै कानूनी त्रुटि देखिन आएन । अर्कातर्फ विपक्षीहरू सगोलका अंशियार हो होइन, को छुट्टी भिन्न भएको छ भन्ने विषय रिट क्षेत्रबाट निर्णय हुने विषय पनि नभएको हुँदा प्रस्तुत रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल कात्तिक ०४ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०७२-WO-०१९२, उत्प्रेषण, *चन्द्रा श्रेष्ठसमेत वि. पवित्रा बोगटी (खाती) समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७१-WO-०६१९, उत्प्रेषण, *दुलारीदेवी वि. सम्पत्ति शुद्धिकरण विभाग, केशरमहल, काठमाडौंसमेत*

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ को दफा १८(८) हेर्दा, *यस दफाबमोजिम सम्पत्ति वा साधन रोक्का राखेको वा नियन्त्रणमा लिएको विषयमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले दफा २२ को उपदफा २ बमोजिम तोकिएको अदालतसमक्ष रोक्का भएको सम्पत्ति वा साधन फुकुवा गर्न निवेदन गर्न सक्नेछ* भनी स्पष्ट उल्लेख भएकोमा यी रिट निवेदकले त्यसतर्फ कारवाही अगाडि बढाएको देखिएन । यसरी सम्पत्ति वा साधन रोक्का राखेकोमा चित्त नबुझेमा तोकिएको अदालतसमक्ष निवेदन दिन सकिने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै त्यसको अवलम्बन नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचार प्रदान गर्नुपर्ने स्थिति देखिन आएन । अनुसन्धान सम्पन्न भई भएको निर्णयमा चित्त नबुझेमा निवेदकले कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिँदा गैरकानूनीरूपमा रोक्का रहेको सम्पत्ति फुकुवा गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदनको जिकिर कानूनसम्मत नदेखिँदा गैरकानूनी तवरले ठूलो परिमाणमा चल अचल सम्पत्ति आर्जन गरेको भनी उजुर परी सो उजुरीउपर अनुसन्धान भइरहेको अवस्थामा अनुसन्धानबाट जे निष्कर्ष निस्कन्छ सोहीबमोजिम हुने नै हुँदा सम्पत्ति शुद्धिकरणमा अनुसन्धान भइरहेको काम कारवाहीलाई असर पर्ने गरी रिट क्षेत्रबाट बोल्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल कात्तिक ०४ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०७१-WO-०६१८, उत्प्रेषण, *साधु साह सुडी वि. सम्पत्ति शुद्धिकरण विभाग केशरमहल, काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ११

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७०-CR-०१७३, जबरजस्ती करणी, *बालकृष्ण खड्का वि. नेपाल सरकार*

जाहेरवालीले छोरीलाई खोजी गर्दै जाँदा घटनास्थलमा निजलाई नाङ्गो पारी सुताई आफू चाहिं मलाई देख्नासाथ पेन्ट समात्दै भागेको हुँदा मैले पीडिताको नाङ्गो शरीर हेर्दा दुवै तिघ्रामा सेतो बाक्लो वीर्य लत्पतिएको र योनीद्वारको छेउछाउमा पातलो फिज देखी बालिकासँग सोध्दा बालकृष्ण अङ्कलले उनको तुरी मेरोमा लगाउनु भयो, मलाई दुखी राखेको छ भनिन् भनी दिएको जाहेरी दरखास्तलाई समर्थित हुने गरी अदालतमा बकपत्र गरेको देखिन्छ । पीडिताले बालकृष्ण खड्काले बुनु मसँगै खेल्न जाउँ भनी काँसघारीमा लगी मैले लगाएको फ्रक, कट्टु, पेन्टी खोली जबर्जस्ती करणी गरेको हो भनी मौकामा

अनुसन्धान अधिकारीसमक्ष लेखाएको कथनलाई पुष्टि हुने गरी र अनुसन्धानको क्रममा कागज गर्ने डिल्ली सुवेदी, धनबहादुर राईसमेतले यी प्रतिवादीले आरोपित कसुर गरेको हो भनी लेखाएको कथनलाई पुष्टि हुने गरी अदालतमा बकपत्र गरिदिएको देखिन्छ । यसरी निजहरूले गरिदिएको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने कुनै आधार र कारण देखिन नआएको र प्रतिवादीको इन्कारी बयानसमेत अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नआएको अवस्था हुँदा मौकामा आरोपित कसुरमा साबित रही गरेको प्रतिवादीको बयानलाई अन्यथा भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नम्बरमा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ" भन्ने कानूनी प्रावधान देखिन्छ । उल्लिखित कानूनी प्रावधानबाट जबर्जस्ती करणीको वारदात स्थापित हुन आपराधिक कार्यको रूपमा करणी र पीडिताको नामन्जुरी देखिनु पर्दछ । तर, १६ वर्षभन्दा कम उमेरकीलाई करणी मात्र गरेको देखिए जबर्जस्ती करणी ठहर्न सक्ने अवस्था देखिन्छ । जबर्जस्ती करणीको महलको १ नं.को स्पष्टीकरण (ग) ले "योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनका लागि करणी भएको मानिनेछ" भन्ने व्यवस्था गरेको देखिन्छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. टेकबहादुर क्षेत्री भएको जबर्जस्ती करणी मुद्दामा "बालिकाको उमेर अत्यन्त कम भएकै कारणले गर्दा बालिकाको योनीभित्र निजको लिङ्ग प्रवेश नगरेकै आधारमा निजको क्रियालाई जबर्जस्ती करणीको उद्योगका रूपमा मात्र सीमित गराउन नमिल्ने" (ने.का.प.२०६६, अङ्क ५, नि.नं.८१४२, पृष्ठ ७४३) भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मैले खेल्दै गरेकी वर्ष ५ की पीडिता अनुजा थारूलाई यौन सन्तुष्टी लिने इच्छा भई च्याप्प समाती काँसघारी भित्र उत्तानो बनाई निजको योनिमा मेरो लिङ्ग घर्षण गराएँ, लिङ्ग प्रवेश हुन सकेन, वीर्य बाहिरै स्खलन गराई जबर्जस्ती करणी गरेको हो भनी बयान गरेको देखिन्छ । जाहेरवालीको बकपत्रबाट पीडिताको तिघ्रामा सेतो बाक्लो वीर्य लतपतिएको र योनीको द्वार छेउछाउमा पातलो फिज देखिएको भन्ने देखिन्छ । यस्तो अवस्थामा जबरजस्ती करणी गरेको होइन उद्योगसम्म मात्र गरेको हो भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीले आफू १६ वर्षभन्दा कम उमेरको भनी लिएको जिकिरलाई हेर्दा, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफू २२ वर्षको भनी लेखाएको देखिन्छ । निज प्रतिवादीको उमेर जाँच भई आएको प्रतिवेदन र उमेर जाँच गर्ने विशेषज्ञको बकपत्रबाट पनि निजको उमेर १४–१७ वर्ष हो भन्ने देखिन आएको छ । यस्तो अवस्थामा आफू १६ वर्षभन्दा कम उमेरको हो भन्ने यी प्रतिवादीले सोको सबुद प्रमाणसमेत प्रस्तुत गर्न नसकेकोले निज १६ वर्षभन्दा कम उमेरका हुन् भन्न मिल्ने अवस्था देखिन आएन । यसरी ५ वर्षको अबोध नाबालिकालाई जबरजस्ती करणीगर्ने यौन पिपासुलाई बिना आधार प्रमाण निजले पुनरावेदन जिकिर लिएअनुसारको सफाइ अथवा कम सजाय (जबरजस्ती करणी उद्योगमात्र सजाय) गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी बालकृष्ण खड्कालाई जबर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय गरी जबर्जस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितालाई रू. ५,०००।- क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

इति संवत् २०७३ साल असोज ११ गते रोज शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०६६-CI-१०५०, फैसला बदर, *विलट राय यादवको वारेस भई आफ्ना हकमा समेत ठगा राय यादव वि. मु.स. गर्ने निजको श्रीमती कुसमी देवी*

प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट मिति २०६५।७।१६ मा भएको नाप नक्सामा उल्लेख भएको न.नं. १ को जग्गा र प्रमाणको मिसिलमा रहेको मिति २०५३।३।१५ मा भएको नक्सा मुचुल्काको न.नं. ४ को जग्गा एउटै रहेको र क्षेत्रफलसमेत समान रहेको देखिन्छ। उक्त मिति २०६५।७।१६ को नक्सा सर्जमीनको न.नं. १ मा गोरू बाँधिएको, परालको टौवा रहेको तथा खरिहानको रूपमा प्रयोग भएको देखिएको हुँदा सो जग्गालाई सार्वजनिक हो भन्न सकिने स्थितिसमेत देखिँदैन। साथै न.नं. १ को दक्षिण साँधमा रहेको न.नं. ३ को घर जग्गासमेत वादी कुसमी देवीकै देखिएको र सर्जमिनका अधिकांश व्यक्तिहरूको कथनबाट उक्त न.नं. १ को जगा वादी कुसमी देवीको भोग चलनमा रहेको भन्ने देखिन आउने।

प्रस्तुत अवस्थामा सो न.नं. ४ को घर जग्गामा मु.स. गर्ने पुनरावेदक कुसमी देवीको भोग चलनमा रहेको देखिन आएको र उल्लिखित वादी ठगा राय यादव प्रतिवादी विल्टु राय यादवको बीच चलेको घर उठाई जग्गा खिचोला मुद्दाको न.नं. ५ को जग्गासम्म सार्वजनिक कायम भई सो मुद्दा अन्तिम रहिरहेको अवस्था हुँदा न.नं. १ को ०-०-८-७ जग्गा सार्वजनिक ठहर हुनेगरी भएको सुरू जिल्ला अदालतको फैसला उल्टी हुनेगरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।३।२९ मा भएको फैसला सदर हुने ठहर्छ। विपक्षी झिकाउने गरी मिति २०७१।९।२९ मा भएको आदेशसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

## इजलास नं. १२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-CI-०१४३, ०१८४, निर्देशन बदर, *ललितपुर जिल्ला ललितपुर नगरपालिका वडा नं. ४ बागडोलस्थित काठमाडौं रिजेन्सी व्यवस्थापन समितिको तर्फबाट अख्तियारप्राप्त बीरभद्र विक्रम शाह वि. चौधरी हाउस सानेपामा कार्यालय रहेको चौधरी डेभलपर्स प्रा.लि., सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौं वि. अन्सल चौधरी डेभलपर्स प्रा.लि.*

उजुर निवेदनमा परेका विषयहरूमध्ये केही विषयहरूको सम्बन्धमा मिति ०६३।१२।१ मा निर्देशन दिएको देखिन्छ। सो विवादित निर्देशनहरूमा आर्थिक दायित्वसम्बन्धी विषयहरू समावेश भएको पाइन्छ। ती आर्थिक दायित्वहरूको सम्बन्धमा भएका निर्देशन अधिकारप्राप्त अधिकारीको अन्तिम आदेश प्रकृतिको देखिन आएको छ। अन्तिम आदेश प्रकृतिको निर्देशन हुँदा सोउपर पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्नु नै कानूनसम्मत हुन आउँछ। अन्यथा अन्तिम प्रकृतिको कामकारवाही भइरहने र निर्देशनको नाउँमा पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न नमिल्ने हो भने निर्देशन दिने अख्तियारवालाको काम कारवाही न्यायिक नियन्त्रणभन्दा बाहिर जान पुग्ने अवस्था भइरहन्छ। वस्तुतः जारी गरिएको निर्देशनको प्रकृतिअनुसार नै पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्नुपर्ने हुन आउँछ। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को प्रस्तावनामा *सुपथ आवास ईकाइहरू सुलभ ढङ्गबाट बिक्री वितरण गरी आवास समस्यालाई निराकरण तथा व्यवस्थित बसोवासको व्यवस्था गर्न र त्यस्ता आवास इकाईका धनिहरूको अधिकार र दायित्वसम्बन्धी व्यवस्था गर्न* भन्ने व्यवस्था रहेको र प्रस्तुत विवादित ३ बुँदे निर्देशनले आर्थिक दायित्वको सम्बन्धमा स्पष्ट निर्देशनहरू दिइरहेको सम्बन्धमा त्यसरी ऐनको प्रस्तावनाको भावनाविपरीत

नहुनेगरी सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, काठमाडौंले दिएको उक्त तीन बुँदे निर्देशन कानूनबमोजिम देखिन आयो। यसरी सो आदेश अन्तिम प्रकृतिको भएको हुँदा अ.बं.१७ नं.को कार्यविधिबाट सच्चिन सक्ने भन्ने पुनरावेदकतर्फका कानून व्यवसायीहरूको बहससँग सहमत हुन नसकिने।

संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ विशेष ऐन भएको र सो ऐनले सम्झौता करार गर्नपर्ने भनी किटानसाथ छुट्टै कानूनी व्यवस्था स्पष्ट गरेको पाइयो । सम्झौताअनुसारको संयुक्त आवास भवनको सुविधा प्रदान गरे नगरेको, कानूनले सम्झौतामा खुलाउनु पर्ने विशेष सुविधा खुलेको छ छैन सुविधा दिनपर्नेमा सो कार्य भए छ छैन, संचालनको लागि क्रेताले व्यहोर्न पर्ने के के आर्थिक दायित्व हो भन्ने सम्बन्धमा अधिकारप्राप्त अधिकारीले उजुरीको आधारमा तत्काल छानबिन गरी निर्देशनहरू जारी गर्नपर्ने।

बाह्य विकास भनेको यो यो कार्यको लागि हो र सो कार्यबापत यति शुल्क लाग्छ भनी ऐनको दफा १८ अनुसार सम्झौतामा नै उल्लेख हुनुपर्ने देखिन्छ। वस्तुतः सम्झौतामा स्पष्ट उल्लेख नभएको गोलमटोल भाषामा बाह्य विकासको शुल्क बुझाउनेछु भनी खरिदकर्ताले सम्झौता गरेको छ भनी संस्थापकको स्वईच्छाअनुसार बाह्य विकासको परिभाषाले सम्झौताको रूप धारण गर्न सक्दैन । सम्झौतामा स्पष्ट खुलाएको खर्चको हकमा सम्झौताअनुसारको आर्थिक दायित्वको विषय बन्न सक्दथ्यो । सो नभएको र बाह्य विकास शुल्कको परिभाषाले यो यो कार्यहरू समेट्ने भनी सम्झौतामा स्पष्ट नभएको हुँदा यो विषय शुद्ध करारीय दायित्वअन्तर्गत पर्ने न्यायिक अधिकारक्षेत्र ग्रहण हुनेसम्मको अवस्था पनि देखिएन । अतः संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ अनुसार सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले यस विषयमा निर्देशन दिन सक्ने।

करार ऐन, २०५६ करार, सम्झौतासम्बन्धी विषयमा बनेको ऐन हो । यो ऐनमा स्पष्टरूपमा सम्झौतासम्बन्धी छुट्टै कानूनी व्यवस्थाको बारेमा उल्लेख छ । यो ऐनअनुसार गर्नुपर्ने सम्झौतामा खुलाउनुपर्ने कुराहरू तोकिएका छन्। संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३४ मा यस ऐनमा लेखिएजतिमा यसै ऐनबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुने भन्ने कानूनी व्यवस्था गरेको छ। सो भनेको दफा ३४ ले यो ऐनमा लेखिएका सर्त सम्झौताहरूको सम्बन्धमा समेत यसै ऐनअनुसार गर्नुपर्ने व्यवस्था गरेको देखिने।

सामूहिकक्षेत्रको सुविधा उपभोग गर्दा ऐनको दफा १८ अनुसार सम्झौतामा नै स्पष्ट हुनुपर्ने देखियो। संस्थापकको स्वईच्छाअनुसार संयुक्त आवास भवनको परिभाषाले समेटेको कम्पाउण्ड कम्प्लेक्सभित्र निर्माण हुने अन्य जुनसुकै कुरा बाह्य विकास भनी उल्लिखित सम्झौताअन्तर्गत पर्ने भनी मान्न मिल्ने देखिएन । कुन सामूहिकक्षेत्र तथा सुविधाबापत कति खर्च लाग्ने हो सम्झौतामा उल्लेख हुनुपर्ने भनी ऐनको दफा १८ ले गरेको कानूनी व्यवस्थाको भावना रहेको पाइन्छ । सम्झौतामा उल्लेख भएबमोजिम लाग्ने सामूहिक खर्च बुझाउनुपर्ने भनी स्पष्ट उल्लेख भएको हुँदा “खर्च” को बारेमा सम्झौतामा नै उल्लेख हुनु अनिवार्यता गरेको पाइन्छ । करारीय दायित्व सृजना हुने गरी खर्चको विषय स्पष्टरूपमा सम्झौतामा कानूनबमोजिम नखोलिएको स्थितिमा बाह्य विकास भनी संस्थापकको इच्छाले तोकेको खर्चहरू करार सम्झौताको Ambit भित्र पर्ने हुँदैन। यसैले यो विषय करार ऐन, २०५६ अनुसार आर्थिक दायित्वको रूपमा स्वतः समाहित भएको मान्न नसकिने।

संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ का विभिन्न दफाहरूमा रहेको कानूनी व्यवस्थामा सम्झौता करार गर्नुपर्ने भनी कानूनी व्यवस्था रहेको र यस ऐनमा लेखिएजति यसै ऐनबमोजिम हुनेछ भनी दफा ३४ ले व्यवस्था गरेको हुँदा करार ऐन, २०५६ आकर्षित भई सोहीअनुसार मात्र कानूनी कारवाही अघि बढाउनु पर्दछ भन्ने प्रत्यर्थीतर्फका

विद्वान् कानून व्यवसायीहरूको बहससँग सहमत हुन सकिएन। यस ऐनबमोजिम करारमा खुलाउनु पर्ने 'खर्च' स्पष्टरूपमा खुलेको हुनुपर्ने भन्ने कानूनी व्यवस्थाको पालना हुनै पर्दछ। त्यसरी करारमा उल्लेख नभएको खर्चको हकमा करार ऐन, २०५६ प्रस्तुत विषयमा स्वतः आकर्षण हुने।

संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ को दफा ३३ अनुसार अधिकारप्राप्त अधिकारीले निर्देशन जारी गर्न सक्ने स्पष्ट व्यवस्था भएको र सो निर्देशन दिन दफा ३४ को कानूनी व्यवस्थाले थप संरक्षण प्रदान गरेको स्थितिमा ऐनको विशेष व्यवस्थालाई ध्यानै नदिई सम्झौताबाट उठेको आर्थिक दायित्वको सम्बन्धमा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयलाई प्रदान गरेको नदेखिएको भनी पुनरावेदक सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयबाट मिति २०६३।१२।१ मा जारी भएको निर्देशन बदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।३।२३ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा उल्टी हुने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल साउन ३२ गते रोज ३ शुभम्।

## इजलास नं.१३

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CI-०२९८, निषेधाज्ञा / परमादेश, *विनोद रोक्कासमेत वि. का.जि.का.म.न.पा.वडा नं. १३ स्थित पुरानो कालीमाटी उपभोक्ता समितिसमेत*

निवेदकहरूको माग गरेबमोजिम निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गर्नको लागि उक्त विवादित बाटोमा निवेदकहरूको निर्विवादित हक स्थापित हुनु पर्दछ। निवेदकहरू आफैँले उक्त बाटोको विवादको सम्बन्धमा काठमाडौं महानगरपालिकामा उजुरी परी कारवाहीयुक्त अवस्थामा रहेको भनी स्वीकार गरी पुनरावेदन गरेको देखिन्छ। यसरी बाटो नाप जाँच र खिचोला सम्बन्धमा काठमाडौं महानगरपालिकाबाट विवादको निरूपण हुने वैकल्पिक अवस्था हुँदाहुँदै रिट क्षेत्राधिकार आर्कषित हुन नसक्ने।

निवेदकहरूले दाबी लिएको घरजग्गा र विपक्षीहरूबाट उठान भएको बाटोको चौडाईसम्बन्धी विवादलाई हेर्दा यो विवाद घरजग्गा तथा बाटो खिचोला प्रकृतिको रहेको देखिन्छ। यस्तो जग्गा खिचोलासम्बन्धी विवादित विषयवस्तुको न्याय निरूपण प्रचलित कानूनबमोजिम साधारण अधिकारक्षेत्रबाट नै निरूपण गर्न सकिने हुन्छ। निवेदकहरूले निवेदनमा महानगरपालिकाले बोलाएको कुरा उल्लेख गरेको पाइयो। महानगरभित्र निर्माण गर्न लागिएका संरचनाहरू पारित नक्साबमोजिम निर्माण भएका छन् वा छैनन् भनी हेर्ने निकाय महानगरपालिका नै हो। खिचोलाको विवाद सोझै रिटबाट हेरिने विषय पनि होइन। रिट अधिकार क्षेत्रअन्तर्गतको असाधारण अधिकार क्षेत्रबाट उक्त विवादको न्यायिक निरूपण गर्न मिल्ने नदेखिँदा निवेदकहरूको पुनरावेदन मागबमोजिमको आदेश गर्न नमिल्ने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CI-०१६५, निषेधाज्ञा / उत्प्रेषण / परमादेश / प्रतिषेध, *गणेशमाया त्वायनाबासुसमेत वि. मा.न्या.श्री लेखनाथ ढकालसमेत*

निवेदकहरूले भक्तपुर जिल्ला अदालतका न्यायाधीशले तहसिलदारबाट भएको आदेशलाई बदर गर्ने गरी मिति २०७०।६।४ मा गरेको आदेशउपर मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको उपचारको बाटो र वैकल्पिक उपचार नभएमा अवलम्बन गरिने असाधारण अधिकारक्षेत्रसमेत दुवै क्षेत्राधिकार प्रयोग गरेको देखियो। पुनरावेदन अदालत, पाटनबाट मुलुकी ऐन अ.बं. १७ नं. बमोजिमको दर्ता हुन आएको

निवेदनउपर सुनुवाई हुँदा भक्तपुर जिल्ला अदालतबाट मिति २०७०।६।४ मा गरेको आदेश बदर गर्ने गरी निवेदकहरूको मागबमोजिम नै पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।७ मा आदेश भएको देखिन्छ । पुनरावेदन अदालतको उक्त आदेशउपर असर पर्ने पक्ष अर्थात् किरण प्रजापतिको यस अदालतसमक्ष रिट निवेदन (०७०-WO-०९१९) पर्न आई यस अदालतबाट समेत पुनरावेदन अदालत पाटनबाट मिति २०७१।२।७ मा भएको आदेशलाई अन्यथा नठहऱ्याई विपक्षीको रिट निवेदन खारेज हुने ठहरी मिति २०७२।८।१८ मा आदेश भएको देखिन्छ। निवेदकहरूको निवेदन मागबमोजिमको उपचार मुलकी ऐन, अ.बं. १७ नं. बमोजिमको प्रक्रियाबाट प्राप्त भई अन्तिम भइसकेको अवस्थामा पुन: त्यही विषयलाई लिएर रिटमा प्रवेश गरी निवेदकहरूको मागबमोजिमको आदेश गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिन नआउँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।२।७ मा निवेदन खारेज गर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-००९३, उत्प्रेषण / परमादेश, *रानुसिंह डंगोलसमेत वि. मालपोत कार्यालय, चाबहिल, काठमाडौंसमेत*

निवेदक प्रतिवादी महेश्वरराज सिंह डंगोलले मिति २०६८।१०।१२ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा सकार गरी प्रतिउत्तरपत्र दिंदा जोगनरसिंह डंगोलको नाति, सिंहनरसिंह डंगोलको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १३ बाफल बस्ने विष्णुराजसिंह डंगोलको मुद्दा सकार गरी प्रतिउत्तर पत्र दर्ता गरिपाउँ भनी र सोही मितिकै प्रतिउत्तर पत्रमा समेत उल्लिखित वतन उल्लेख गरी सहिछाप गरेको देखिन्छ । यसप्रकार आफूले प्रतिउत्तरपत्र दिँदा उल्लेख गरेको ठेगानामा नै रीतपूर्वक म्याद तामेल भएको कुरालाई वडा नं. १२ बस्ने भनी उल्लेख गरेकै आधारमा मात्र म्याद बेरीतपूर्वक गलत ठेगानामा तामेल भएको भन्न सक्ने अवस्था नरहने।

फैसलाबमोजिम विपक्षीमध्येका शंकरराज सिंह डंगोलले मालपोत कार्यालय, चाबहिलमा निवेदन दिई नापी कार्यालय, चाबहिलबाट मिति २०६९।४।२८ मा कित्ता काटको निर्णय भएको देखिन्छ । सोही निर्णयको आधारमा मालपोत कार्यालय, चाबहिलबाट मिति २०६९।४।२८ मा दाखिल खारेजको निर्णय भई विपक्षी वादी शंकरराज सिंह डंगोलले जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको देखिन्छ । यसरी मिति २०६९।४।२८ मा कित्ता काटको निर्णय भई जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेकोमा लामो समयपछि मिति २०७१।५।३ मा रिट निवेदन दर्ता गराएको देखिन्छ । मर्का पर्ने पक्षले उपचारको लागि अनुचित विलम्ब गरी अदालत प्रवेश गरेकोमा त्यसबाट उपचार प्राप्त गर्न विलम्बको सिद्धान्तले समेत दिँदैन। निवेदकले विलम्ब गरी निवेदन दिनुको मनासिब र उचित कारणसमेत खुलाउन सकेको पनि नदेखिँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।१२।१४ मा फैसला भई मिति २०६९।४।२८ मा कित्ताकाट गरी जग्गाधनी प्रमाण पुर्जासमेत बनाई फैसला कार्यान्वयन भइसकेको अवस्थामा त्यसको २(दुई) वर्षभन्दा बढी समय व्यतित गरी मिति २०७१।५।३ मा मात्र रिट निवेदन दायर गरेको देखिँदा विलम्बको सिद्धान्तका आधारमा रिट जारी गर्न मिल्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । परिणामतः मिति २०७१।५।६ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेश निष्क्रिय हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०६२७, उत्प्रेषण / परमादेश, *पशुपतिनाथ शर्मा वि. शशिल शर्मासमेत*

लेनदेन मुद्दाको फैसलाबमोजिमको बिगोबापतमा त्यस्तो गोश्वाराको सम्पत्तिबाट अन्य अंशियारले गरेको व्यवहारमा दायित्व रहन सक्ने देखिँदैन । सुशील शर्माले ऋण लिँदा निवेदक पशुपति शर्मासमेतका अंशियारहरूको मन्जुरी लिएको भन्ने कुनै आधार प्रमाण पेस गर्न सकेको अवस्थासमेत देखिँदैन । ऋण लिँदासमेत निवेदकसमेतका अन्य अंशियारहरूलाई ऋण लिँदाको तमसुक लिखतमा समेत साक्षी राखेको नदेखिँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ र ९ नं. अनुसार गोश्वारा धनबाट व्यहोर्नु पर्ने भन्ने मिल्ने नदेखिने ।

विपक्षी सुशील शर्मा घरका मुख्य व्यक्ति भई कामकाज गर्ने व्यक्ति हो भन्ने कुरा कहीँकतैबाट पनि देखिँदैन । "घरको मुख्य व्यक्ति रहेको भन्ने तथ्य तर्कमा आधारित नभई मुख्य भई घर व्यवहार सञ्चालन गरेका वस्तुनिष्ठ कागज प्रमाणबाट पुष्टि हुन सक्नु पर्छ ।" भनी यस अदालतले बद्री मण्डल विरूद्ध महोत्तरी जिल्ला अदालतसमेत भएको उत्प्रेषणयुक्त परमादेशको निवेदन (*ने.का.प.* २०६५, अङ्क १, नि.नं. ७९२२) मा र मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. र ९ नं. बमोजिम विपक्षीको हक नपुगुन्ज्याल गोश्वारा धनबाट भरिभराउ हुन नसक्ने" भनी राज कुमार यादव विरूद्ध पुनरावेदन अदालत, जनकपुर भएको उत्प्रेषणको निवेदन (*ने.का.प.* २०५१, अङ्क ५, नि.नं. ४९१५) मा व्याख्या भएको छ । यस दृष्टिबाट हेर्दासमेत रिट निवेदकको जिकिर मनासिब देखिन आउँछ । प्रस्तुत निवेदनका सन्दर्भमा विपक्षी सुशील शर्माले घरको मुख्य व्यक्ति भई व्यवहार गरेको भन्ने कुनै वस्तुनिष्ठ कागज प्रमाण पेस गरी पुष्टि गर्न सकेको पनि नदेखिने हुँदा प्रस्तुत मुद्दामा विपक्षी सुशील शर्मा घरको मुख्य व्यक्ति रहेको तथ्य प्रमाण पेस गरी पुष्टि गर्न नसकेको साथै ऋण लिँदा निवेदक पशुपति शर्मासमेतका अंशियारहरूको मन्जुरी लिएको नदेखिएको, तमसुकमा साक्षीसमेत राखेको नदेखिँदा उक्त ऋण मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. अनुसार गोश्वार धनबाट व्यहोर्ने गरी पर्सा जिल्ला अदालतका तहसीलदारबाट भएको आदेश सदर गर्ने गरी पर्सा जिल्ला अदालतबाट मिति २०७०।८।१५ मा भएको आदेश सदर हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।३।२६ मा भएको आदेश र सोबमोजिम भए गरिएका काम कारवाही कानूनप्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २७ गते रोज ५ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-CR-०५२४, ०८९४, मानव बेचविखन तथा ओसारपसार जबरजस्ती करणी, *लाक्पा शेर्पा वि. नेपाल सरकार, नेपाल सरकार वि. लाक्पा शेर्पासमेत*

प्रस्तुत मुद्दामा प्रतिवादी लाक्पा शेर्पा आफू महिला भए तापनि सुरूबाट नै पीडितलाई पुरूष हुँ भन्ने भ्रममा राखी कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको अवस्था रहेको छ । यसरी प्रस्तुत मुद्दामा एउटा महिलाले अर्को महिलालाई जबर्जस्ती करणी गर्न सक्छ वा सक्दैन तथा हाम्रो वर्तमान कानूनी व्यवस्थाले सो कुराको परिकल्पना गरेको छ वा छैन भन्ने सैद्धान्तिक प्रश्नको पहिला निरूपण हुनुपर्ने देखियो । जसको लागी जबर्जस्ती करणी कस्तो प्रकारको अपराध हो, यस बारेमा हाम्रो कानूनले कस्तो व्यवस्था गरेको छ र यो स्थापित हुनको लागि आवश्यक तत्त्वहरू के के हुन् सोको विवेचना हुन वाञ्छनीय देखिने ।

परम्परागतरूपमा हेर्दा जबर्जस्ती करणी अपराध स्थापित हुनको लागि मूलतः २ वटा तत्त्व आवश्यक पर्दछ । पहिलो यौन समागम (Sexual Intercourse) र दोस्रो ईच्छाविपरीत वा सहमतिको अभाव (Against will) के हुँदा sexual penetration

भएको मान्ने र यसको मात्रा कति हुनुपर्छ भन्ने सम्बन्धमा विभिन्न देशहरूमा अलगअलग व्यवस्था र व्याख्या हुँदै आएको छ र एकरूपता भेटिँदैन । यद्यपि जबर्जस्ती करणीको अपराधको आपराधिक कार्य (Actus Reus) को दायरा निकै फराकिलो भइसकेको छ । जुनसुकै प्रकृतिको sexual penetration लाई यसको सीमाभित्र समेट्नु पर्छ भन्ने मान्यताको विकास हुँदै गएकोछ । त्यसैगरी जबर्जस्ती करणी भएको हो वा होइन भन्ने निर्धारण गर्नको निमित्त सहमति (Consent) थियो वा थिएन भन्ने अर्को महत्त्वपूर्ण आधार हो । फेरी कतिपय अवस्थामा सहमति (Consent) भए तापनि सहमति थियो भनी मान्न मिल्दैन किनकी सहमति पनि स्वतन्त्ररूपमा कुनै डर, धम्की, दबाब र प्रभावबिना दिएको हुनुपर्ने ।

मुलुकी ऐन, जबर्जस्ती करणीको महलको दफा १ (ख) मा डर, त्रास, धाक देखाई वा करकाप, अनुचित प्रभाव, झुक्यानमा पारी वा जोरजुलुम गरी वा अपहरण गरी वा शरीर बन्धक राखी लिएको मन्जुरीलाई मन्जुरी मानिने छैन भनी व्यवस्था गरेको देखिन्छ । कस्तो अवस्थामा दिइएको सहमतिलाई मान्यता दिने हो सोसम्बन्धमा R vs. Ewanchuk (1999) 1 S.C.R.330 भएको मुद्दामा क्यानडाको सर्वोच्च अदालतले यदि सहमति डर, धम्की वा चोरी ढाँटी प्राप्त गरिएको छ भने त्यस प्रकारबाट प्राप्त गरिएको सहमतिलाई सहमति भएको भनी मान्न मिल्दैन । त्यसैगरी लोग्ने नभए तापनि आफू लोग्ने हो भनी झुक्याई उक्त सहमति प्राप्त गरिएको छ भने वा सहमति दिने व्यक्तिको उक्त सहमति दिँदाको अवस्थामा मानसिक अवस्था ठिक रहेनछ भने वा लागु औषधको सेवनको कारणले आफूले गरेको कामको परिणाम थाहा नहुने अवस्थामा रहेको भएमा पनि सो प्रकारले प्राप्त गरेको सहमतिलाई सहमति दिएको भनी मान्न मिल्दैन भनी व्याख्या गरेको देखिन्छ । त्यसैले उमेर नपुगेकोले दिएको सहमतिलाई पनि सहमति नमान्ने विधिशास्त्रको विकास भएको देखिने ।

एउटा महिलाले अर्को महिलालाई जबर्जस्ती करणी गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नको विवेचना गरी हेर्दा आज समाजमा विपरीत लिङ्गी सम्बन्ध राख्ने (Hetro Sexual) मात्र हैन समलिङ्गी यौन सम्बन्ध राख्ने (Homo Sexual) र दुवै लिङ्गीमा सम्बन्ध राख्ने (Biosexual) मानिसहरू पनि रहेका छन् । यस अवस्थामा सहमतिपूर्ण सम्बन्धसँगै असहमतिपूर्ण / जबर्जस्ती सम्बन्धहरू हुन सक्दैनन् भन्न सकिँदैन । कुनै महिलाले धोकापूर्णरूपमा लिङ्गको रूपमा अन्य चिजवस्तु प्रयोग गरी यौन करणीको अनुभूती प्राप्त गर्दछ भने त्यसलाई यौन समागमको रूपमा लिनुपर्छ । विज्ञान र प्रविधिको विकासक्रम सँगसँगै विभिन्न प्रकारका सामग्री (Sex Toy) हरूलाई यौन चाहना पूर्ति गर्ने काममा प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ । यौन शोषणका नयाँनयाँ तरिकाको पनि विकास गरेको छ । यस अवस्थामा केवल प्राकृतिक लिङ्ग हुने मानिसले मात्र जबर्जस्ती करणी गर्न सक्छ भन्ने मान्यताले पछिल्लो समयमा विकसित चुनौतीहरूलाई सम्बोधन गर्न सक्दैन । कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबर्जस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । जबर्जस्ती करणीमा गरिने भनेको Sexual Penetration हो । जसमा प्राकृतिक लिङ्गको नै प्रयोग गरिनु पर्छ भन्ने छैन । जबर्जस्ती करणीको अपराध स्थापित हुनको लागि Penile penetration लाई मात्र आधार बनाउनु हुँदैन र कुनै पनि वस्तु (Object) बाट Sexual Intention राखी गरिने Vaginal / Oral / Anal Penetration लाई समेत जबर्जस्ती करणीसम्बन्धी कानूनको दायरामा ल्याउनु पर्छ भन्ने मान्यताको पछिल्लो समयमा विकास हुँदै गएको छ । यस सम्बन्धमा हेर्दा कृत्रिम लिङ्गको प्रयोग गरी कुनै महिलाउपर सहमति बेगर Sexual Penetration गरिन्छ भने सो कार्य पनि जबर्जस्ती करणीको परिधिभित्र पर्छ भनि बेलायतको Sexual Offence Act, 2003 को Section 2 ले पनि व्यवस्था गरेको देखिने ।

भारतको फौजदारी संहिताले पनि जबर्जस्ती करणी स्थापित हुनको लागि केवल प्राकृतिक लिङ्गको

मात्र नभई अन्य अङ्ग र वस्तुको समेत प्रयोग हुन सक्ने मान्यतालाई स्वीकार गरेको देखिने।

हाम्रो सन्दर्भमा हेर्दा लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ बाट थप भई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १(घ) मा *गुदद्धार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिने* छ भन्ने व्यवस्था भएको देखिन्छ । यसबाट जबर्जस्ती करणी कायम हुनको लागि प्राकृतिक लिङ्ग मात्र नभई अन्य वस्तुको पनि प्रयोग हुन सक्छ भन्ने अवधारणालाई हाम्रो कानूनले पनि स्वीकार गरेको देखिन्छ । तर प्रस्तुत मुद्दाको वारदात मुलुकी ऐन, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल संशोधन ऐन, २०७२ पूर्व नै भएको देखिन्छ । तत्कालीन अवस्थामा विद्यमान जबर्जस्ती करणीको ९(क) को अप्राकृतिक मैथुनको परिभाषा भित्र पर्ने।

अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नुपर्छ। यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबर्जस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन । एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबर्जस्ती करणी गर्न सक्ने नै देखिन्छ। महिलाले महिलालाई जबर्जस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिक कारणहरू रहेका हुन सक्छन्। जस्तो कुनै व्यक्ति शारीरिकरूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिकरूपमा महिला प्रति नै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिलामाथि जबर्जस्ती करणी गर्न सक्छ । त्यसै गरी कोही व्यक्तिले यौन रोमाञ्चकताको लागि समेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुनसक्छ। यस्तो सम्बन्ध वा अनुभुतिभित्र पनि असहमति वा जबर्जस्ती करणी हुन सक्छ। जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक हुने।

हाम्रो कानूनी व्यवस्थाले महिलाले महिलालाई जबर्जस्ती करणी गर्न सक्छ भन्ने परिकल्पना गरेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐनको जबर्जस्ती करणीको महलको १ नं. मा "*कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले करणी गरेको ठहर्छ ।*" भन्ने व्यवस्था गरिएको छ । उल्लिखित व्यवस्था हेर्दा जसलाई करणी गरिन्छ सो व्यक्ति महिला हुनुपर्ने भनी प्रष्ट उल्लेख गरिएको छ र यो व्यवस्था लैङ्गिक विशेष (Gender Specific) रहेको छ। तर जसले करणी गर्छ सो व्यक्तिको हकमा *कसैले* भन्ने शब्दको प्रयोग गरिएको छ। जसबाट पीडक महिला वा पुरुष वा तेस्रो लिङ्गी को हुने भनी प्रष्टसँग किटान नगरी केवल *कसैले* भन्ने शब्दको मात्र प्रयोग गरेको छ। यस अर्थमा पीडक को हुन सक्छ भन्ने सम्बन्धमा उक्त व्यवस्था लैङ्गिक तटस्थ (Gender Neutral) रहेको देखिन्छ । यस व्यवस्थाको विगतको पृष्ठभूमि हेर्दा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०६३ बाट संशोधन हुनुपूर्व जबर्जस्ती करणी लोग्ने मानिसले स्वास्नी मानिसको विरूद्धमा गर्ने गराउने र गर्न सक्ने अपराधको रूपमा राखेको थियो । यसरी लोग्ने मानिसले स्वास्नी मानिसको विरूद्धमा गर्ने अपराध भनी प्रस्ट उल्लेख गरी कानूनी व्यवस्था भएकोमा उक्त संशोधनले यसको दायरालाई फराकिलो बनाउँदै *कसैले* भन्ने शब्दको प्रयोग गरेको अवस्थामा जबर्जस्ती करणीको पीडक केवल पुरूष मात्र हुन्छ भन्ने उक्त व्यवस्थाको मनसाय हुने देखिँदैन । केवल पुरुष मात्र पीडक हुने भन्ने विधायिकाको मनसाय हुन्थ्यो त उक्त संशोधनको आवश्यकता नै पर्ने थिएन। कानूनको व्याख्या गर्दा कानूनको हरेक शब्दमा अर्थ रहन्छ भन्ने मान्यतामा आधारित रही गर्नुपर्छ । तसर्थ उक्त व्यवस्थाले जबर्जस्ती करणीको पीडकमा केवल पुरूष मात्र हुन्छन् भनी अर्थ गर्न मिल्ने देखिँदैन। अतः जबर्जस्ती करणीको महलको १ नं. मा मिति २०६३।७।१७

मा संशोधन भएपश्चात् यसले कुनै लिङ्गभेद नगरी जोसुकै व्यक्तिले उक्त अपराध गरे जबर्जस्ती करणी हुने फराकिलो प्रावधान कायम गरेको पाइने।

जबर्जस्ती करणी एक जघन्य अपराध हो। सिङ्गो मानव सभ्यताकै कलंकको रूपमा रहेको यस प्रकारको अपराधमा महिलाले महिलालाई गरिने जबर्जस्ती करणीलाई प्रष्टरूपमा कानूनमा उन्मुक्ति प्रदान नगरेको अवस्थामा मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. को व्याख्या अपराधीलाई छुट र उन्मुक्ति नहुने किसिमबाट गर्नुपर्छ। सोही कार्य पुरूषले गर्दा अपराध हुने तर महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी गरेको अवस्थामा महिला भएकै कारणले अपराध नहुने अर्थ गर्दा भेदभावपूर्ण परिणाम निस्कन पुग्दछ। अपराधकर्ताको लैङ्गिक स्थिति वा कुनै भिन्नतालाई आधार बनाई अपराधको दायित्वबाट उन्मुक्ति दिनु न्यायको मान्य सिद्धान्तविपरीत त हुन्छ नै पीडितको अधिकारविपरीत समेत हुन पुग्दछ। प्रस्तुत मुद्दाकै सन्दर्भमा हेर्दा पनि यो घटना असन्तुलित शक्ति संरचनामा आधारित रहेको छ। एकातर्फ एकजना उमेर पुगेको महिला र अर्कोतर्फ नाबालिका महिला रहेको अवस्था छ। अदालतले फौजदारी अपराधलाई अक्षरश: एवम् कठोररूपमा व्याख्या गर्नुपर्छ। यसको व्याख्या गर्दा कठोर संरचनाको सिद्धान्त Principal of strict construction लागू हुन्छ र त्यही अनुरूप व्याख्या गरिनुपर्ने।

प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको तथ्यमा अदालतमा इन्कार गरेको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष उक्त तथ्यमा समेत साबित भई बयान गरेको, निजको सँगसाथबाट कृत्रिम लिङ्ग बरामद भएको र पीडित स्वयम्ले दिएको जाहेरी, मौकामा गरेको बयान तथा अदालतसमेतमा बकपत्र गर्दा प्रतिवादी लाक्पा शेर्पाले आफू लाई करणी गरेको हो भनी किटान गरेकोसमेतबाट पुष्टि भइरहेकोले प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई कृत्रिम लिङ्गको प्रयोग गरी करणी गरेको तथ्य निर्विवादरूपबाट स्थापित हुन आउने।

घटना भएको मिति २०६७।११।२२ मा पीडितको उमेर १४ वर्ष ७ महिना भएको देखिन्छ। तसर्थ वारदात भएको मितिमा पीडित नाबालक रहेको कुरा पुष्टि हुनजान्छ। अतः माथि विवेचित आधारमा प्रतिवादी लाक्पा शेर्पाले पीडितलाई जबर्जस्ती करणी गरेको देखिन्छ। नाबालकको ईच्छासहितको वा सहमतिसहितको सम्बन्ध हो वा होइन भन्ने कुराको कुनै अर्थ नरहने।

अपराध हुनको लागि आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) बाट समर्थित भएको हुनुपर्छ। कसैको शङ्का वा अनुमानको आधारमा वारदात स्थापित हुन सक्दैन। प्रतिवादीहरूले पीडितलाई फकाउने उद्देश्यले कुनै चिजवस्तु ल्याएको, उपहारमा दिएको वा लैजाने बन्दोबस्तको व्यवस्था गरेकोलगायतका प्रमाणहरू र आधारहरूसमेत नदेखिएको अवस्थामा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार कार्य गरेको भन्ने अभियोग शङ्कारहित तवरबाट पुष्टि हुन आएन। यस अवस्थामा प्रतिवादीहरू उपरको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको अभियोग दाबी पुग्न नसक्ने ठहर्याई सुरू संखुवासभा जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिन्छ। प्रतिवादीहरूले पीडित जाहेरवालीलाई अभियोग मागदाबीबमोजिमको मानव बेचबिखन तथा ओसारपसार गर्ने काम गरेको नदेखिने।

सुरू जिल्ला अदालतले पीडितले अदालतमा आई बकपत्र गर्दा सागर शेर्पाले करणी गरेको भनी उल्लेख गरेकै आधारमा निज प्रतिवादीलाई जबर्जस्ती करणी गरेको ठहर्याई सजाय गरेको देखिन्छ। निश्चय नै जबर्जस्ती करणी जस्तो संवेदनशील मुद्दामा पीडितको भनाइलाई अदालतले गम्भीरताका साथ लिनुपर्छ। तर त्यस्तो गर्दा पीडितको भनाइलाई अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणले पनि पुष्टि गरेको हुनुपर्छ। शङ्कारहित तवरबाट पुष्टि भए मात्र आरोपित

कसुरदार ठहरिने (Guilty should be proved reasonable doubt) प्रतिवादीको अधिकार जुनसुकै मुद्दामा सुरक्षित रहेको हुन्छ । प्रस्तुत मुद्दामा पीडितले मौकामा दिएको जाहेरी तथा प्रहरीसमक्ष गरेको वयानमा प्रतिवादी सागर शेर्पाले जबर्जस्ती करणी गरेको भनी कहीँकतै उल्लेख नगरेको अवस्थामा अदालतमा बयान सनाखत गर्दा सागर शेर्पाले जबर्जस्ती करणी गर्‍यो भनी लेखाइदिएको कारणले मात्र प्रतिवादीलाई जबर्जस्ती करणीजस्तो गम्भिर फौजदारी अभियोगमा दोषी ठहर्‍याउन न्यायसङ्गत हुने देखिँदैन । मुद्दाको वस्तुगत तथ्य तथा अन्य वैज्ञानिक प्रमाणहरूबाट पनि प्रतिवादी सागर शेर्पाले जबर्जस्ती करणी गरेको पुष्टि हुन सकेको छैन । केवल पीडितले अदालतसमक्ष बयान सनाखतको क्रममा दोष लगाउनुलाई पर्याप्त प्रमाण र आधार मान्न नसकिने ।

पीडितको उमेर १४ वर्ष ७ महिना देखिन आएकोले प्रतिवादी लाक्पा शेर्पालाई जबर्जस्ती करणीको ३(३) नं. अनुसार ६ वर्ष कैद र ऐ.को ९क अनुसार थप १ वर्ष कैदसमेत गरी ७ वर्ष कैदको सजाय हुने देखिन्छ । उक्त ९क नं. मा उल्लेख भएको "यसै महलको ३ नं बमोजिम हुने सजाय" भन्ने वाक्यांशले गर्दा पुनरावेदन अदालत, धनकुटाले सो ३ नं. र ९क नं. लाई एकमुष्टरूपमा मिलान गरी ९क नं. बमोजिम प्रतिवादी लाक्पा शेर्पालाई ७ वर्ष कैदमा सजाय निर्धारण गरेको पाइयो । सो निर्धारण भएको कैदको सजाय घटीबढी नपरेको हुँदा पुनरावेदन अदालत, धनकुटाको फैसला कानून प्रयोगको दृष्टिकोणले पनि तात्त्विक फरक पर्न जाने नदेखिने ।

प्राकृतिकरूपमा यौन सम्बन्ध एउटा आयाम हो । जँहा स्वइच्छा वा सहमतिबिना जबर्जस्ती करणीमा अपराध केन्द्रित हुन्छ । विपरीत लिङ्गबीच असहमति र नाबालकसँग सहमतिको सम्बन्धलाई अपराधको दायरामा ल्याइन्छ । तर आज प्रविधिको विकाससँगै यौनलाई वस्तुकरण (Commodification) गर्ने गराउने स्थिति आएको छ । यहाँ पुरूषले महिलालाई बलात्कार गर्नेभन्दा माथि महिलाले आफ्नो लिङ्ग र पहिचान ढाँटी कृत्रिम यौन साधनको प्रयोग गरी नाबालिकाको शरीर विरूद्ध हिंसा गरिएको देखिन्छ । यस्तो क्रिया कानून, व्यवहार र न्यायको दृष्टिमा सह्य नहुने अपराधजन्य कार्य हुँदा पुनरावेदन अदालत, धनकुटाको फैसला सदर हुने ।

त्यसैगरी प्रतिवादीहरू मानव बेचबिखन कार्यमा संलग्न भएको नदेखिँदा प्रतिवादीहरूउपरको मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिने ।

प्रतिवादी सागर शेर्पालाई जबर्जस्ती करणीको अभियोगमा सफाइ दिने गरी पुनरावेदन अदालत, धनकुटाले गरेको फैसलाको हकमा हेर्दा प्रतिवादी सागर शेर्पालाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(३) बमोजिम ६ वर्ष र ऐ.को ३(क) बमोजिम थप ५ वर्ष कैदको सजायसमेत गर्ने गरी सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०६७-CI-१०७४, अपुताली हक कायमसमेत, *रमा अर्याल वि. हिरण्यसिंह ढुङ्गानासमेत*

मुलुकी ऐन, स्त्री अंशधन महलको ४ र ५ नं. मा भएको कानूनी व्यवस्था हेर्दा माइती मावली पट्टिबाट दिएको चल अचल सम्पत्ति दाइजो हुने र सो दाइजो प्राप्त गर्ने स्वास्नी मानिसले आफूखुस गर्न पाउने देखिन्छ । त्यस्तो दाइजो प्राप्त गरेको स्वास्नी मानिसले आफ्नो दाइजो पेवाको सम्पत्ति यो यसले खानु भनी लिखत गरिदिएको भए लिखतबमोजिम नै सो सम्पत्तिको हक निर्धारण हुने देखिन्छ । लिखत नगरेको अवस्था निज मरेमा विभिन्न नातागोताले क्रमशः सो सम्पत्ति पाउने र त्यस्तो नाता नभएको अवस्थामा हकवालाले पाउने

भनी स्पष्ट कानूनी व्यवस्था रहेको छ । स्त्री अंश धनको रूपमा माइतीबाट प्राप्त सम्पत्ति निज मरेमा के कुन नाताका व्यक्तिले सो सम्पत्ति पाउने भनी भएको उक्त प्रावधानमा अन्तिममा हकवालाले नै पाउने देखिन्छ । माइतीतर्फ त्यस्तो सम्पत्ति स्वतः फर्कन सक्ने देखिन आउँदैन । अतः माइतीले बाल विधवा भएको हुँदा निजलाई बन्दोबस्त गरी दिएको सम्पत्ति प्रतिवादीले स्वतः प्राप्त गर्न सक्ने कुनै कानूनले प्रावधान गरेको नपाइने ।

अर्कोतर्फ मृतक टेककुमारीको नाउँमा दर्ता रहेको साबिक कि.नं.५ को क्षेत्रफल ज.वि. १-१५-०-० र कि.नं. ८ को क्षेत्रफल ज.वि. ०-१२-० को जग्गा २०३१ सालमा नापी हुँदा मौ. शंकरनगर रै.नं. २९ टेककुमारी उपाध्याय भनी जनिई दर्ता भएको देखिन्छ । सो कि.नं. ५ र ८ को साबिक स्रोत रै.नं. २९ टेककुमारी उपाध्यायकै नाउँबाट दर्ता हुन गएको देखिन्छ । प्रतिउत्तरमा ससुरा माइला भन्ने भेषराजले सो जग्गा बन्दोबस्ती गरी दिएको भनी उल्लेख गरे पनि २००६ सालमा परलोक भएका भेषराजले ०३१ सालमा नापी हुँदा त्यसरी बन्दोबस्त गरिदिएको आधार प्रमाण केही पेस छैन । वस्तुतः मृतक टेककुमारीको नाउँमा दर्ता रहेको उक्त जग्गाहरू माइतीतर्फबाट नै खरिद गरी दिएको भन्ने तथ्य पनि प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने ।

तुलानाथ उपाध्यायका जेठी श्रीमतीतर्फका छोरा गुप्तेश्वर भन्ने राजारामसँग टेककुमारीको विवाह भएको देखिन्छ । निज तुलानाथका कान्छी श्रीमती नैनकुमारीको तर्फबाट वादीहरू हिरण्य र भुवध्वजको जन्म भएको भन्ने देखिन्छ । अतः नाता पुस्ताबाट वादीहरू मृतक टेककुमारीको नजिकको हकदारको रूपमा रहेको पाइने ।

वादी हिरण्य सिंहलाई अंशियार देवर नाताको व्यक्ति भनी स्वयम् मृतक टेककुमारीले आफू जिवित छँदा नै लिखितरूपमा व्यक्त गरेको देखियो । टेककुमारीले जग्गा राजीनामा गरिदिँदा एकासगोलका देवर भनी लिखतको रोहवरमा साक्षी राखेको पनि देखिन्छ । मृतक टेककुमारीले जीवित रहेको अवस्थामा यी वादीलाई अंशियार एकासगोलका देवर भनी सरकारी कार्यालयमा व्यक्त गरेको लिखतबाट नै पुष्टि भएको हुँदा सो प्रमाण अपुताली जस्तो विषयमा महत्त्वपूर्ण प्रमाणको रूपमा रहन जाने ।

मिति २०६६।२।१६ मा भएको सर्जमिन मुचुल्कामा उपस्थित व्यक्तिहरूले व्यक्त गरेको कुरालाई हेर्दा निज टेककुमारीलाई कसैले स्याहार सम्भार गर्नुपर्ने अवस्थामा नरही ६० वर्षको उमेरमा मिति २०६२।१।३० मा परलोक भएकी भनी लेखाई दिएका छन् । यसरी प्रतिवादीले टेककुमारीलाई आफूले स्याहार सम्भार र पालताल गरेको भनी स्पष्ट प्रमाण देखाउन नसकेको र टेककुमारी स्वयम्ले वादीहरूसँग एकासगोलमा रहेको भनी व्यक्त गरेको अवस्थामा घर माइतीसँगसँगै भएकोले टेककुमारी माइतीमै बसी निजको स्याहार सम्भार प्रतिवादी माइतीतर्फबाट भएको हो भनी अनुमान गर्नु स्वाभाविक देखिन नआउने ।

मृतक टेककुमारीलाई प्रतिवादीले स्याहार सम्हार गरी पालेको भन्ने तथ्य प्रतिवादीले कुनै प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन । स्याहारसम्हार गरेको भन्ने तथ्य वस्तुगत प्रमाणबाट पुष्टि हुनुपर्दछ । स्याहार सम्हार पालन लालन गरेको छु भनी उल्लेख गर्दैमा सो तथ्य प्रमाणित हुने होइन । त्यस्तो तथ्य कुनै न कुनै सबुद प्रमाणबाट पुष्टि हुनुपर्ने ।

उपर्युक्त विवेचना गरिएको आधार प्रमाणहरूबाट मृतक टेककुमारीको अपुताली हक पुनरावेदक प्रतिवादीले प्राप्त गर्न सक्ने आधार प्रमाण देखिन आउँदैन । यस अवस्थामा नजिकको हकदार देवर वादीहरूले नै अपुताली हक पाउने ।

अत: उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा वादीहरू मृतक टेककुमारीका सबैभन्दा नजिकका हकवाला भएको हुँदा विवादित जग्गामा फिराद दाबीबमोजिम वादीहरूको हक कायम गरी प्रतिवादीको अनाधिकृत दाबी छुटाई वादीहरूको नाउँमा संयुक्त नामासारी हुने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति

२०६७।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : यज्ञप्रसाद आचार्य
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-१०७५, हक कायमसमेत, *रमा अर्याल वि. हिरण्यसिँह ढुङ्गानासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७२-WO-११०३, उत्प्रेषण / परमादेश, *सुवास थापासमेत वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत*

नेपाल राष्ट्र बैंकको मिति २०७२।२।२४ को विवादित पत्रको सम्बन्धमा विचार गर्दा बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४९(२) ले "**राष्ट्र बैंकले आवश्यक देखेको विषयमा नियम बनाउन र आवश्यक आदेश, निर्देशन, सूचना तथा परिपत्र जारी गर्न सक्नेछ र त्यस्तो नियम, आदेश, निर्देशन, सूचना तथा परिपत्रको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ**" भन्ने व्यवस्था भएको देखिन्छ। जसअनुसार कानूनले दिएका सर्तहरूको अधीनमा रही उचित नियमहरू बनाउन आवश्यक निर्देशन जारी गर्नसक्ने र सो आदेश तथा निर्देशनलाई सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले कर्तव्यको रूपमा पालना गर्नुपर्नेसमेत देखिन्छ। बैंकिङ् व्यवसाय विश्वासमा आधारित व्यवसाय हो । राष्ट्र बैंकले बैंकहरूको संस्थागत विकास गर्दै बैंकिङ कारोवारलाई विश्वासिलो, जिम्मेवार र व्यवस्थित बनाई उपयुक्त वातावरण सृजना गर्नुपर्ने हुन्छ । सोबमोजिमको कामकारवाही नियमित र व्यवस्थित गर्न तथा ऋण असुलउपर तथा धितो फुकुवालगायत आवश्यक निर्देशन दिनसक्ने अधिकार नेपाल राष्ट्र बैंकलाई भएको नै देखियो। यसरी ऐनद्वारा प्राप्त अधिकारबमोजिम दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले धितो फुकुवा गर्ने निर्णय र सो निर्णयको कार्यान्वयनसमेतलाई अन्यथा भन्न नमिल्ने।

कुनै पनि व्यक्ति वा संस्थाले आफूले ऋण लिँदा कबुल गरेअनुसारको समय अवधिभित्र ऋण बुझाउनु निजको बाध्यात्मक दायित्व हो। ऋण लिँदा कबुल गरेको सर्तअनुसार ऋण तिर्ने जिम्मेवारीबाट पन्छन खोज्ने कसैलाई पनि कानूनले सहयोग गर्न सक्दैन । सञ्चालकहरूका बीचमा भएको विवादका कारण निर्धारित समयभित्र आफूले लिएको ऋण रकम चुक्ता गर्नुपर्ने दायित्वबाट पन्छिन मिल्दैन भने नियमबमोजिम साँवा ब्याजसमेत तिर्ने ऋणिको हकमा दायित्व निरन्तरता रहिरहन पर्ने पनि होइन। तसर्थ नेपाल राष्ट्र बैंकले मिति २०७२।२।२४ मा दिएको निर्देशन र सोबमोजिम लक्ष्मी बैंकले मिति २०७२।९।३० मा धितो फुकुवा गर्ने निर्णय गरी सो निर्णयको कार्यान्वयनसमेत भएको कानूनसम्मत् नै देखिने।

कानूनको मान्य सिद्धान्तअनुसार उही व्यक्तिका विरूद्धमा उही कसुरमा सक्षम निकायबाट एकपटक निर्णय भई निर्णय अन्तिम भइसकेको अवस्थामा पुनः सोही व्यक्तिउपर सोही कसुरमा कारवाही चल्न सक्दैन। प्रस्तुत रिट निवेदनतर्फ हेर्दा निवेदकले मिति २०७२।२।२४ को विवादित पत्रबाट उठेका विषयमा काठमाडौं जिल्ला अदालतमा मुद्दा चली मागदाबी नपुग्ने ठहरेको र पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको रिटसमेत खारेज भइसकेको अवस्थामा यी निवेदकले मिति २०७३।३।९ मा पुनः सोही विषयमा यस अदालतमा रिट निवेदन लिई आएकोलाई सफा हातले आएको मान्न सकिएन । यसरी विवादित पत्रको सम्बन्धमा अन्य न्यायिक निकायहरूबाट निर्णय भइसकेको साथै विवादित पत्रको बारेमा जानकारी प्राप्त भएको करिब १० महिना पछि ज्यादै ढिलो गरी विलम्बको सिद्धान्तविपरीत पर्न आएको प्रस्तुत निवेदनबाट निवेदकले उठाएका प्रश्नहरूको निरूपण गरी रहन पर्ने देखिएन । यसरी निवेदकको कुनै हक अधिकारमा आघात परेकोसमेत नदेखिँदा अन्य प्रश्नतर्फ विचार गरिरहन नपर्ने हुँदा

प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: गीता श्रेष्ठ
कम्प्युटर : सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम्।

## इजलास नं. १६

**मा.न्या.डा. आनन्द मोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत**, ०७१-WO-०७०९, परमादेश, *सृजन खरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक सृजन खरेलको मिति २०५४।५।२३ मा परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल थापाथलीमा जन्म भएको भन्ने जन्मदर्ता प्रमाणपत्रबाट देखिन्छ। निवेदक उमेर १६ वर्ष पूरा भन्ने विद्यालयको एस.एल.सी.को प्रमाण पत्रबाट देखिन्छ। निवेदकको आमा बंशजको नाताको नेपाली नागरिक भई काठमाडौं जिल्ला नैकाप पुरानो भन्ज्याङ वडा नं. ७ मिति २०३३।९।२५ मा जन्म भएको र निजको नाममा मिति २०६८।६।३० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट ना. प्र. नं ७६१०/१०४४६ नागरिकताको प्रमाणपत्र जारी भएको भन्नेमा विवाद नभएको हुँदा र निवेदकले नेपाल नागरिकता ऐन, २०६३ र ऐ.नियमावलीमा तोकिएबमोजिम सिफारिससमेत लिएको पाइँदा अझ नागरिकता दिन इन्कार गर्नुपर्ने कारण नदेखिने। नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ। नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवम् आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ। राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन। नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने।

नेपालको संविधानको धारा १८ मा समानताको हकबारे व्यवस्था गरिएको छ। धारा १८ को हक सबै नागरिकलाई भेदभाव नगरी प्राप्त हुने मौलिक हक हो। धारा १८ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने प्रत्याभूति गरिएको छ। लिङ्गको आधारमा कसैलाई पनि भेदभाव गर्न नहुने कुरा धारा १८ (२) मा उल्लेख गरिएको छ। यसको अतिरिक्त धारा ३८ को उपधारा (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। समान वंशीय हकभित्र वंशजको उत्तराधिकार र सो आधारमा पहिचानको समान हकसमेत पर्दछ। यद्यपि प्रस्तुत निवेदन नेपालको अन्तरिम संविधान वहाल रहँदाको अवस्थामा दायर भएको छ तथापि नयाँ संविधान अर्थात् नेपालको संविधानद्वारा प्रत्याभूत हकहरू निवेदकहरूलाई प्राप्त नहुने भन्ने कुनै आधार र कारण यहाँ नदेखिने।

निवेदकहरूको आमा शर्मिला गौतम नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै निवेदकलाई निजको बाबु बेपत्ता भएकोमा बाबुको नागरिकताको प्रमाणपत्र पेस नगरेको कारण देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगर्नाले निवेदकहरूको मात्र होइन निजको आमा शर्मिला गौतमको मौलिक हक हनन् हुने स्थिति यहाँ पर्न आएको देखियो। महिलाहरूउपर लिङ्गको आधारमा भेदभाव गरिएको यस्तो कार्यले महिलाहरूको समानताको हक अपहरण गर्दछ भन्ने कुरातर्फ विपक्षीहरूको दृष्टि पुगेको नदेखिने।

आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन। आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई

नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ । कानूनी अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ। सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ। निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैँ संवेदनशील भई यो विषयवस्तुलाई हेर्नु वाञ्छनीय देखिने।

अतः उल्लिखित आधार र कारणहरूबाट प्रस्तुत निवेदनमा निवेदक सृजन खरेलको आमा शर्मिला गौतम नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदक सृजन खरेलको नेपाली नागरिक शर्मिला गौतमबाट नेपालमा जन्मेको देखिएकोले निवेदकले आमाको नागरिकता पेस गरी भएसम्मको प्रमाण राखी निवेदन दिएमा आमाको नामबाट नागरिकता दिन इन्कार नगर्नू भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने विषयमा माथि उल्लेख गरिएको सविना दमाईको रिट निवेदनमा यस अदालतबाट भएको निर्णयबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरिसकिएको भन्ने खुल्न आएकोले मागबमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूको नाममा पुनः आदेश जारी गरिरहनु पर्ने नदेखिने।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७३ साल भदौ १३ गते रोज १ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-WO-०५२०, परमादेश, *कृति थापासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७१-WO-१०७६, परमादेश, *प्रशान्त विश्वास वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी*
- ०७१-WO-०७१०, परमादेश, *सुरेन्द्र पौडेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WO-०८१७, परमादेश, *लक्ष्मी लामासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालसमेत*

## इजलास नं. १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-०२८०, उत्प्रेषण / परमादेश, *अब्दुल हक वि. बिमलादेवी गुरूघरानासमेत*

जग्गाधनीको निवेदनका सम्बन्धमा डिभिजन सडक कार्यालय, हेटौंडाले आफ्नो कार्यालयबाट प्राविधिक खटाई छानबिन गर्दा रोक्का भएको विवादित ०-०-४ जग्गामध्ये ०-०-१ मात्र सार्वजनिक सडकमा परी बाँकी ०-०-३ जग्गा सम्बन्धित जग्गाधनीलाई फुकुवा गरिदिन मिल्ने भनी प्रतिवेदन पेस भएको पाइयो। सोही आधारमा जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०४८।११।२८ मा रोक्का भएको जग्गामध्ये ०-०-३ जग्गा फुकुवाको लागि जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०६७।०१।०८ मा मालपोत कार्यालय, पर्सालाई पत्राचार गरी मालपोत कार्यालय, पर्साले उक्त जग्गा छुट्टै कि.नं. ८५३ ज.बि. ०-०-३ कायम गरी जग्गाधनीले भोगचलन खरिद बिक्री कारोबार गर्न सक्ने गरी फुकुवा गरिदिएको देखियो। त्यसरी फुकुवा भएको जग्गालाई सम्बन्धित तत्कालीन जग्गाधनी बिमलादेवी गुरूघरानाले मिति २०६७।०५।१३ मा र.नं.१३११/क बाट राजीनामा लिखत पारित गरी अनिलकुमार वर्णवाललाई बिक्री गरेको र निज अनिलकुमार वर्णवालले पनि मिति २०६७।१२।२७ मा र.नं.६८९५/क बाट भूपनारायणप्रसाद यादवलाई राजीनामा लिखत पारित गरी हक हस्तान्तरण गरी हालसम्म उक्त जग्गा निज भूपनारायणप्रसाद यादवको भोग चलनमा रहेको भन्ने देखिने।

सम्पत्ति कानूनसम्बन्धी विधिशास्त्रीय मान्यताअनुसार सार्वजनिक हितको लागि राज्यले व्यक्तिको साम्पत्तिक अधिकारमाथि Eminent

Domain को क्षेत्राधिकार राख्न र सार्वजनिक हितको लागि सडक विस्तार गर्दा कानूनबमोजिम नागरिकको सम्पत्ति अधिग्रहण गर्न सक्ने नै हुन्छ । यसरी सडक विस्तार गर्दा रोक्का भएको जग्गा त्यस्तो सडक विस्तार कार्यमा प्रयोग नभएमा वा तोकिएको क्षेत्रभन्दाबाहिर पर्न गएमा वा आवश्यक नभए त्यस्तो जग्गा अनन्तकालसम्म निष्प्रयोजितरूपमा रोक्का रहन सक्ने अवस्था हुँदैन । जग्गा अधिग्रहणको लागि सूचना प्रकाशित हुनु र आवश्यक कारबाहीको लागि रोक्का हुनु मात्र पर्याप्त हुँदैन । जग्गा प्राप्ति ऐन, २०३४ मा उल्लिखित मुआब्जालगायतको सम्पूर्ण कार्यविधि पूरा गरी जग्गा कब्जा गरेपछि मात्र अधिग्रहणको कार्य सम्पन्न भएको मान्नुपर्ने हुँदा अधिग्रहण प्रयोजनको लागि सरकारले रोक्कासम्म गरेको जग्गाको सम्बन्धमा सडक विस्तार तथा सुधारको कार्य सम्पन्न भइसकेपछि सम्बन्धित निकायले प्राविधिक जाँचबुझ गर्दा सार्वजनिक सडकमा नपर्ने देखिएको व्यक्तिको जग्गालाई फुकुवा गरिदिने गरी जिल्ला प्रशासन कार्यालय, पर्साबाट भएको आदेशलाई अन्यथा भन्न मिल्ने देखिँदैन । साधिकार निकायबाट रोक्का भएको उक्त ०-०-३ जग्गा रोक्का प्रयोजनका लागि आवश्यक नभई फुकुवा भइसकेको अवस्थामा सम्बन्धित व्यक्तिहरूका बीचमा खरिद बिक्री भई भोग चलन हुँदै आएको देखिएकोले प्रत्यर्थी निकायहरूबाट भएको काम कारबाही कानूनसम्मत नै देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुनसक्ने अवस्था रहेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: तेजबहादुर खड्का
कम्प्युटर: सिजन रेग्मी
इति संवत् २०७३ साल भदौ १ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की,** ०७२-WO-१०९७, उत्प्रेषण, *अधिवक्ता राजेश्वरी महर्जनसमेत वि. श्रम तथा यातायात मन्त्रालयसमेत*

जहाँसम्म रिट निवेदकहरूले महिलाका विशेष अवस्थाहरूलाई ध्यान दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतबाट महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलनका लागि उपयुक्त उपायहरू अवलम्बन गर्न उन्मूलनका नीति अवलम्बन गर्न जोड दिइरहेको सन्दर्भमा *वैदेशिक रोजगारमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२* को दफा ३ को देहाय (३) र (४) को व्यवस्था नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हक, धारा १८ को समानताको हकको उपधारा (१), (२) र (३) एवम् धारा ३८ को उपधारा (५) को व्यवस्थाविपरीत रहेको भनी लिएको जिकिर तर्कसङ्गत एवम् मननयोग्य नदेखिँदा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२(क) को उपनियम (१) अन्तर्गत कानून सरह जारी भएको वैदेशिक रोजगारमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७२ को दफा ३ को देहाय (३) र (४) को व्यवस्थाले रिट निवेदकहरूको संविधान प्रदत्त स्वतन्त्रताको हक, समानताको हक, रोजगारीको हक, महिलाको विशेष संरक्षण पाउने हकसमेतका मौलिक हकहरूमा कुनै नकारात्मक असर गरेको नदेखिँदा निवेदन मागबमोजिमको कारण देखाउ आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल असार ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७३-WO-०१८३, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्जस्थित युनिभर्सल सप्लाई एजेन्सिज प्रा. लि.को अख्तियारप्राप्त प्रतिनिधि प्रमोद शमशेर ज.ब.रा. वि. आन्तरिक राजस्व विभाग, काठमाडौंसमेत*

सक्षम वैकल्पिक उपचार रहेको अवस्थामा रिट अधिकारक्षेत्रबाट उपचार दिन नमिल्ने कुरा रिटसम्बन्धी विधिशास्त्र र यस अदालतबाट प्रतिपादित अनेकौं नजिरबाट समर्थित छन् । त्यसमाथि निवेदकबाट अनुचित विलम्ब भएको पनि रिट निवेदकको विरूद्धमा

देखिन्छ। यी कुराहरूका अतिरिक्त रिट अधिकारक्षेत्रबाट मिसिल कागजात मगाई करसम्बन्धमा हर हिसाब गरी साधारण अधिकारक्षेत्रले प्रदान गरेझैँ उपचार प्रदान गर्न नमिल्ने कुरा पनि सर्वस्वीकृत छ। निवेदकले चुनौती गरेको निर्णयबाट निवेदकको मौलिक वा कानूनी कुनै पनि हक हनन् भएको नदेखिँदा प्रस्तुत विषयमा विपक्षीहरूका नाममा कारण देखाउ आदेश जारी गर्न मिलेन। निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-००६९, उत्प्रेषण / परमादेश, *माधवेन्द्र विष्ट वि. मालपोत कार्यालय, लगनखेल, ललितपुरसमेत*

निवेदक प्रतिवादी र विपक्षीहरूमध्येका प्रेमकुमारी विष्ट, विनायक विष्ट, महेश विष्ट र रमानन्द विष्ट वादी भई अंशचलन मुद्दा परी वादीहरूले प्रतिवादीहरूबाट ६ भागको ४ भाग अंश पाउने ठहरी तहतह फैसला भई अन्तिम भइसकेको देखिन्छ। अन्तिम फैसलाबमोजिम वादीहरूले बन्डा छुट्याई आफ्नो अंशभागमा परेको जति अंश लिन पाउने नै हुन्छ। ललितपुर जिल्ला अदालतमा बन्डा छुट्याई पाउँ भनी वादीहरूको निवेदन परी बन्डा मुचुल्काबमोजिम अंशभागको घर जग्गा कित्ताकाट गर्दा बन्डा मुचुल्काविपरीत कित्ताकाट भएको भनी निवेदकहरूले विपक्षीहरूउपर ललितपुर जिल्ला अदालतमा कित्ताकाट दाखिल खारेज बदर मुद्दा दर्ता गराई ललितपुर जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको देखिन्छ। सो फैसलाउपर निवेदकले पुनरावेदन अदालत, पाटनमा पुनरावेदन दर्ता गराई मुद्दा विचाराधीन रहेको भन्ने व्यहोरासमेत रिट निवेदनमा उल्लेख भएको पाइयो। कित्ताकाट दाखिल खारेज बदर मुद्दा पुनरावेदन अदालत, पाटनमा विचाराधिन रहेकोले सोही मुद्दाबाट निवेदकले उठाएको प्रश्नको निरोपण हुने अवस्थासमेत रहेको पाइयो। यसरी तहतह अदालतबाट भएका फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाका अनुकुल हुने देखिँदैन। उक्त अंश चलन मुद्दामा भएको अन्तिम फैसलाबमोजिम बन्डा छुट्याई कित्ताकाट गरेको विषयमा यदि कुनै कानूनी त्रुटि रहेछ भने पनि सो त्रुटि हाल पुनरावेदन अदालतमा विचाराधीन कित्ताकाट दाखिल खारेज बदर मुद्दाबाट यथोचित निरूपण हुने नै देखिन्छ। निवेदन मागबमोजिम आदेश जारी नगर्दा निवेदकलाई अन्यथा गम्भीर अन्याय पर्ने अवस्थासमेत देखिएन। सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(४) बमोजिम गरे बिराएजस्तो (Prime facie case) देखिएको अवस्थामा विपक्षीहरूबाट लिखित जवाफ लिनु पर्ने हुन्छ। तर प्रस्तुत प्रसङ्गमा त्यस प्रकारको अवस्था विद्यमान रहेको देखिन आएन। अतः यसमा विपक्षीहरूबाट लिखित जवाफ लिइरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७३-WO-००७२, उत्प्रेषण / परमादेश, *सुशीला विष्ट वि. मालपोत कार्यालय, लगनखेल, ललितपुरसमेत*
- ०७३-WO-००७०, उत्प्रेषण / परमादेश, *सुशीला विष्ट वि. मालपोत कार्यालय, लगनखेल, ललितपुरसमेत*
- ०७३-WO-००७१, उत्प्रेषण / परमादेश, *माधवेन्द्र विष्ट वि. मालपोत कार्यालय, लगनखेल, ललितपुरसमेत*

## दोलखामा कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न

मिति २०७३ पुस ५, ६ र ७ गते चरिकोट, दोलखामा कानूनी नेपाली भाषाको तीन दिवसीय भाषिक प्रशिक्षण कार्यक्रम सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा सम्पन्न भएको थियो ।

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथिका रूपमा पाल्नु भएका सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपकराज जोशीज्यूबाट पानसमा द्वीप प्रज्ज्वलन गरी कार्यक्रमको शुभारम्भ भएको थियो ।

सो कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रका अवसरमा दोलखाका जिल्ला अदालतका माननीय न्यायाधीशज्यूहरू, स्रेस्तेदारलगायत जिल्लास्थित कार्यालयहरूका प्रमुखहरूको उपस्थिति रहेको थियो भने उक्त प्रशिक्षण कार्यक्रममा रामेछाप जिल्ला अदालत, दोलखा जिल्ला अदालत, अर्धन्यायिक निकायहरू जिल्ला प्रशासन कार्यालय, दोलखा, जिल्ला प्रहरी कार्यालय, दोलखा, जिल्ला सरकारी वकिल कार्यालय, दोलखा तथा मालपोत कार्यालय, दोलखाका अधिकृत तथा सहायक गरी २५ जना कर्मचारीहरूको कार्यक्रममा संलग्नता रहेको थियो ।

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री दीपकराज जोशीज्यूले अदालतमा प्रयोग हुने भाषाले परम्परागत पक्षलाई जोड दिँदै आएको हुँदा यस भाषिक प्रशिक्षणले परम्परागत पक्षलाई विस्तारै कम गर्दै लैजाने तर्क राख्नु हुँदै अदालतमा प्रयोग गरिने भाषालाई सबैले बुझ्न, पढ्न र लेख्न जान्न सक्ने सीप प्रशिक्षणले दिनेछ




कानूनी नेपाली भाषाको उद्घाटन सत्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा प्राकशन, सञ्चार तथा सम्पादन समितिका सदस्य श्री दीपकराज जोशीज्यू

भन्नु हुँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नु भएको थियो । भाषा भन्ने कुरा आफूलाई अभिव्यक्त गर्ने माध्यम रहेको र भावी दिनमा अदालतले प्रयोग गर्दै आएको कानूनी भाषामा सुधार हुँदै जाने विश्वास राख्दै सर्वोच्च अदालत अभिलेख अदालतसमेत भएकाले सबै तहका अदालतसँग भाषामा एकरूपता ल्याउन यस्ता कार्यक्रमको जरूरत रहेकाले यस किसिमको प्रशिक्षणले थप सहयोग पुर्‍याउने आशासमेत व्यक्त गर्नु भएको थियो ।

त्यसैगरी प्रशिक्षणका क्रममा स्वागत मन्तव्य दिनुहुँदै प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक श्री गजेन्द्रबहादुर सिँहले कार्यक्रमहरूको उद्देश्यमाथि प्रकाश पार्नुका साथै सम्पूर्ण सहभागीहरू तथा प्रमुख अतिथि एवम् उपस्थित सम्पूर्णमा स्वागत मन्तव्य राख्नु भएको र उहाँले अदालतप्रतिको जनआस्थालाई अभिवृद्धि गर्न समस्त कर्मचारी Back Bone को रूपमा रहेको र अदालतमा प्रयोग हुने कानूनी नेपाली भाषामा यस प्रशिक्षणले पक्कै पनि थप भाषिक शुद्धता हुन जाने विश्वास व्यक्त गर्नु भएको थियो । सहभागीहरूलाई प्रशिक्षणपछि आफ्नो कार्यथलोमा गएर सिकेका भाषिक ज्ञान सीपहरूको प्रयोग गर्न प्रशिक्षणले टेवा पुर्‍याउनेछ र सम्पूर्ण सहभागीहरूलाई उत्साहका साथ भाषिक प्रशिक्षणमा सरिक हुनका लागि प्रोत्साहितसमेत गर्नुभएको थियो ।

प्रशिक्षणकै सन्दर्भमा अतिथिका रूपमा रहनु भएका दोलखा जिल्ला अदालतका माननीय न्यायाधीश श्री लालकाजी श्रेष्ठज्यूले भाषा लेख्य र कथ्य गरी दुई रूपमा रहेको र यस किसिमको प्रशिक्षणले भाषामा सरलता, बोधगम्य हुनुपर्ने ज्ञान एवम् सीप सिकाउनेतर्फ प्रशिक्षित हुने अवसर सहभागीलाई दिने विश्वास राख्नु हुँदै भाषाको प्रयोग विभिन्न क्षेत्र, समाज, संस्कृति आदिले फरक पार्ने हुँदा कानूनी नेपाली भाषाले महत्त्व ठूलो रहेको छ । साथै उहाँले प्रशिक्षार्थीहरूलाई यस प्रशिक्षणले भाषिक सीप र ज्ञान दिनेछ र आफ्नो कार्यथलोमा गएर भाषिक प्रयोगमा थप सुधार गर्नेतर्फ जोड दिँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभएको थियो ।

त्यसैगरी प्रशिक्षण कार्यक्रमको अध्यक्षता गर्नु हुने दोलखा जिल्ला अदालतका माननीय न्यायाधीश श्री शालिग्राम कोइरालाज्यूले मन्तव्यकै क्रममा अहिलेको समयमा अदालतमा प्रयोग गरिने कानूनी नेपाली भाषालाई कसरी सरल र सहज बनाउने भन्ने नै चुनौती रहेको तर्क अगाडि सार्नु हुँदै अदालतमा प्रयोग गरिँदै आएको कानूनी नेपाली भाषामा क्रमश सुधारोन्मुख रहेको र अबका दिनमा अझ कानूनी नेपाली भाषाको महत्त्व बढेर जानेछ भन्ने आशा व्यक्त गर्नु भएको थियो। विगतमा अदालतमा रकमी भाषाको प्रयोग गर्ने गरिएकोमा बुझ्नै कठिन थियो तर अहिले आएर भाषिक प्रशिक्षणले फैसला लेखनलगायतका भाषिक प्रचलनमा सरलता महसुस गर्न सकिने अवस्था आएको र प्रशिक्षणले कानूनी नेपाली भाषामा समेत शुद्धता हुँदै गएको अनुभूति गर्न सकिने अवस्था आंकलन गर्न थालिएको छ । कानूनी भाषा बढी क्लिस्ट र सेवाग्राहीले बुझ्न गाह्रो भएकाले सरल भाषाको प्रयोग गर्ने र द्वी अर्थी दिने खालका शब्दको प्रयोग नगरी शुद्ध शब्द चयन गरेर फैसलालगायत अदालती कागजातमा सरल भाषाको प्रयोग गर्नुपर्छ । भाषालाई अझ बुझ्न सक्ने गरी शुद्ध ह्रस्व दीर्घको प्रयोग गर्न सकेमा भाषिक शुद्धतामा सुनमा सुगन्ध हुनसक्ने विचारसमेत व्यक्त गर्दै यो ३ दिने भाषिक प्रशिक्षणले सहभागीहरूलाई कानूनी नेपाली भाषाको क्षेत्रमा थप ऊर्जासमेत मिल्ने तर्क राख्नु भएको थियो । उहाँले प्रशिक्षण कार्यक्रमको उद्घाटन सत्रको समापन गर्नुहुँदै प्रशिक्षण कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै उद्घाटन कार्यक्रम सत्रको समापन गर्नुभएको थियो ।

समापन सत्रका क्रममा सम्पादक श्री गजेन्द्रबहादुर सिँहले सहभागीहरूद्वारा भरिएको मत सर्वेक्षण फाराम तथा त्यसमा औँल्याइएका

सुझावहरूमाथि जवाफ दिनुहुँदै ३ दिने प्रशिक्षण कार्यक्रमलाई संभव भएसम्म केही दिन थप्ने प्रयास गर्ने र यो प्रशिक्षणले सहभागीहरूलाई पक्कै पनि भाषिक ज्ञान, सीपमा वृद्धि गरेको महशुश व्यक्त गर्दै आफूले सिकेका ज्ञान, सीपलाई कार्य थलोमा गएर प्रयोग गर्नुहुनेछ भन्दै सम्पूर्ण सहभागीहरूलाई धन्यवादसमेत दिनु भएको थियो।

मिति २०७३।९।५, ६ र ७ गते ३ दिनसम्म सञ्चालन भएको उक्त भाषिक प्रशिक्षण कार्यक्रममा सम्पादक श्री गजेन्द्रबहादुर सिँहले कानूनी नेपाल भाषाको अध्ययन आवश्यकता र महत्त्व तथा फैसला टिपोट दृष्टान्त र सुधार, आदेश, लेखन तथा भाषिक पक्ष, प्रशिक्षक श्री रामचन्द्र फुयालले भाषाको सैद्धान्तिक परिचय, भाषिक



प्रशिक्षण दिनुहुँदै स्रोतव्यक्ति श्री रामचन्द्र फुयाल

भेद, कानूनी नेपाली शब्दको निर्माण प्रकृया उपसर्ग-परसर्ग वर्ण विन्यासको परिचय, ह्रस्वदीर्घसम्बन्धी नियम र यसको प्रयोग, वर्णहरूको सही प्रयोग (श, ष, स, क्ष्य, छ्य, क्ष... आदि) शब्दमा हलन्त र अजन्तको प्रयोग, पञ्चम वर्णसम्बन्धी नियम, पदयोग र पदवियोग, साधित तथा असाधित शब्द र शब्द प्रयोग, फैसला लेखनमा शुद्धतासम्बन्धी अभ्यास र शाखाअधिकृत श्री मिनबहादुर कुँवरले फैसला लेखनमा कानूनी भाषाको महत्त्वको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन तथा संयोजन शाखा अधिकृत मिनबहादुर कुँवरले गर्नुभएको थियो।

**कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरू:**

| सि. नं. | कर्मचारीको नाम थर | पद | कार्यरत कार्यालय/अदालत |
|---|---|---|---|
| १. | श्री कुलप्रसाद दाहाल | स्रेस्तेदार शाखाअधिकृत | दोलखा जिल्ला अदालत |
| २. | श्री कृष्णमुरारी भण्डारी | नायब सुब्बा | दोलखा जिल्ला अदालत |
| ३. | श्री अर्जुनप्रसाद रिमाल | नायब सुब्बा | दोलखा जिल्ला अदालत |
| ४. | श्री राजकुमार श्रेष्ठ | नायब सुब्बा | दोलखा जिल्ला अदालत |

| | | | |
|---|---|---|---|
| ५. | श्री कृष्णबहादुर श्रेष्ठ | टाइपिष्ट नायब सुब्बा | दोलखा जिल्ला अदालत |
| ६. | श्री सुरेन्द्र बस्नेत | सिनियर सपोर्ट पर्सन | दोलखा जिल्ला अदालत |
| ७. | श्री पदमबहादुर नेपाल | डिट्ठा | दोलखा जिल्ला अदालत |
| ८. | श्री सविन गुरागाइँ | डिट्ठा | दोलखा जिल्ला अदालत |
| ९. | श्री हरि घिताल | डिट्ठा | दोलखा जिल्ला अदालत |
| १०. | श्री शान्ता बस्नेत | डिट्ठा | दोलखा जिल्ला अदालत |
| ११. | श्री मधुकर थापा | डिट्ठा | दोलखा जिल्ला अदालत |
| १२. | श्री दुर्गाकुमारी न्यौपाने | डिट्ठा | दोलखा जिल्ला अदालत |
| १३. | श्री कृष्ण प्रसाद पौडेल | तामेलदार | दोलखा जिल्ला अदालत |
| १४. | श्री ईश्वरकुमार चापागाइँ | तामेलदार | दोलखा जिल्ला अदालत |
| १५. | श्री जीवनज्योति भण्डारी | तामेलदार | दोलखा जिल्ला अदालत |
| १६. | श्री सुनिता चर्माकार | तामेलदार | दोलखा जिल्ला अदालत |
| १७. | श्री सीताराम बस्नेत | तामेलदार | दोलखा जिल्ला अदालत |
| १८. | श्री सुमना थापा | खरिदार | जिल्ला प्र.कार्यालय दोलखा |
| १९. | श्री सरिता भण्डारी | सहायक कम्प्युटर अपरेटर | जि.स.व.कार्यालय दोलखा |
| २०. | श्री टंकप्रसाद कोइराला | नायब सुब्बा | मालपोत कार्यालय दोलखा |
| २१. | श्री यज्ञानन्द प्रसाद साह | प्र.ना.नि. | जिल्ला प्रहरी कार्यालय, दोलखा |
| २२. | श्री शिवजी खड्का | डिट्ठा | रामेछाप जिल्ला अदालत |
| २३. | श्री छविलाल वली | डिट्ठा | रामेछाप जिल्ला अदालत |
| २४. | श्री शंकर सापकोटा | कम्प्युटर अपरेटर | रामेछाप जिल्ला अदालत |
| २५. | श्री श्यामबहादुर भुजेल | तामेलदार | रामेछाप जिल्ला अदालत |



कार्यक्रमका सहभागीहरू सामूहिक तस्वीर खिचाउँदै